# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ५, अङ्क ३८, पूर्णाङ्क २३३ | २०७६ चैत ५ गते बुधबार | Wednesday, 18 Mar 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका केन्द्रीय सदस्य श्रेष्ठ रिहा



**बुटवल** : नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य बसन्त श्रेष्ठ 'प्रज्वलन' रिहा भएका छन् । उच्च अदालत तुल्सीपुर दाङको बुटवल इजलासको आदेशमा श्रेष्ठ रिहा भएका हुन् । फागुन २० गते रूपन्देही जिल्ला अदालतले बम विष्फोटको मुद्दामा सफाई दिएपनि भैरहवा कारागारबाटै प्रहरीले गिरफ्तार गरेर श्रेष्ठलाई नवलपरासी लिएको थियो ।

केन्द्रीय सदस्य श्रेष्ठलाई गत चैत ९ गते सो पार्टीका स्थायी समिति सदस्य सुर्दशन सँगै काभ्रेबाट प्रहरीले गिरफ्तार गरेको थियो । यस अघि अदालतले श्रेष्ठलाई पटक पटक रिहाईको आदेश गरेपनि प्रहरीले गिरफ्तार गरेको थियो ।

# हल्लामै सीमित वार्ताको बहस

■ **रातोखबर संवाददाता**/काठमाडौं

केपी वली सरकार र नेकपाबीच वार्ताको बहस एकपटक फेरि उछालिएको छ र त्यो बहस पानीको फोकोझैं हराएको सर्वत्र देखिएको छ । वली नेतृत्वको वर्तमान सरकारले नेकपासँग वार्ताको प्रयास भइरहेको बताउँदै आएको छ भने नेकपाका सयौं नेता-कार्यकर्तालाई गिरफ्तार गर्ने, हत्या गर्ने र झूट्टा मुद्दा लगाउने कार्यलाई तीव्रता दिएको छ ।

गएको असारमा सर्लाहीमा गरिएको नेकपा नेता कुमार पौडेलको गैरन्यायिक हत्या र हालै सर्वोच्च अदालतद्वारा प्रहरी अधिकारीद्वारा अदालतको मानहानि गरिएको आरोपको घटनाले सरकार वार्ताको हल्ला गरेर दमनको नीतिमा तल्लीन रहेको देखिन्छ । सरकारकै अङ्गका रूपमा रहेका संवैधानिक निकायहरू सर्वोच्च अदालत र राष्ट्रिय मानवअधिकार आयोगका प्रतिवेदन तथा निष्कर्षहरूले सरकार राजनीतिक समस्याको शान्तिपूर्ण समाधान चाहन्न भन्ने देखाएका छन् । आफ्नो गैरप्रजातान्त्रिक चरित्र छोप्न र वार्ताप्रेमी जनमतलाई भ्रमित पार्न मात्र सरकारले वार्ताको चर्चा गरिरहेको नेकपाका नेताहरूको बुझाइ छ ।

नेकपाले सरकारसँगको वार्तालाई नीतिगत रूपमा स्वीकार गरेको बताइरहेको छ तर सरकारले वार्ताविरोधी पूर्वसर्तहरू राखेको छ । समस्या समाधान गरेर होइन, समस्या समाधान गर्न वार्ताको आवश्यकता पर्दछ । वार्ताको वातावरण नबन्नुमा सत्तारूढ पार्टीको गुटगत सङ्घर्ष पनि जिम्मेवार छ । सत्तारूढ पार्टीमा नेकपा र उसले उठाएका प्रश्नहरुलाई हेर्ने एकीकृत दृष्टिकोण र योजना नै देखिन्न । एउटा गुटले वार्ताको प्रयास गर्दा अर्को गुटले भाँड्ने दाउपेच छ । कतिपय नेताहरूले वार्ताको बहसलाई स्वार्थलम्पट चस्माले हेरेको पनि नेकपाको आरोप छ । सत्तारूढ पार्टी, सरकारका विभिन्न तहका व्यक्ति तथा नेताहरू र नेकपाका विभिन्न नेताहरूबीच समयसमयमा वार्ता प्रयासका निम्ति भेटघाट र विचारविमर्श भएका समाचारहरू पनि आउने गरेका छन् । तर ती चर्चाहरू पानीका फोकासरह भएको देखिन्छ । सरकार दमनद्वारा थकाउने र गलाउने रणनीतिमा दृढ छ भने नेकपाले प्रतिरोध गर्ने बताइरहेको छ । परिस्थिति कुनै पनि बेला भड्किन सक्छ, नियन्त्रणबाहिर जानसक्छ । तर सरकार भने जिम्मेवार ढङ्गले प्रस्तुत भइरहेको छैन । सरकारले नेकपाले उठाएका मुद्दाहरू गैरराजनीतिक र राष्ट्रियताविरोधी भएको भनेर पुष्टि गर्न र दमनको नीति सही भएको बताउन पनि सकेको छैन ।

> *गएको असारमा सर्लाहीमा गरिएको नेकपा नेता कुमार पौडेलको गैरन्यायिक हत्या र हालै सर्वोच्च अदालतद्वारा प्रहरी अधिकारीद्वारा अदालतको मानहानि गरिएको आरोपको घटनाले सरकार वार्ताको हल्ला गरेर दमनको नीतिमा तल्लीन रहेको देखिन्छ ।*

वली नेतृत्वको सरकारले नेकपालाई प्रतिबन्ध लगाएको एक वर्ष नाघिसकेको छ । सरकारले गएको चैत मसान्तभित्र नेकपालाई नियन्त्रण गर्ने दाबी गरेको थियो तर सरकार पूर्णतः असफल भएको देखिएको छ । न त सरकारले आफ्नो दाबीअनुसार शान्ति र समृद्धि नै प्रत्याभूत गर्न सकेको छ, बरु प्रम वली र उनका निकट मन्त्रीहरू नै एकपछि अर्को ठूलाठूला भ्रष्टाचारमा मुछिएका छन् । भारतद्वारा कब्जा गरिएको भूमि फिर्ता लिने कार्यमा सरकार गैरजिम्मेवार र नालायक भएको प्रतिपक्षीको आरोप छ । सरकारले आफ्नै संसद्को विषयगत समितिले निर्देशन गरेको कब्जा गरिएको भूमिसहितको नक्सा सार्वजनिक गर्नसमेत चाहेको देखिन्न । विकासको पूर्वाधार निर्माण गर्ने नाममा देशलाई अनौपचारिक भाडामा दिने स्वेच्छिक औपनिवेशिकताको दिशामा सरकार उन्मुख छ । एमसीसीका नाममा देशलाई शक्ति राष्ट्रहरूको खेलमैदान बनाउन सरकार उद्यत भएको आरोप सत्तारूढ दलभित्रैबाट लगाइएको छ ।

त्यसो त प्रम वलीको स्वास्थ्यस्थिति देशको कार्यकारी प्रमुख रहिरहने स्थितिमा छैन । वलीको कुर्सीमोहले देश अकर्मण्यताको बन्दी बनिरहेको छ । तर सत्तारूढ पार्टी आफैं निर्णयहीन र निरीह अवस्थामा छ । मान्छेका मानसिक अवस्थाहरू उसका भौतिक अवस्थाका प्रतिबिम्ब हुन् । त्यसकारण पनि सत्तारूढ पार्टीले राजनीतिक समस्याको क्रमभङ्ग गर्नसक्ने अवस्था छैन । 'भिडियो कन्फ्रेन्स' ले देश चलाएको स्वाङ गर्नुले देशलाई थप बर्बादीमा धकेल्नुबाहेक अरू केही दिनेवाला छैन । यस्तो अकर्मण्य, संवेदनहीन, गैरजिम्मेवार, राष्ट्रहितविरोधी, भ्रष्ट, अक्षम र सपनाहीन प्रम वली र उनको नेतृत्वको सरकारले राजनीतिक समस्या समाधानका लागि वार्ताको सार्थक प्रयास गर्ला भन्ने विश्वास गर्ने आधार छैन । त्यसकारण वार्ताको बहस मौसमी हल्लामै

... बाँकी पृष्ठ ७ मा

## कोरोना महामारीको फाइदा उठाएर कालोबजारी गर्नेहरूको बिगबिगी



**काठमाडौँ** : कोरोना भाइरसको सङ्क्रमण र महामारी बढेसँगै नेपाली बजारमा अत्यावश्यक वस्तुहरूको आयात-निर्यातमा कुनै असर नपरे पनि कालोबजारी गर्नेहरूको बिगबिगी भने निकै बढेको छ । कोरोना भाइरस महामारीले मानिसहरूमा त्रास बढिरहेको अवस्थाको फाइदा उठाउँदै नेपालमा कालोबजारियाहरू निकै

... बाँकी पृष्ठ ७ मा

## पूर्वमन्त्री बास्कोटाको घरमा आक्रमण



पूर्वसूचना तथा प्रविधिमन्त्री तथा सरकारका प्रवक्तासमेत रहेका गोकुलप्रसाद बास्कोटाको निर्माणाधीन भवनमा फागुन २८ गते बम विस्फोट भएको छ । विप्लव नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाइएको ठीक

... बाँकी पृष्ठ ७ मा

### चीनको बुहानबाट फर्किएका डाक्टर भन्छन्–

## समयमै सतर्कता अपनाइएन भने नेपाल युरोप हुने खतरा छ

■ **रातोखबर संवाददाता**/काठमाडौं

विश्वभरि नै महामारीका रूपमा फैलिरहेको कोरोना भाइरसबारे समयमै सतर्कता अपनाउन नसके कुनै दिन पनि दुर्घटना हुनसक्ने चेतावनी डाक्टरहरूले दिएका छन् । कोरोना भाइरसको उद्गम चीनको बुहानबाट फर्किएका डा. रमेश आचार्यले हल्ला बढी भए पनि नेपालमा पर्याप्त मात्रामा पूर्वतयारी निकै कम भएको बताएका छन् ।

काठमाडौँको संवाद डबलीमा सोमबार पत्रकार सम्मेलन गर्दै डा. आचार्यले युरोपले पूर्वतयारीमा लापर्बाही गर्दा अहिले महामारीको सामना गर्नुपरेको बताए । उनले त्यो अवस्था नेपालमा पनि नआउला भन्न नसकिने पनि प्रस्ट पारे । चीनले कोरोना भाइरससँग लडिरहेको बेला युरोपका केही




देश पूर्वतयारीमा लाग्न छोडेर मिडियाले फैलाएको अफवाहमा रमाएको र त्यसैको

... बाँकी पृष्ठ ७ मा

## जनसरकारको आदेशबिना बनफडानी गरे जनकारबाही : नेकपा

नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरोले प्रेस विज्ञप्ति जारी गरी पार्टी र पार्टीको सत्ता जनपरिषद्को सहमति र स्वीकृतिबिना कथित वैज्ञानिक बनका नाममा भइरहेको बन फडानी कडाइसाथ रोक्न सरोकारवाला निकाय, आमउपभोक्ता र स्थानीय पार्टीलाई अपिल गरेको छ । पार्टीका ब्युरो इन्चार्ज निर्माणले स्वीकृतिबिना बन फडानी गर्ने दलाल राजनीतिककर्मी, कमिसनखोर कर्मचारी, नाफाखोर सामुदायिक बन समिति र बन माफिया काठ व्यवसायीमाथि सत्ताले जनकारबाही गर्ने चेतावनी पनि दिएका छन् ।

ब्युरो इन्चार्ज निर्माणद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारले कथित वैज्ञानिक बन व्यवस्थापनका नाममा गरिरहेको बन फडानीप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । नीतिगत र व्यावहारिक दुवै दृष्टिकोणले यो वैज्ञानिक हैन, अवैज्ञानिक छ । यस विषयमा हाम्रो पार्टीले प्रेस विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गरिसकेको छ । यसलाई कडाइका साथ रोक्न जिल्ला पार्टीलाई निर्देशन दिइसकेको छ र जनतालाई पनि यसको खारेजीमा अघि बढ्न हार्दिक अपिल गरिन्छ ।'

इन्चार्जको विज्ञप्तिमा अगाडि भनिएको छ, 'पार्टीसँग सहमति भएको गलत प्रचार गरी कैलालीलगायत केही

... बाँकी पृष्ठ ७ मा

## कोरोना चीनमा घट्दै, अन्यत्र फैलिँदै

**समाचार विश्लेषण**

कोरोना जीवाणु रोग (कोभिड १९) चीनको हुवेई प्रान्तको हुवान सहरबाट विश्वभरि फैलिएको विश्वास गरिएको छ । तर चीनले कोरोना जीवाणु रोग चीनबाट फैलिएको पुष्टि नभएको बताएको छ । जलवायु परिवर्तनका कारण हिमक्षेत्रमा रहेको जीवाणु मानवबस्तीमा प्रवेश गरेको कतिपयको तर्क छ । चीनसँगको व्यापारयुद्धमा हार्दै गएको संयुक्त राज्य अमेरिकाले 'जैविक क्षेप्यास्त्र' प्रयोग गरेको चर्चा पनि छ । अमेरिकाले भियतनाम युद्धमा जैविक क्षेप्यास्त्र प्रयोग गरेको थियो । सिरियाले विद्रोहीका विरुद्ध जैविक हतियार प्रयोग गरेको आरोप लाग्ने गरेको छ । त्यस्तै पशु, पक्षी वा सामुद्रिक प्राणीबाट मान्छेमा कोरोना जीवाणु फैलिएको कतिपय चिकित्सकको दाबी छ । कोरोना जीवाणु रोगको सर्वमान्य धारणा बनिसकेको छैन । जैविक हतियार लक्षित क्षेत्रमा मात्र सीमित रहन्छ भन्ने छैन ।

चीनमा झन्डै नियन्त्रणमा आइसके झन्डै कोरोना जीवाणु रोग को छ । जनजीवन सामान्य हुँदै गएको छ । चीनका राष्ट्रपति सी जिङपिङले युहानको एक अस्पताल भ्रमण गरेर त्यसको पुष्टि गरेका छन् । चीनले १ महिनाभित्रै यो रोगको खोप निर्माण गर्ने दाबी गरेको छ भने अमेरिका र अस्ट्रेलियाका वैज्ञानिकहरूले एक वर्षभित्र खोप बनाउने दाबी गरेका छन् । चीनमा कोरोना जीवाणु रोगले गाँजेको समयमा पश्चिमी देशहरूले चिनियाँ शासन प्रणालीका विरुद्ध कोरोना जीवाणु रोग प्रकरणलाई प्रयोग गर्न खोजे । अध्यक्ष माओको तस्बिरमा मुखौटो लगाएर जनआस्थामाथि नै प्रहार गरेका थिए । अहिले चीनमा उक्त रोग नियन्त्रण भएको र अन्यत्र फैलिँदै गएको समयमा चीनले आफ्नो देशको अनुभव लुकाएर मानवीय भावनासम्म नदेखाएको आरोप लगाएका छन् । तर चीनको

... बाँकी पृष्ठ ७ मा

## अदालत र सुरक्षा निकायबीच गम्भीर मतान्तर

**अदालत भन्छ– फरक राजनीतिक आस्थाकै आधारमा गिरफ्तार गर्न मिल्दैन**

**आईजीपी ज्ञवाली भन्छन्– मेरा तर्फबाट यसो भएको छैन**

■ **रातोखबर संवाददाता**/काठमाडौं

सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएको १ वर्ष पुगेको छ । गत वर्ष फागुन १० गते ललितपुरको नख्खुमा रहेको एनसेलको केन्द्रीय कार्यालयमा भएको बम विस्फोटको घटनापछि फागुन २८ गते सरकारले नेकपामाथि प्रतिबन्ध लगाएको थियो । प्रतिबन्ध लगाएयता सरकारद्वारा नेकपाका नेताहरू कुमार पौडेल, निरकुमार राईलगायत मारिएका छन् । नेकपाका एक हजारभन्दा बढी नेता-कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेर जेल र हिरासतमा बन्दी बनायो । तीमध्ये केन्द्रीय सदस्य वसन्त श्रेष्ठसहित कतिपय नेता-कार्यकर्ता मुद्दाकै प्रक्रियाबाट ठूलो सङ्ख्यामा रिहा भए पनि हेमन्तप्रकाश ओली 'सुदर्शन', चन्द्रबहादुर चन्द 'वीरजङ्ग', उमा भुजेल 'शिलु', भरत बम 'रणवीर', माइला लामालगायत धेरै नेता-कार्यकर्ता बन्दी अवस्थामा छन् । प्रहरीले गिरफ्तार गरेका मध्ये एक सय ४० भन्दा बढी नेकपाका नेता-कार्यकर्तालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ ।

फरक राजनीतिक आस्था र विचार राखेकै कारण गिरफ्तार गरिएका नेकपाका नेता-कार्यकर्ताहरूलाई पर्याप्त आधार र प्रमाण नपुगेपछि अदालतले रिहाइको आदेश दिने गरेको छ तर अदालतले रिहाइको आदेश गरेलगत्तै प्रहरीले एउटै व्यक्तिलाई पटकपटक अदालत परिसरबाटै गिरफ्तार गर्ने क्रम जारी राखेको छ । प्रतिबन्धका १वर्षको अवधिमा प्रहरीले एउटै व्यक्तिलाइ ९ पटकसम्म गिरफ्तार गरेको तथ्य छ । कुनै पनि व्यक्तिले फरक राजनीतिक आस्था र विचार राखेकै कारण पर्याप्त आधार र कारणबिना नै प्रहरीले पटकपटक गिरफ्तार गरिरहेको छ र व्यक्तिले आफू सम्बद्ध राजनीतिक पार्टी छोडैं नभन्दासम्म प्रहरीले छोडेको छैन ।

... बाँकी पृष्ठ ४ मा

## श्रमिक महिला दिवसका अवसरमा

**देश/परिवेश**

■ विप्लव



नेपालमा यो वर्षको श्रमिक महिला दिवस विशिष्ट खालको रह्यो । कारण एकथरी महिलाहरूले केवल वक्तव्यबाजी गरेर मनाए तर वास्तविक नेपाली श्रमिक महिलाहरूको नेतृत्वदायी सङ्गठन अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष बन्धु चन्द, महासचिव धीरेन्द्राकुमारी उपाध्याय ' भृकुटी', कम्युनिस्ट पार्टीकी नेता कमरेड शिलुसहित दर्जनौं महिला नेता-कार्यकर्ताहरूले कम्युनिस्ट नामधारी केपी सरकारको जेल र हिरासतभित्र श्रमिक महिला दिवस मनाउनुभयो । दमन गर्दागर्दै पनि महिला सङ्घका अन्य नेताहरूले श्रमिक महिलाहरूसँग दिवस मनाए ।

यसो त श्रमिक महिला दिवसको इतिहास पुँजीवादी उत्पीडन, महिला अधिकार, कम्युनिस्ट चेतना र विद्रोहसँग जोडिएको छ । विभेद, शोषण, उत्पीडनका विरुद्ध रक्तरञ्जित विद्रोहसँग गाँसिएको छ । श्रमिक महिला दिवस मनाउनुको अर्थ र सार्थकता पनि यही गौरवपूर्ण सङ्घर्षको मूल्यबोधसँग जोडिन्छ ।

नेपालमा महिलाहरूमाथि केही वर्ष पहिलेसम्म कति विभेद, शोषण, दमन थियो, उल्लेख गर्न पनि डर लाग्ने खालको छ । परिवार र समाजमा महिलाहरू पुरुष र श्रीमान्का लागि उपभोग्य वस्तु थिए । उनीहरूको काम भनेको श्रम गर्नु मात्र थियो । सत्ता, सम्पत्ति र शिक्षामाथि कानुनी रूपले नै महिलाहरूलाई कुनै अधिकार थिएन । श्रीमान् मर्दा स्वर्गका लागि सँगै चितामा जल्नुपर्ने विवशता थियो । महिलामाथिका यी शोषण, उत्पीडनको संरक्षक नै राज्यसत्ता थियो । विद्रोह, बलिदान र विभिन्न परिवर्तनका कारण श्रमिक महिलाहरूले अति उत्पीडनबाट केही मुक्ति र अधिकार पाउँदै आएका छन् । खासगरी २००७ सालको विद्रोह र परिवर्तन, पञ्चायतविरुद्ध भएका सङ्घर्षहरू, २०५२ सालदेखि २०६३ सालसम्म चलेको जनयुद्ध र महत्वपूर्ण जागरण एवम् परिवर्तनले गर्दा महिलाहहरूले केही महत्वपूर्ण अधिकारहरू प्राप्त गरेका छन् । मुख्य रूपले अहिले महिलाहरूले शिक्षा, राजनीति र आर्थिक क्षेत्रमा केही न केही कार्य गर्ने मौका प्राप्त गरेका छन् । हुन पनि ती विद्रोह, आन्दोलन र क्रान्तिमा महिलाहरूको सहभागिता पुरुषसमान नै रहँदै आएको छ । खासगरी जनयुद्धमा सबैभन्दा तीव्रता र व्यापकतामा महिला सहभागिता रहेको थियो । त्यसमा अभूतपूर्व कार्यहरू महिला वीराङ्गनाहरूबाट गरिए ।

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# दलाल सरकारको चौतर्फी प्रतिरोध र सांस्कृतिक प्रतिरोध दिवस

केपी वली सरकारले नेकपामाथि प्रतिबन्ध लादेको एक वर्ष पूरा भएको छ। यो एक वर्षमा एकीकृत जनक्रान्तिमा लामबद्ध कमरेड कुमार, तीर्थ, नीरकुमारलगायत नेकपाका दसजना होनहार योद्धाले सामाजिक दलाल पुँजीवादी सरकार र सत्ताको प्रतिरोध गर्दागर्दै बलिदान दिएका छन्। नेकपाका तत्कालीन स्थायी समिति सदस्य कमरेड सुदर्शनसहित करिब दुई हजार नेता-कार्यकर्ताले दलाल पुँजीवादी व्यवस्थाको सामाजिक फासिवादी सरकारका जेल, नेल, हिरासत र कठोर शारीरिक-मानसिक यातनाको प्रतिरोध गरेका छन्। दलाल सत्ताको प्रतिरोध गर्न नसकेर कतिपय अवसरवादी नेता-कार्यकर्ताले पलायन र गद्दारीको बाटो पनि समातेका छन्। फासिवादी सत्तासँगको प्रतिरोधका यी एक वर्ष क्रान्तिकारी जीवनमा केही कष्टकर भए पनि श्रेष्ठ साबित भएका छन्। श्रमिक-सर्वहारावर्गको खुसी र मुक्तिका लागि व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर हाँसीहाँसी बलिदान गर्ने, बलिदानको बाटोमा सगर्व लामबद्ध हुने, जस्तासुकै कठिन परिस्थितिको पनि डटेर सामना गर्ने, एकीकृत जनक्रान्तिको महान् यात्रामा त्याग, शौर्य र समर्पण देखाउने, प्रतिरोधका लागि हरदम तत्पर, इमानदार र क्रान्तिकारी योद्धाहरूप्रति हार्दिक अभिवादन प्रकट गर्दछौँ र आत्मसमर्पणवादी तथा दलाल केपी-पीके सरकारको टाङमुनि लम्पसार पर्न जाने कायरहरूप्रति चरम घृणा व्यक्त गर्दछौँ।

दस वर्षसम्म सञ्चालित महान् जनयुद्धका क्रममा दसौँ हजार क्रान्तिकारी योद्धाहरूले तत्कालीन फासिस्ट सत्ता र सरकारका विरुद्ध आफूलाई विस्फोट गराएर प्रतिरोधका किल्लाहरू तयार पारेका थिए। २०५५ साल चैत ५ गते काभ्रेको अनेकोटमा सातजना जनकलाकारले देखाएको अभूतपूर्व त्याग, शौर्य, क्रान्तिप्रतिको समर्पण, प्रतिबद्धता र फासिस्ट सत्ताको प्रतिरोध गर्दागर्दै उनीहरूले गरेको बलिदान नेपाली क्रान्तिको इतिहासमा अमिट छ। च्याङ्बा लामा, गुम्बसिंह तामाङ, मञ्जु कुँवर, निर्मला देवकोटा, चिनीमाया तामाङ, सुभद्रा सापकोटा, डम्बर श्रेष्ठसहित सातजना कलाकार पार्टीकामको सिलसिलामा सांस्कृतिक अभियानकै क्रममा काभ्रेको अनेकोटमा एक घरमा सुरक्षित बास (सेल्टर) बसिरहेको अवस्थामा एमालेका जिल्लास्तरका नेताहरूको सुराकीका आधारमा तत्कालीन सत्ताले घरभित्रै आगो लगाएर र निहत्था प्रतिरोध गर्दागर्दैको अवस्थामा गोली हानेर कायरतापूर्ण हत्या गऱ्यो। अनेकोटको भूमि सातजना जनकलाकारको रगतले रङ्गियो। कलाकारहरूले नेकपा माओवादी जिन्दावाद, महान् जनयुद्ध जिन्दावादको नारा लगाउँदै मुठी उठाएर अन्तिम सास फेरे तर तत्कालीन सत्ताका विरुद्ध आत्मसमर्पण गरेनन्। जनयुद्धको इतिहासमै संस्कृतिकर्मीहरूले गरेको यो प्रतिरोध र बलिदान अद्वितीय रह्यो। पार्टीले यो प्रतिरोधको इतिहास कायम राख्न र प्रतिरोधका लागि ऊर्जा थप्न हरेक वर्ष चैत ५ गतेलाई सांस्कृतिक प्रतिरोध दिवसका रूपमा स्थापित गऱ्यो। जनयुद्धको असली उत्तराधिकारी नेकपा र नेकपाको सांस्कृतिक मोर्चाले हरेक वर्ष त्यो इतिहास, त्यो ऊर्जा, त्याग, शौर्य र बलिदानलाई एक ऐतिहासिक जनपर्वका रूपमा मनाउँदै आएको छ।

हिजो योद्धाहरुले प्रतिरोध र बलिदानको कीर्तिमान कायम गरेर नायक र नेता बनाएका प्रचण्डहरु फेरि दलाल सत्ताका रक्षकका रुपमा प्रतिक्रान्तिकारी बनेका छन् र अनेकोटहरुमा योद्धाहरुको हत्या गराउने एमालेसँगै बिलाएका छन्। केपी सरकारले नेकपा र उसका जनवर्गीय सङ्गठनहरूमाथि गतवर्ष फागुन २८ गते प्रतिबन्ध लगाएपछि सांस्कृतिक प्रतिरोध दिवस पनि क्रान्तिकै मैदानमा मनाउने गरिएको छ। यो वर्ष पनि क्रान्तिमैदानमै प्रतिरोध दिवस मनाइएको छ। हामी अनेकोटमा तत्कालीन फासिवादी सत्ताको प्रतिरोध गर्दागर्दै बलिदान गर्ने ती महान् सांस्कृतिक सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै त्यो बलिदानको स्पिरिटलाई एकीकृत जनक्रान्तिको मैदानमा पनि जीवन/व्यवहार बनाउने प्रतिबद्धता व्यक्त गर्दछौँ।

अनेकोटलगायत देशभर फासिवादी सत्ताको प्रतिरोध गर्दागर्दै बलिदान गर्ने दसौँ हजार सहिदको रगतमा टेकेर आएका प्रचण्ड, बाबुराम र बादलहरूले आज त्यो बलिदानलाई बिर्सेका मात्र छैनन्, त्यसको घोर अपमान, घृणा र तिरस्कार गरेका छन्। सत्ताशक्तिको दुरुपयोग गर्दै उनीहरूले आज बलिदानको महान् यात्रालाई आत्मसात गर्नबाट अवरुद्ध गर्ने धृष्टता पनि गरेका छन्। केपी वली सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध, एकीकृत जनक्रान्तिमा लामबद्ध ११ जना योद्धाहरूको हत्या र बलिदान, सरकारका भ्रष्ट प्रवक्ता गोकुल बास्कोटामाथिको कारबाहीपछि प्रचण्डले निकालेको कायरतापूर्ण विज्ञप्ति त्यसैका उपज हुन्। हिजोका सत्ताहरूले पनि क्रान्ति अभियानमा लामबद्ध हुनेहरूलाई दिने उपमा भनेको आतङ्ककारी नै थियो र आज पनि प्रचण्डले क्रान्तिकारीहरूलाई आतङ्ककारीको पगरी नै गुथाएका छन्। सरकारले नेकपामाथि लगाएको प्रतिबन्ध पानीको फोकाझैँ निष्प्रभावी भएर फुटेपछि संसारभर भ्रष्टाचारी, हत्यारा र राष्ट्रघातीका रूपमा चित्रित रबदनाम केपी-पीके सरकार आज नेकपामाथि प्रतिबन्ध लगाएर, नेकपाका नेता-कार्यकर्ताको हत्या गरेर, नेता-कार्यकर्तामाथि झूट्टा मुद्दा थोपर्दै जेल-हिरासतमा सडाएर र नेकपा र उसका क्रियाकलापलाई आतङ्ककारी ठहर गरेर पानीमाथिको ओभानो बन्ने दुष्चेष्टा गरिरहेको छ। राष्ट्रघात, आत्मसमर्पण, हत्या, लूट, व्यभिचार, भ्रष्टाचार र बलात्कारका दर्जनौँ काण्डैकाण्डको चाङमा पुरिएको वली सरकार र सरकारी नेकपाका द्वितीय अध्यक्ष पुष्पकमल दाहालका पछिल्ला गतिविधि हतास मनस्थितिका अभिव्यक्ति र उपज हुन्। यो सरकार मात्र होइन, दलाल संसदीय व्यवस्था नै जनप्रतिरोधका कारण धुलीसात, खण्डहर र जीर्ण बनिसकेको छ। जनयुद्धमा योद्धाहरूले देखाएको प्रतिरोधको कौशल आज एकीकृत जनक्रान्तिमा पनि योद्धाहरूले देखाइरहेका छन्। यसको अर्थ हो- वली सरकार र यसको टेको यो दलाल संसदीय व्यवस्था जनताको शक्तिशाली प्रतिरोधको एक धक्का कुरेर बसेको छ। मुलुक यो दलाल पुँजीवादको चिहानमा झुल्किने वैज्ञानिक समाजवादको पहिलो किरणको पर्खाइमा छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरूमा आन्दोलनमा लामबद्ध सबै पक्षले यो सत्यलाई आत्मसात गर्दै अब एकीकृत जनक्रान्तिको प्रतिरोध अभियानमा सामेल हुनु आवश्यक छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# प्रतिबन्धको एक वर्ष : अवस्था र अनुभूति


चिरन पुन 'मिलन'

*विषय आरम्भ*
*अनुभूति एक*
*सपनाका यात्रीहरू (सपना) जोगाउनुपर्छ*
*सपनामै जिउँछ जीवन*
*सपनामै रम्छ जीवन*
*सपनाका यात्रीहरू (सपना) जोगाउनुपर्छ*

*सपना बाँचे जीवन बाँच्छ, सपना मरे जीवन मर्छ*
*सपनाहरू मर्न नदेऊ*
*सपनाहरू झर्न नदेऊ*
*सपनाका यात्रीहरू (सपना) जोगाउनुपर्छ*
***– विप्लव***

हाम्रो गौरवशाली तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीका आदरणीय महासचिव कमरेड विप्लवले लेख्नुभएका निकै सुन्दर/मर्मस्पर्शी र समयसान्दर्भिक गीतका केही हरफहरूबाट यो लेखको विषय आरम्भ गरिएको छ। हामी सुन्दर सपनाका यात्रीहरू हौँ। हामीले सपनाहरू जोगाउनुपर्छ। सपनामै जीवनहरू जिउँछन्। सपनामै जीवनहरू चल्छन्। सपनामै जीवनहरू रम्छन्। सपनामै जीवनहरू बाँच्छन्। सपनामै जीवनहरू मर्छन्। सपनामै जीवनहरू झर्छन्। सपना बाँचे जीवनहरू बाँच्छन्। सपना मरे जीवनहरू पनि मर्छन्। त्यसैले त आदरणीय महासचिव कमरेड भन्नुहुन्छ, 'सपना बाँचे जीवन बाँच्छ, सपना मरे जीवन मर्छ। सपनाहरू मर्न नदेऊ। सपनाहरू झर्न नदेऊ। सपनाका यात्रीहरू (सपना) जोगाउनुपर्छ।'

महासचिव कमरेडले अति सुन्दर ढङ्गले गीतका शब्दहरूमार्फत बताउनुभएजस्तै हाम्रो सुन्दर लक्ष्य छ। सुन्दर योजना छ। सुन्दर बाटोमा हामी हिँडिरहेका छौँ। सुन्दर सपना पूरा गर्न लागिपरेका छौँ। त्यो भनेको वैज्ञानिक समाजवाद स्थापना गर्ने सपना हो। एकीकृत जनक्रान्तिलाई पूरा गर्ने सपना हो। श्रमिक वर्गको राज्यसत्ता स्थापना गर्ने सपना हो। हामी हाँसीहाँसी यो सपना पूरा गर्न लागिपरेका छौँ।

## अनुभूति दुई

हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि राज्यले २०७५ फागुन २८ गते प्रतिबन्ध लगाएको एक वर्ष बितेको छ। जतिबेला म पश्चिम रुकुमका सुन्दर बस्तीहरूमा जनसभामार्फत एकीकृत जनक्रान्तिका सन्देशहरू जनतालाई सुनाइरहेको थिएँ। देशभर मलगायत पार्टीका साथीहरू ्सङ्गठन सुद्धृढीकरण तथा विस्तार अभियान २ मा खटिरहेका थियौँ। जनताको बढ्दो समर्थन र विश्वास लहरलाग्दो थियो। हजारौँ पार्टी तथा जनसङ्गठनहरूका समितिहरू बन्दै थिए। हजारौँ जनता पार्टी र जनसङ्गठनमा प्रवेश गरिरहेका थिए। हजारौँ वाल पेन्टिङले देश रङ्गिँदै थियो। हजारौँ कोणसभा र जनसभाहरू सम्पन्न गरिँदै थियो। हजारौँ जनताका मुद्दाहरूको फौसलाले जनतालाई न्यायको अनुभूति दिलाउँदै थियो। पार्टीका लाखौँ पर्चा-पम्प्लेटहरू वितरण भैरहेको थियो। प्रचण्डमण्डलीले दिएको धोकाधडीबाट मूर्झिएका सहिद परिवारजनहरूका अनुहारहरूमा खुसी र विश्वासका चमकहरू देखिन थाल्दै थियो। १० बर्से जनयुद्धका घाइते-अपाङ्ग कमरेडहरूमा नयाँ जोस-जाँगर भरिएर अनुहारमा हँसिलो चमक देखिँदै थियो। मानिसहरू पार्टीमा लामबन्दी हुँदै थिए। देश एकीकृत जनक्रान्तिमय बन्दै थियो। जनताले स्वतःस्फूर्त नाराहरू लगाउँदै हाम्रो पार्टीको खोजी देशभरमा हुँदै आएको थियो। विप्लव आऊ- देश बचाऊ! विप्लव आऊ- भ्रष्टाचारीलाई कारबाही गर! विप्लव आऊ- कालोबजारियालाई दण्डित गर! विप्लव आऊ- राष्ट्रियता बचाऊ! आदिआदि। एकीकृत जनक्रान्तिको उत्सवपूर्ण परिवेशबाट उत्तरसाम्राज्यवादी र देशभित्रका दलाल पुँजीवादी राज्यसत्ता र त्यसका असली मतियारहरू अत्तालिए र हठात् हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाएर न्यायपूर्ण आवाजलाई बन्देज लगाउन खोजे। त्यसको आज एक वर्ष बितेको छ।

## तरङ्गित केही प्रश्नहरू

प्रतिबन्धको यो एक वर्षमा नेपाली समाजका विभिन्न तह र तप्कामा अनेकौँ सकारात्मक तथा नकारात्मक प्रश्नहरू तरङ्गित बनिरहेका छन्। बहसहरूले नेपाली राजनीतिक बजार तातेको छ। विभिन्न चर्चा वा परिचर्चाहरूले दैनिकी गुजारिरहेकै छन्। आफ्ना मिसनहरू जेसुकै भए पनि मिडियाहरू सचेततापूर्वक हाम्रो पार्टीसँग सम्बन्धित समाचार लेख्न वा छाप्न दौडधूप गरिरहेकै देखिन्छन्। यस्तो परिस्थितिमा केही प्रश्नहरू स्वतः उठेका छन्, ती हुन् : दलाल पुँजीवादी सत्ताले हाम्रो पार्टीमाथि थोपरेको प्रतिबन्ध सही थियो वा गलत ! प्रतिबन्धले सत्तालाई के फाइदा पुऱ्यायो ! राज्यले प्रतिबन्ध लगाएर पूरा गर्न खोजेको लक्ष्य पूरा भयो कि भएन !, हाम्रो पार्टीलाई त्यसको असर के पऱ्यो त ? यसले पार्टी सुदृढ भयो वा कमजोर !, राजनीतिक वा मनोवैज्ञानिक हिसाबले पार्टीलाई हित गऱ्यो वा अहित ! यसमा पार्टीका कार्यनीतिहरू सही भए वा गलत !, पार्टीको योजना कार्यान्वयनहरू सफल भए वा असफल ! यस्ता प्रश्नहरू बजारमा छरपस्ट भएका छन् र यसको वस्तुनिष्ठ जबाफ पार्टीभित्र र बाहिर तथा नेपाली समाजले खोजिरहेको अवस्था विद्यमान छ।

हामी भनिरहेका छौँ, हाम्रो पार्टीमाथि लगाइएको प्रतिबन्ध एकदमै गलत थियो र छ। वैज्ञानिक समाजवाद स्थापनाको कुरा गर्दा वा एकीकृत जनक्रान्तिको कुरा गर्दा, समानताको कुरा गर्दा वा देशमा भैरहेका बेथितिहरूको विरोध गर्दा हाम्रो पार्टी र क्रान्तिप्रेमी जनतामाथि आफूलाई कम्युनिस्ट नै भन्ने केपी गुट र जनयुद्धकै नेतृत्व गरेको छविलाल दाहाल गुटले प्रतिबन्ध थोपर्नु भनेको राजनीतिक वा संवैधानिक हिसाबले भन्नुपर्दा चरम बेइमानी तथा घातक कदम हो। अवसरवादको भद्दा नमुना हो। सामाजिक फासिवादी चरित्रको कुटिल/विषालु रूप हो। उत्तरसाम्राज्यवादको नाङ्गो दलाली हो। कुर्सी रसास्वादनको उदाङ्गो कार्य हो। हाम्रो पार्टीमाथि प्रतिबन्ध थोपरेर आफ्नो स्वार्थ पूरा गर्न सोच्नु भनेको उनीहरूको केवल अस्थायी र 'मुतेन्यानो' तरिका मात्र हो। यसले तिनीहरूको राजनीतिक चरित्रलाई 'डोकोभित्र थुनेको बिरोलोले म्याउ गऱ्यो' भनेजस्तै दुनियाँसामु छरपस्ट पारेको छ। सत्ताधारीहरू आफ्नै धोती फुस्केर समालिनसक्नु बनेका छन् र विभिन्न जनविरोधी तथा राष्ट्रविरोधी काण्डैकाण्डहरूले पोतिएको कालो, मलीन र रुन्चे अनुहार पारेर पशुपतिको शिवरात्रीमा देखिने नागाबाबाजस्तो बेसरम डुलिरहेका छन्।

जहाँसम्म हाम्रो पार्टीसँग सम्बन्धित प्रश्नहरू हुन्, सङ्क्षिप्तमा भन्नुपर्दा पार्टीले यसबीचमा कैयौँ महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। यसलाई यसरी सूचीकृत गर्न सकिन्छ :

**पहिलो** राजनीतिक/वैचारिक उपलब्धि हो। हाम्रो पार्टीले अघि सारेको राजनीतिक विचारमाथि विभिन्न आशङ्कासहितका प्रश्नहरू गर्ने गरेका थिए। त्यसको एकमुष्ट जबाफ प्रतिबन्धले दिएको छ। राजनीतिक हिसाबले जनतालाई हाम्रो पार्टीको नीतिलाई बुझ्न, चिन्न र स्पष्ट हुन महत्वपूर्ण भुमिका निर्वाह गरेको छ।

**दोस्रो** : वर्गसङ्घर्ष वा कम्युनिस्टध्रुवीय विचार सिद्धान्तलाई जनतासमक्ष पुऱ्याउन सफल हुनु हो। हामी देखिरहेका छौँ प्रतिबन्ध लागेको यो एक वर्षमा नेपालको राजनीति दुई ध्रुवमा कित्ताबन्दी बन्न पुग्यो। एकातिर राष्ट्रघाती, दलाल, भ्रष्टाचारी, कमिसनखोरी, कालोबजारिया, तस्कर, ठेकेदार, बलात्कारी, देशबेचुवा, विभिन्न काण्ड मच्चाउने काण्डे, राजनीतिका नाउँमा राष्ट्र ठग्ने भ्रष्ट राजनीतिज्ञहरू, दलालका एजेन्ट केही कर्मचारी र सुरक्षाकर्मी, उत्तरसाम्राज्यवादको असली मतियार, केही सुराकी र सीआईडी हाम्रो पार्टी र क्रान्तिप्रेमी जनसमुदायमाथि षड्यन्त्र गर्न र कुटिल योजना बनाउन लागिपरे भने अर्कोतिर देशका राष्ट्रप्रेमी, जनप्रेमी, मानवअधिकारका पक्षधर, कम्युनिस्ट क्रान्तिकारी, राष्ट्रसेवक कर्मचारी, देशभक्त सुरक्षा निकायहरूमा काम गर्ने सुरक्षाकर्मी, किसान, मजदुर, सहिद परिवार, घाइते- अपाङ्ग, वकिल, बुद्धिजीवी, महिला, दलित, सुकुमबासी, श्रमजीवी, देशभक्त तथा मध्यमवर्ग, राजनीतिक विश्लेषक, जनप्रेमी कलाकर्मी, पूर्वरिटायर्ड अफिसरहरू, राष्ट्रभक्ता न्यायालय तथा न्यायकर्मी, विभिन्न जनपक्षीय सङ्घ/संस्था, न्यायप्रेमी जनसमुदाय आदि र हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी अर्कोतिर ध्रुवीकृत बन्न पुगे जसको बलमा राज्यका सबैखाले षड्यन्त्रहरूलाई निष्काम भएको छ। तिनै श्रमजीवी जनताको बलमा प्रतिबन्धको कुटिल योजनालाई पानीको फोकासरह खारेज गरिदिएको छ। विप्लव नेतृत्वको पार्टीलाई ३५ दिनमा सखाप पारिदिन्छौँ भनेर गुड्डी हाँक्ने दलाल पुँजीवादी एजेन्टहरूका महावाणीहरू गाँजा खाने पटमूर्खी साबित भएका छन्।

**तेस्रो** : एकीकृत जनक्रान्तिको कार्यदिशालाई सही प्रयोग हुने प्रक्रियाको वस्तुनिष्ट प्रारम्भ भएको छ। जनताहरू पार्टीले अघिसारेको कार्यदिशा सही भएको तर्फ अग्रसर हुँदै गएका छन्।

**चौथो** : पार्टीभित्र घुसेका छद्म अवसरवादी तथा दुस्मनका घुसपैठियाको पहिचान हुँदै गएको छ र उनीहरू पार्टीबाट निष्कासनतिर बहिर्गमित हुँदै गइरहेका छन्।

**पाँचौँ** : पार्टीलाई एकीकृत जनक्रान्ति जित्नसक्ने र जनताको भरोसायोग्य बनाउन देखापर्ने खराबीहरूको सही र वस्तुनिष्ट पहिचान गरी पार्टीलाई रूपान्तरणको प्रक्रियामा अघि बढाउन यसैबीच निर्ममतापूर्वक शुद्धीकरणलाई अघि बढाउन सफल भएको छ। 'क्रान्तिका लागि सुदृढ पार्टी, सुदृढ पार्टीका लागि शुद्धीकरण र शुद्धीकरणद्वारा पार्टीको रूपान्तरण' (केन्द्रीय समितिको ऐतिहासिक आठौँ पूर्ण बैठकद्वारा पारित प्रतिवेदन २०७६) भन्ने मान्यतालाई पार्टीभित्र स्थापित गर्दै लैजान पार्टी सफल भएको छ।

**छैटौँ** : क्रान्तिकारी नेता-कार्यकर्ताहरू र क्रान्तिप्रेमी जनसमुदायहरूमा क्रान्तिकारी ध्रुवीकरणको प्रक्रिया अघि बढिरहेको छ र त्यसका विशाल सम्भावनाहरूका थप आधारहरू पैदा भएका छन्।

**सातौँ** : प्रतिबन्धको यो एक वर्ष दुस्मनलाई चिन्न, बुझ्न र उसका योजनाहरूको बहुपक्षीय नकारात्मतालाई उजागर गर्न सफल भएको छ।

**आठौँ** : दलाल पुँजीवादी राज्यसत्ता र फासिवादी दमन तथा षड्यन्त्रहरूलाई चिर्नसक्ने, बुझ्नसक्ने र प्रतिरोध गर्नसक्ने तथा एकीकृत जनक्रान्तिलाई अघि बढाउनसक्ने र क्रान्ति जित्नसक्ने दिशातर्फ पार्टी, सेना, संयुक्त मोर्चा (सत्ता) र भरोसायोग्य जनाधार निर्माण हुँदै गएको छ।

**नवौँ** : आफूलाई कम्युनिस्ट भन्ने, राष्ट्र र जनतालाई ठग्ने तथा लुट्ने पात्र -प्रवृत्तिहरूका गलत क्रियाकलाप र चरित्र उदाङ्गो हुँदै गएको छ।

**दसौँ** : उत्तरसाम्राज्यवादी शक्तिहरू (अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हाम्रो पार्टीका बारेमा गरेको टिप्पणी) र देशीय दलाल पुँजीवादी सत्ता र केपी-प्रचण्ड गुटको निद्रा समाप्त हुने गरी क्रान्ति झनै स्पातिलो, जुझारु र सक्षम बन्दै गएको छ।

**एघारौँ** : हाम्रो पार्टी राष्ट्र र जनतामाझ क्रान्तिकारी वैकल्पिक शक्तिका रूपमा विकास हुँदै गएको छ र पार्टीमाथिका कैयौँ अन्योलहरूबारे आमन्यायप्रेमी जनसमुदाय र बौद्धिक समुदायहरूमा आशा जागृत हुँदै गएको छ। यीलगायत उल्लिखित प्रश्नहरूको एकमुष्ट जबाफ दिन हाम्रो पार्टी र हामी हिचकिचाउनुपर्ने कुनै कारण छैन।

## अनुभूति तीन

हाम्रो गौरवशाली तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइएको यो २०७६ फागुन २८ गते एक वर्ष पुग्यो। त्यही दिन बिहानै ७ बजे 'भ्रष्टाचारी गोकुल बास्कोटामाथि कारबाही किन ?' शीर्षकमा १० बुँदे पर्चा वितरण गर्दै भ्रष्टाचारी गोकुल बास्कोटामाथि पार्टीले कारबाही गऱ्यो। यसले केही तरङ्ग पैदा गर्नुका साथै भ्रष्टाचारीहरूको क्याम्पमा हायलकायल मच्चिएको छ। यो कारबाहीको साङ्गोपाङ्ग समीक्षा समयानुसार हुने र गरिनेछ। तर यी विषयहरूमा ध्यान पुऱ्याउन आवश्यक छ :

**प्रथम** : भ्रष्टाचारी गोकुल बास्कोटामाथि चेतावनीस्वरूप कारबाहीको १ घन्टा पनि नबित्दै अन्नपूर्ण पोस्ट दैनिक अनलाइनमा रामकृष्ण अधिकारीले 'प्रतिबन्धले विप्लवलाई धक्का' शीर्षकमा लामो आलेख लेखे। त्यस्तै नयाँ पत्रिका दैनिकको अनलाइनमा टेकराज थामीको 'प्रतिबन्धको एक वर्ष : विप्लव नेकपा अस्तव्यस्त' शीर्षकमा मुख्य समाचार विश्लेषण प्रकाशित भयो। कान्तिपुर दैनिकको अनलाइनमा मातृका दहालले 'यस्तो थियो राजधानीमा चन्द समूहको विस्फोटशृङ्खला : नख्खुदेखि बास्कोटासम्म' शीर्षकमा लामै आलेख लेखे। नागरिक दैनिकको अनलाइनमा टपेन्द्र कार्कीको 'वार्ताभन्दा पक्राउमा ध्यान' शीर्षकमा आलेख आयो। देशका मुख्यमुख्य दैनिक पत्रिकाहरू र सञ्चारमाध्यममा हाम्रो पार्टीका बारेमा लेखिएका सम्पूर्ण सन्दर्भहरू हेर्दा त्यहाँ आआफ्नै जोडकोणहरू छन्। त्यसमा कुनै खण्डन-मण्डन गर्नु वा टीका-टिप्पणी गर्नु केही छैन। उनीहरूले बाहिरबाट हेर्दा जे लाग्यो त्यही लेखे। जस्तो देखे होलान् त्यस्तै लेखे होलान्। ती आलेखहरूका कतिपय सन्दर्भहरू हेर्दा राज्यलाई उचाल्ने प्रकारका पनि छन। उनीहरूका आलेखका शीर्षकहरू हेर्दा राज्यको फासिवादी चरित्रलाई ताबेदारी गरेको अनुहार पनि झल्किएको देखिन्छ। मात्र यत्ति के भनूँ भने नेपालका ठूला मिडियाहरूका निश्चित मिसनहरू छन्। राष्ट्र, जनताका बारेमा सही सूचना सम्प्रेषण गर्नु पत्रकारिताको मूल मर्म हो भने सूचनाका नाममा अनावश्यक भ्रमपूर्ण कुराहरू प्रकाशित गर्नु, दलाल सत्ताको ताबेदारी गर्नु, उसको साखुल्ले हुन खोज्नु र विषयलाई कम आँक्नु वा अतिरञ्जना गर्नु पीतपत्रकारिता हो। भएका सही सूचनाहरू वस्तुनिष्ट होऊन्, सूचनाहरूको आधिकारिकता पुष्टि हुने गरी लेखून् र छापून्, यो हाम्रो आग्रह हो।

**दोस्रो** : तत्काल दलाल पुँजीवादको असली मतियार बनेको सरकारी नेकपाका तर्फबाट छविलाल दाहालले पुष्पकमल दाहाल 'प्रचण्ड' का नामबाट विज्ञप्तिमार्फत 'आतङ्ककारी र आपराधिक घटना भएकाले तत्काल राज्यले कारबाही गर्नुपर्ने' पुरानै डकार डकारे। प्रतिक्रियावादीहरूले १० बर्से महान् जनयुद्धका क्रममा यसप्रकारका शब्दहरू राखेर कैयौँपटक विज्ञप्तिहरू आउने गर्दथे। आज छविलाल दहालले नै त्यो प्रकारको विज्ञप्ति दिने कुराले उनको राजनीतिक बाटो कहाँ पुग्यो भन्ने कुरा जनतालाई बुझाउन झनै छर्लङ्ग भएको छ। दलाल पुँजीवादी सत्ताका मतियारहरू बनिसकेपछि यसप्रकारका विज्ञप्ति दिनु कुनै नौलो कुरा भएन। मात्र विषय के हो भने राष्ट्र र जनतामाथि ठगी धन्दा चलाउनेहरूलाई आफैँले

... बाँकी पृष्ठ ३ मा

## श्रमिक महिला दिवस ...

राजनीतिज्ञ, सेना, सङ्गठन, सत्ता सञ्चालक, विभिन्न क्षेत्रका काम र बलिदान गर्नेमा महिला सहभागिता पुरुषसमान थिए। त्यो विद्रोहमा भाग लिने र नेतृत्व गर्नेमा कमरेड बन्धु चन्द, धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी' हरू पनि हुनुहुन्थ्यो । विडम्बना ! आज तिनै महिला नेत्रीहरूले अधिकारका लागि सङ्घर्ष गरेबापत कम्युनिस्ट नामधारी केपी सरकारको जेल र हिरासतमा बन्द हुनुपरेको छ। यसले एकदमै राम्रोसँग बुझाउँछ- अधिकारका लागि लड्ने क्रान्तिकारी महिलाहरू आज पनि दलाल पुँजीवादी राज्यसत्ता र केपी सरकारका आँखामा अपराधी देखिएका छन्। महिलाहरूले अधिकार खोज्नु अपराध भएको छ। केपी सरकारको भनाइ छ- नेपालमा लोकतन्त्र र गणतन्त्र छ। यसमा सबै बराबर भइसके। महिलाले पाउने अधिकार यति हो । यसभन्दा बढ्ता खोज्नु संसदीय व्यवस्था र गणतन्त्रका विरुद्धको अपराध हो।

यथार्थमा महिलाहरूमाथि आज पनि परिवार, समाज र राज्यभित्र अनेकौँ विभेद, उत्पीडन र दमन छन् । धेरै भित्र नपसेर बाहिरबाटै सर्लक्क देखिने विभेदमा अझै छोरा र छोरीमा विभेद छ। छोरालाई जन्मसिद्ध सम्पत्तिको अधिकार छ तर छोरी थुप्रै कानुनी अड्चन पार गरेर मात्र आंशिक हकदार बन्छिन् जस्तो कि बाबुको सम्पत्ति पाउन छोरीलाई सन्तान भएबापत पुग्दैन, एउटा उमेर काट्नुपर्छ । आर्थिक कार्यमै पुरुषभन्दा कमजोर सुविधा छ जस्तै पुरुषले उही काममा १००० पाउँछ भने महिलाले ७०० पाउँछिन् । विभिन्न सामाजिक कुरीतिमा महिलाहरू परिरहेका छन् जस्तो कि दाइजो, छाउपडी, बोक्सी, घुम्टो, बुर्का आदि प्रथाहरू । शारीरिक शोषण महिलाहरूमै अतुलनीय रूपले छ। जस्तो कोठीमा बेच्ने, वेश्यालयमा बेच्ने, जबरजस्ती यौनशोषण गर्ने, बलात्कार गर्ने, कुटपिट गर्ने, जबरजस्ती काममा लगाउने कार्यहरू भइरहेका छन्। राजनीतिक रूपले कुनै पनि क्षेत्रमा पुरुषसरह सहभागिता छैन। पुँजीवादी कानुनमै महिलालाई प्रतिशत तोकेर तल पारिएको छ। कैयौँ देशमा त महिलालाई मानवको स्थितिमा समेत राखिएको छैन । जस्तो कि मुख छोप्नुपर्ने, राजनीतिमा भाग लिन नपाउने, पढ्न नपाइने, खेल खेल्न, गाडी चलाउन नपाइने, पुरुषलाई भगवान् मान्नुपर्नेजस्ता अवस्थाहरू छन्। यसकै विरुद्ध लड्दा महिलाहरूले जेलमा सड्नुपर्ने भएको छ । के यो बलिदानीपूर्ण इतिहास र सत्यप्रतिको उपहास होइन !

हुनत पुँजीवादी–दलाल पुँजीवादी राज्य जहाँ र जहिले पनि श्रमिक एवम् सचेत महिलासँग त्रसित र दमनकारी रहँदै आएको छ। आफ्नो श्रममा बाँच्ने, श्रमअनुसारको दाम वा अधिकार माग गर्नेलाई श्रमचोर र शोषकहरूले आफ्नो आँखाको कसिङ्गर ठान्दै आएका छन्। जुनसुकै नामका होऊन्, उनीहरू शासक र शोषकमा बदलिएपछि श्रमिकहरूलाई आफ्नो दुस्मन देख्न पुग्छन्। अमेरिकाको सिकागोमा भएको महिला विद्रोह र बलिदानसहित विश्वका अनेकौँ महिला सङ्घर्षहरू यसैका परिणाम थिए। केपी वली सरकार तिनै दमनकारी सत्ताको उत्तराधिकारीमा पतन भएकाले अधिकारका लागि विद्रोह गर्ने महिलालाई जेलमा कोच्ने नै भयो । मजाक यो भएको छ- नेपालको राष्ट्रपतिमा महिला नेता विद्या भण्डारी नै छिन् तर श्रमिक महिलाको पूर्ण अधिकारका लागि हिजो लडेका र आज लडिरहेका बन्धु चन्दहरू जेलमा सडिरहनुभएको छ। केपी सरकार कतिसम्म क्रूर देखियो भने नेता बन्धु चन्दकी आदरणीय आमा अस्पतालमा छट्पटाउँदै अन्तिम अवस्थामा पुग्दासमेत भेट्न दिइएन। उहाँको निधनपछि श्रद्धाञ्जलीसभामा भाग लिन दिइएन । यस्तो विषय विद्यालाई थाहा छ कि छैन ? उनीलगायत कैयौँ महिला नेताहरूले वास्तविक क्रान्तिकारी महिला आन्दोलनका नेता बन्धु चन्दहरूलाई जेल कोचेर श्रमिक महिला दिवसको चर्चा गरिरहन्छन् भने विद्याहरू दमनकारी सत्ताको हतियार र डण्डा बनेर आफ्नै वर्गप्रति घोर अपराध गरिरहेका छन् भन्ने स्पष्ट हुँदैन र !

तर इतिहासको सत्यले बताउँछ- श्रमिक महिलाहरूमाथिको दमनले श्रमिक महिलाका अधिकार प्राप्तिको न्यायपूर्ण आन्दोलनलाई कहिल्यै रोक्न सक्दैन। दमनले अवश्य बलिदानको माग गर्छ तर क्रान्तिकारी महिलाहरूको बलिदानबाट पैदा हुने आँधीले दमनकारी सत्ता र त्यसका नाइकेहरूलाई धर्तीबाट नामेट पारिदिनेछ । एक दिन केपी वलीहरूको दमनकारी सत्ता र सरकार समाप्त हुनेछ भने महिला नेता बन्धु र भृकुटीहरू विजयी हुनुहुनेछ। दमनकारी शासकहरू कलङ्कित हुँदै गर्दा श्रमिक महिला मुक्तिका लागि लड्ने वीराङ्गनाहरूले भने आफ्नो गौरवपूर्ण इतिहासमा नयाँ ईंट थप्दै सर्वोत्तम प्रेणा दिइरहनेछन्।

२८ फागुन, २०७६

# नक्कली बम राखी नेकपालाई आरोप नलगाउन चेतावनी

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टीले डिलासैनी गापाको केन्द्रको विवादमा वडाध्यक्षको घरमा नक्कली बम राखी जनतालाई आतङ्कित पारेर पार्टी र नेता-कार्यकर्ताहरूलाई लगाइएको आरोपप्रति घोर निन्दा र भर्त्सना गरेको छ। नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति बैतडीका इन्चार्ज किरण र सेक्रेटरी परिवर्तनद्वारा जारी विज्ञप्तिमा उक्त कुरा जनाइएको हो।

प्रेस विज्ञप्तिमा भनिएको छ, 'अहिलेको भ्रष्ट, दलाल सरकारले जनताको न्यायपूर्ण आवाजलाई कुल्चेर देशमा तानाशाही लादिरहेको कुरा तथाकथित कम्युनिस्टहरूले प्रस्ट पारेका छन्। डिलासैनी गापाको केन्द्रको विषयलाई लिएर कार्यपालिकाको पहिलो बोर्ड बैठकले गापाको केन्द्र वडा नं. ७ धामीगाउँमा राख्ने निर्णय भए पनि एक महिनापछिदेखि हालसम्म वडा नं. ३ पंसेरामा गापा केन्द्र हुँदा दलाल फासिवादी व्यवस्थाका भरौटे सुरेन्द्र पाल र गापा अध्यक्ष ओकेन्द्र बोहराले एकलौटी ढङ्गले निर्णय गरी प्रत्येक जनप्रतिनिधिहरूलाई जबर्जस्ती हस्ताक्षर गर्न दबाब दिएर पंसेरामा केन्द्र राख्ने निर्णय गरेका छन्।'

विज्ञप्तिमा भनिएको छ, 'हस्ताक्षर नगरेर असहमति जनाउने जनप्रतिनिधि रामसिंह नेगी र घुडुरा लुहारलाई आफ्ना कार्यकर्ता परिचालन गरी अपहरणशैलीमा लगेर लुकाएर राखेको छ । घरपरिवारका सदस्यहरूले प्रहरी चौकी गोकुलेश्वरलाई निवेदन दिँदासमेत प्रहरी चौकी गोकुलेश्वरले कुनै मतलब गरेको छैन। जनताको सुरक्षा गर्ने नेपाल प्रहरी पनि भ्रष्टाचारी सरकारको मतियार भएको स्पष्ट हुन गएको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'भ्रष्टाचारी नेता सुरेन्द्र पाल र अध्यक्ष ओकेन्द्र बोहराले आफ्ना कार्यकर्ता परिचालन गरी ४ नं. वडा अध्यक्षका घरमा नक्कली बम राखी जनतालाई आतङ्कित पारेर हाम्रो पार्टी र हाम्रा नेता-कार्यकर्ताहरूलाई लगाएको आरोपप्रति हामी घोर निन्दा र भर्त्सना गर्दछौँ । डिलासैनीबासीहरूको न्यायपूर्ण आन्दोलनप्रति पूर्ण समर्थन, ऐक्यबद्धता जनाउँदै सम्पूर्ण न्यायप्रेपी जनसमुदायहरूलाई उक्त आन्दोलनमा सहभागी भइदिन हार्दिक अपिल गर्दछौँ। अपहरण शैलीमा लुकाएर राखेका जनप्रतिनिधिहरूलाई यथाशीघ्र ससम्मान घरपरिवारलाई बुझाउन चेतावनी दिन्छौँ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'सुरक्षाकर्मी मित्रहरूलाई भ्रष्टाचारी नेता र अध्यक्षको सेवा, चाकरी भन्दा पनि जनताको न्यायपूर्ण आन्दोलनमा सुरक्षा र सहयोग प्रदान गरिदिनुहुन अनुरोध गर्दछौँ। साथै भ्रष्ट, दलाल, सामन्ती सुरेन्द्र पाल र ओकेन्द्र बोहरालाई यस्ता हर्कत तत्काल रोक्न, बन्द गर्न र हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूलाई झूठो आरोप मुद्दा लगाएर जनतालाई भ्रम नगरिदिन र समयमै सच्चिनका लागि जानकारी गरिन्छ । अन्यथा हाम्रो पार्टी सशक्त रूपले कडाभन्दा कडा सङ्घर्ष गर्ने र कुनै क्षति हुन गएमा त्यसको जिम्मा स्वयम् दलाल सरकारले लिनुपर्ने जानकारीसमेत यसै विज्ञप्तिमार्फत गरिन्छ।'

# सत्तारूढ नेकपाका नेतालाई विद्रोही नेकपाको चेतावनी

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति अछामले सत्तारूढ नेकपाका नेता-कार्यकर्ताहरूलाई आफ्नो पार्टीको नाम जोडेर बदनाम नगर्न आग्रह गरेको छ। स्थानीय रामारोशन गापा बडा नम्बर ५ स्थित यशोदा माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द साउद सुमनलाई फोनमार्फत ज्यान मार्ने धम्की आएको विषयमा अनावश्यक रूपमा आफ्नो पाटीको नाम जोडेको भन्दै यसो नगर्न नेकपाले चेतावनी दिएको हो।

नेकपाका अछाम इन्चार्ज नवीनले विज्ञप्ति जारी गर्दै अत्यधिक मदिरापान र उच्च रक्तचापका कारण ढकारी गापा २ का लोकेन्द्र शाहीको मृत्यु भएको घटनालाई लिएर आफ्नो पार्टी सम्बद्ध व्यक्तिलाई फसाउने र दोषीलाई संरक्षण गर्न सत्ताधारी नेकपाका नेता-कार्यकर्ता सक्रिय भएको भन्दै यस्तो कार्य नगर्न चेतावनी दिएका छन्।

नेकपाका जिल्ला इन्चार्ज नवीनको विज्ञप्तिमा भनिएको छ, 'जनताको आकर्षण र हाम्रो पार्टीप्रतिको बढ्दो लोकप्रियताबाट आतङ्कित कथित कम्युनिस्टनामक सामाजिक दलाल फासिवादीहरू हाम्रो पार्टीविरुद्ध अनेक किसिमका षड्यन्त्र रच्दै हाम्रो पार्टीका नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गराउने, झूट्टा मुद्दा लगाउने, सीआईडी-सुराकी गर्ने अभियान सञ्चालन गरिराखेको बेलामा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) अछाम जिल्ला अध्यक्ष शेरबहादुर कुँवरद्वारा जारी विज्ञप्तिमार्फत रामारोशन गापा वडा नं. ५ स्थित श्री यशोदा माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष गोविन्द साउँद (सुमन) लाई फोनमार्फत ज्यान मार्ने धम्की र सामाजिक सञ्जालमा उल्लिखित विषयलाई लिएर हाम्रो पार्टीलाई जोड्ने र बदनाम गर्नुका साथै ढकारी गापा हिच्मा २ साचामा २०७६ भदौ १६ गते हरितालिका तीजका दिन सोही गाउँमा बस्ने लोकेन्द्र शाहीको गुणस्तरहीन अत्यधिक मदिरा सेवन र उच्च रक्तचापका कारण मृत्यु भएको घटनालाई लिई हाम्रो पार्टीका जिम्मेवार कमरेडहरूलाई फसाउने उद्देश्यसहित किटानी जाहेरी गर्ने राजबहादुर शाही र भक्तबहादुर शाहीलाई संरक्षण गर्ने उद्देश्यले जारी गरेको विज्ञप्तिप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। नेकपा रामारोशन आईडी भएको व्यक्ति हाम्रो पार्टीको आधिकारिक सदस्य नभएको कुरा स्पष्ट गर्न चाहन्छौँ । सो व्यक्तिका बारेमा हाम्रो पार्टीले पनि अनुसन्धान गरिराखेको छ। अनावश्यक रूपमा हाम्रा पार्टी कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूलाई धम्क्याउने, गिरफ्तार र सुराकी गर्ने कार्य तत्काल बन्द गरियोस्। अन्यथा उत्पन्न हुन जाने परिस्थितिको जिम्मा सम्बन्धित पक्षले लिनुपर्ने छ। अर्को कुरा हिच्माको घटनामा हाम्रो पार्टीका जिम्मेवार कमरेडहरूलाई फसाउने मुख्य योजनाकार राजबहादुर शाही र भक्तबहादुर शाहीलाई सत्ता र शक्तिको आडमा संरक्षण नगर्न यस प्रेस विज्ञप्तिमार्फत सम्बन्धित पक्षलाई सचेत गराइन्छ।'

## प्रतिबन्धको एक ...

कारबाही गर्नुको सट्टा नेपाल कम्युनिस्ट पार्टीद्वारा गरिएको कारबाहीप्रति जाँडे तर्क गर्दै बहुलाएर हिँड्नु र बासी तर्कहरू गरेर बकबास गर्नु दलाल पुँजीवादी र अवसरवादी तत्वहरूको कामै हो। अझ यतिसम्म भन्न सकिन्छ- एकीकृत जनक्रान्ति अघि बढाउने क्रान्ति जित्ने पार्टीका लागि यो त ट्रेलर मात्र हो, खास चलचित्र प्रदर्शन हुन त बाँकी नै छ। जनताले भ्रष्टहरू र अपराधीहरूमाथि कारबाही गर्न छोड्ने छैनन् । यो कुरा पनि सम्बन्धित सबैले हेक्का राख्न आवश्यक छ। भीरबाट लड्नै थालेको गोरुलाई रामराम भन्न सबैले सक्लान् तर काँध थाम्न कसैले सक्नेछैन।

**तेस्रो** : प्रतिबन्धपछि पार्टीबाट पलायन भएर भाग्नेहरूका बारेमा हो । नयाँ पत्रिका राष्ट्रिय दैनिकको अनलाइनमा टेकराज थामीले पदम राई र पूर्वपीबीएम मोहन कार्कीसहित देशभरबाट केही पलायन हुनेको जुन विवरण उल्लेख गरेका छन् त्यो सही छ। उनीहरू पलायन भएका छन्। क्रान्तिबाट भागेका छन। उनीहरूले क्रान्तिलाई धोका दिएका छन् । आफ्ना प्रतिबद्धतालाई दलाल पुँजीवादी सत्ताको जुठोपुरोसँग बिक्री गरेका छन्। जहाँसम्म पार्टीका पीबीएमहरू भन्ने सवाल छ, उनीहरूको गलत गतिविधि र पार्टी नीतिविपरीत कार्य गरेकाले जेलमै रहँदा पार्टीले शुद्धीकरणमार्फत उनीहरूलाई पार्टीबाट निष्कासन गरिसकेको कुरा घामझैँ छर्लङ्ग छ । त्यसैले उनीहरू रुझेको मुसाजस्तो गरी सरकारी पार्टीको पाउमा लम्पसार पर्न पुगेका हुन्। मानिसका शरीरमा कहिलेकहीँ फोहोरी खटिरा (जसलाई पिलो पनि भनिन्छ) निस्कने गर्दछ । मानिसले त्यसलाई निचोरेर फाल्नु पर्दछ । जसरी पिलो निचोरिँदा मानिसको ओजन घटेको हुँदैन, हिउँदमा बिरुवाहरूमा पातहरू झर्दैमा बिरुवा मरेको वा सुकेको हुँदैन त्यसरी नै क्रान्तिबाट डरछेरुवाहरू भाग्दैमा क्रान्ति सकिँदैन र रोकिँदैन । हामी हेर्नसक्छौँ, विश्व कम्युनिस्ट आन्दोलन र नेपालमै पनि कम्युनिस्ट आन्दोलनहरूमा लागेका कैयौँ मानिसहरू क्रान्तिलाई धोका दिँदै दुस्मनको कित्तामा पुगेका छन् र हुन्छन् । यो सामान्य प्रक्रिया हो । उनीहरूलाई 'नयाँ बोतलमा पुरानै रक्सी' का रूपमा हेर्न र बुझ्न सकिन्छ। अर्को सत्य के हो भने कैयौँ बेला अवसरवादीहरू हरियो घाँसमा लुकेको हरियो सर्प बनेर पार्टीभित्र लुकेर बसेका हुन्छन्। निश्चित समयमा देखिन्छन्, चिच्याउँछन्, र हतारहतार लुक्ने ठाउँ खोज्दै भाग्छन् । त्यसैले उनीहरूको पलायन यसैको निरन्तरता मात्र हो र गलत मानिसहरू पार्टीबाट बाहिरिँदा पार्टी र क्रान्तिलाई बेहित हुँदैन, बरु हित नै गर्दछ। यो कुरा विश्व र नेपालको कम्युनिस्ट आन्दोलनले सिकाएको पाठ हो । यसै सन्दर्भमा होचिमिन्हको यो महान् भनाइ यहाँ राख्न सान्दर्भिक होला, 'कायरहरू घुँडा टेक्छन्, क्रान्तिबाट भाग्छन् । बहादुरहरूले क्रान्ति लड्छन्, जित्छन् र अघि बढ्छन्।'

**चौथो** : 'आतङ्ककारी', 'आपराधिक' र 'चन्दाआतङ्क मच्चाएको' जस्ता घृणित शब्दजालले भरिएका आरोपहरू वली सरकारले हाम्रो पार्टीमाथि थोपर्ने गरेको छ। यो साम्राज्यवादी, सामन्त, दलाल पुँजीवादी शक्तिहरूले लगाउने बासी आरोप नै हो । हिजो रुसमा बोल्सेभिकहरूलाई यही आरोप लगाइयो। चीनमा माओ र क्रान्तिकारीहरूलाई त्यही आरोप थोपरियो । १० वर्षसम्म सञ्चालित जनयुद्धमा तत्कालीन माओवादीलाई यी र यस्तै भाषा र शैलीका आरोपहरू थोपरियो। आज त्यही कुरा दोहोरिएको छ । मात्र पात्रहरू र सन्दर्भहरू फरक देखिएका छन् । त्यसैले 'आतङ्ककारी', 'आपराधिक', 'चन्दा आतङ्क मच्चाएको' जस्ता आधारहीन, बकम्फुसे तर्कको कुनै अर्थ र तुक छैन। यी र यस्ता बकम्फुसे आरोपहरूलाई खारेज गर्नुबाहेक हामीसँग अर्को विकल्प छैन । बरु यो केपी-प्रचण्ड गुटको सरकारले नै जनतामाथि आतङ्क मच्चाएको छ । लूट मच्चाएको छ । राष्ट्रलाई कङ्गाल बनाएको छ। त्यो कुरा पछिल्लो बालुवाटार ललिता निवासकाण्ड र गोकुल बास्कोटा प्रकरणलाई हेरे पुगिहाल्छ । सत्ताधारीहरूले नै आपराधिक गिरोह सञ्चालन गरेका छन्। यो कुरा ३३ किलो सुन प्रकरण, वाइडबडी जहाज घोटाला प्रकरण र अहिले संसद्मा प्रतिनिधित्व गर्ने गुण्डा नाइके र ठेकेदारहरूको सूची हेरे पुगिहाल्छ।

जहाँसम्म 'चन्दा आतङ्क मच्चाएको' को कुरा छ, यो पनि वाहियात तर्क हो । एउटा सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद गर्दा त राष्ट्रको ७०/७४ करोड इ्वाम पार्न खोज्छन् भने अरू के कुरा गर्नु ? नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता कमरेड प्रकाण्ड गिरफ्तार हुने बेला 'चन्दा आतङ्क मच्चाएको' नाममा मुद्दा थोपर्न खोजिएको थोयो । तर त्यो कुरामा दलाल सत्ताले कुनै तत्थ्य फेला पार्न सकेन र टाउको टाङमुनि छिराएर निउरीमुन्टे भयो । एकातिर हाम्रो पार्टीले विभिन्न व्यवसायीहरू र विभिन्न तह र तप्काका जनसमुदायलाई एकीकृत जनक्रान्तिका लागि सहयोग गर्नुहोस् भनेर अपिल गरेको छ। त्यसका साथै जनपरिषद् (सत्ता) ले निश्चित प्रतिशत करका रूपमा सहयोग गर्नुहोस् भनेर अनुरोध पनि गरेकै छ। अर्कोतिर पार्टीलाई आर्थिक हिसाबले सबैभन्दा संस्थागत र मितव्यायी परिचालन गर्ने पार्टी पनि हाम्रो पार्टी बन्न गएको छ। कैयौँ विकास निर्माणका योजनाहरू, भवन, बाटो, खानेपानी, बिजुली बत्ती, स्कुल, शौचालय र सहिद भवनहरूको निर्माण अघि बढाएको छ। छिटफुट रूपमा देखिने पार्टीको नीतिविपरीत आर्थिक कारोबार गर्नेहरूलाई पार्टीले शून्य सहनशीलतामा कारबाही अघि बढाएको छ। पार्टीको नाम बेचेर कहीँकतै कसैको खेलोमेलो चलेको छ भने त्यसको पनि खोजी पार्टीले गरेको छ । त्यसैले राज्यका भ्रष्ट मतियारहरूले लगाउने फजुलका यसप्रकारका भद्दा आरोपहरूको कुनै तुक रहनेछैन।

**पाँचौँ** : वार्ताको सन्दर्भमा गरिएको कुप्रचारबारे पनि स्पष्ट हुन आवश्यक छ । २०७६ फागुन २८ गते नागरिक दैनिकको अनलाइनमा प्रकाशित टपेन्द्र कार्कीले 'वार्ताभन्दा पक्राउमा ध्यान' शीर्षकमार्फत आफ्नो आलेख सार्वजनिक गरेका छन् । यहाँ उनको आलेखबारे टीकाटिप्पणी गर्न खोजिएको होइन, सन्दर्भ मात्र राख्न खोजिएको हो। नीतिगत हिसाबले हाम्रो पार्टी कहिल्यै वार्ताविरोधी होइन र हुन सक्दैन। क्रान्तिकै क्रममा रुस, चीन, भियतनाम र हाम्रै देशमा समेत १० बर्से जनयुद्धको समयमा कैयौँपटक वार्ता र संवादहरू हुँदै आएको सन्दर्भ हाम्रो अगाडि ताजै छ। तर यहाँ हामी सचेत रहनुपर्ने के हो भने सबै वार्ताहरूले जनताका पक्षमा सही परिणामहरू दिँदैनन्। नेपालको १० बर्से जनयुद्धलाई प्रतिक्रान्तिमा विस्थापन गर्न वार्ताले नै मुख्य भूमिका निर्वाह गरेको थियो भन्ने कुरा भुल्नु हुँदैन । वार्ता किन र केका लागि भन्ने विषय महत्वपूर्ण हुन्छ र हो। हाम्रो पार्टी नीतिगत हिसाबले कहिल्यै वार्ताको विरोधी थिएन र हुन सक्दैन तर यो फासिवादी सरकारले नै वार्ता भन्दै, षड्यन्त्र गर्दै गरेकाले पार्टी कहिल्यै वार्ता गर्ने कुरामा इच्छुक देखिएन। त्यसैले औपचारिक कुनै वार्ता समिति पनि गठन गरेन।

प्रतिबन्धपछिको यो एक वर्षमा राज्यले अनेकौँपटक षड्यन्त्रहरू गर्दै आएको छ। प्रतिबन्धको सुरुआती चरणमा हाम्रो पार्टीमाथि 'भ्रम छर्ने र दमन गर्ने' नीति लियो । केपीले उरन्ठेउलो र हाँस्यास्पद ढङ्गले 'हतियार बोकेर लुरुलुरु आत्मसमर्पण गर्न' आउन भने र ३५ दिने म्याद सूचना जारी गरे । त्यसप्रकारको षड्यन्त्रलाई पार्टीले परास्त गर्नु थियो र गऱ्यो। केपी नेतृत्वको फासिवादी सरकारको त्यो नीतिले धुलो चाटिसकेपछि दोस्रो चरणमा दोस्रो षड्यन्त्रका रूपमा 'वार्ता भन्ने दमन गर्ने' नीति अगाडि साऱ्यो र सोमप्रसाद पाण्डेको संयोजकत्वमा वार्ता समिति बनाएको नाटक पनि देखायो । तर त्यसको सही उद्दश्य थिएन । केपीमण्डलीको षड्यन्त्रकारी नीति बुझ्न मुस्किल पर्दैनथ्यो र परेन । सरकारले 'वार्ता भन्ने दमन गर्ने' रणनीति बुझेरै पार्टीले त्यसलाई पनि रद्दीको टोकरीमा मिल्काइदियो । यसैबीच मध्य कमान्ड इन्चार्ज कमरेड सुदर्शन, उपत्यका इन्चार्ज कमरेड माइला लामालगायतलाई कायरतापूर्वक गिरफ्तार गऱ्यो । पार्टीले त्यो कुरा बुझेरै राज्यको वार्ताको कुरालाई थोत्रो टोकरीमा मिल्काइदिइसकेको थियो। त्यसपछि फासिवादी सरकार सर्वदलीय सहमति कायम गर्ने भन्दै विभिन्न दलहरूको ढोका चहार्न पुग्यो र 'सर्वदलीय सहमतिसहित दमन गर्ने' रणनीतिमा आएको छ। त्यसमा पनि घोर षड्यन्त्र छ। त्यसैले राज्यको यसप्रकारको गलत र षड्यन्त्रकारी नीतिका विरुद्ध सङ्घर्ष गर्नुबाहेक क्रान्तिकारी पार्टीको अर्को विकल्प थिएन र छैन। यसमा सबै स्पष्ट हुनुपर्छ।

**छैटौँ** : बलिदान, जेल, नेल र हिरासतको कहर। यसबीच कमरेड कुमार, कमरेड तीर्थ, कमरेड निर कुमार, कमरेड महान, कमरेड दीपेन्द्र, कमरेड निरन्तर, कमरेड प्रज्वल, कमरेड रविन, कमरेड रामसिंहले बलिदानी दिनुभएको छ। अवश्य क्रान्तिका क्रममा सहिदहरू बन्न सकिन्छ । सबै कमरेडहरू पार्टीको योजना कार्यान्वयन गर्ने सन्दर्भमा सहिद बन्नुभएको छ। महान् सहिद कमरेडहरूको बलिदानको बदला एकीकृत जनक्रान्तिले लिने नै छ । त्यसका साथै कमरेड सुदर्शन, कमरेड शिलु, कमरेड रणवीर, कमरेड माइला, कमरेड प्रज्वलन, कमरेड बन्धु, कमरेड हितमान, कमरेड आदर्श, कमरेड सुवास, कमरेड दीपेशलगायत सयौँजनामाथि विभिन्न झूट्टा मुद्दाहरू थोपरिएको छ र उहाँहरु जेल–हिरासतमा बन्दी बनेर पार्टीको नीतिअनुसार प्रतिबद्धताका साथ जेलको मोर्चालाई प्रभावकारी बनाउँदै हुनुहुन्छ । यसले पार्टीको परिपक्वता, क्रान्तिप्रतिको दृढ सङ्कल्प र निष्ठालाई दर्साउँछ। यो अजङ्गको चट्टानी अडानले गर्दा दुस्मनहरू तिलमिलाइरहेका छन् । कातरहरू सल्बलाइरहेका छन्। पहिला सुराकी गरेर गिरफ्तार गराउने र पछि आत्मसमर्पण गराउन टुप्पीदेखिकै बल लगाएर ४ बुँदे फाराम बाँड्दै जिल्ला प्रशासन र प्रहरी कार्यालयमा दौडिएका सन्दर्भहरू र दौडिने पात्रहरूको सूची र पहिचान पनि भएकै छ। उपयुक्त समयमा त्यसको हिसाबकिताब एकीकृत जनक्रान्तिले गर्ने नै छ। यी सबै सन्दर्भहरूलाई हेर्दा हामी आफैँले र हाम्रो आफ्नै पार्टीले जानीबुझीकन सिर्जना गरिएको परिस्थिति हो यो । यसमा सिङ्गो पार्टीपङ्क्तिलाई कुनै पश्चाताप हुने कुरै छैन। हाँसीहाँसी मर्नसक्ने र मर्दामर्दै बाँच्नसक्ने जीवनलाई क्रान्तिकारीहरूले सहर्ष स्वीकार गरेकै विषय हो । यसबीच बन्नुभएका सहिद तथा जेल-हिरासतको कहर बेहोर्ने कमरेडहरूको दिशानिर्देशले अवश्य एकीकृत जनक्रान्तिको सान र मान बढाएको छ।

### निष्कर्ष

केही समयअगाडि कुनै सन्दर्भले महासचिव कमरेड विप्लवसँग भेट हुने मौका मिलेको थियो । करिब २ घन्टा लामो बसाइ र छलफलपछि पार्टीमाथि आउने जुनसुकै कठिन र अप्ठ्यारा चुनौतीहरूलाई डटेर सामना गर्ने निर्देशनात्मक भावसहित महासचिव कमरेडले मुसुक्क हाँसेर गीतका शब्दहरू गुनगुनाउनुभयो :

निरन्तर बग्ने समय, समयझैँ बदलिन्छ युग
सपना उड्छ युगसँग
युग फेरिन्छ सपनासँग
सपनाका यात्रीहरू (सपना) जोगाउनुपर्छ...

सङ्गीत म आफैँले निकै मेहनत गरेर तयार पारेको छु। यो छिट्टै सुन्न पनि पाउनुहुनेछ। आदरणीय महासचिव कमरेडले भन्नुभएजस्तै हाम्रा सपनाहरू सुन्दर छन् । त्यसैले त हामी खटिरहेका छौँ । हामी डटिरहेका छौँ र जुटिरहेका पनि छौँ । कोही सहिद बनेका छौँ। कोही घाइते-अपाङ्ग भएका छौँ। कोही जेलमा छौँ । कोही हिरासतमा छौँ । कोहीले नेल भिरिरहेका छौँ । कोही चरम यातनाको कहरलाई हाँसी-खुसी स्वीकार गरिरहेका छौँ। कोही गाँउबस्ती र सहरका गल्लीहरू तथा चोकचोकहरूमा पार्टीको योजना सफल पार्न केन्द्रित छौँ। कोही श्रमिक वर्गका जनतासँग हातेमालो गर्दैछौँ । कोही पिटी-परेडमा छौँ । कोही सङ्घर्षको योजनामा छौँ । आआफ्नै काममा छौँ र व्यस्त छौँ । एकीकृत जनक्रान्तिलाई विजयसम्म पुऱ्याउने प्रतिबद्धतामा छौँ किनकि हाम्रो बाटो सुन्दर छ । हाम्रा योजनाहरू वस्तुनिष्ट छन्। हाम्रो भविष्य उज्ज्वल छ।' सपनाका यात्रीहरू (सपना) जोगाउनुपर्छ। प्रतिबन्धको यो एक वर्षमा हामी झन् बलिया भएका छौँ । हामीले अवश्य जित्नेछौँ । एकीकृत जनक्रान्ति- जिन्दावाद ! वैज्ञानिक समाजवाद- जिन्दावाद !

२८ फागुन, २०७६

रातो खबर
साप्ताहिक

# एमसीसीको चौतर्फी प्रतिरोध आवश्यक



पुष्पबहादुर कोइराला 'हिमाल'

विश्वप्रसिद्ध साम्यवादी नेता तथा समाजवादका प्रणेता कार्ल मार्क्स भन्छन्, 'सम्पूर्ण मानवजातिको दुःखकष्टतिर आँखा चिम्लिएर आफ्नो सुखसुविधाको मात्र चिन्ता गर्ने मानव पशुतुल्य हुन्छ। '

कार्ल मार्क्सको यो भनाइ नेपालका शासकहरूमा आज लागू भैरहेको छ। नेपालमा चुनाव धेरैपटक भयो। जनताले भोट हाले। नेताहरू सांसद र मन्त्री भए। चुनावताका जनतासामु नेताहरूले जति बाचाकबुल गरे त्यसको ठीक विपरीत जनता दिन-प्रतिदिन बेहाल र बिजोगको स्थितिमा पुगेका छन्। भ्रष्टाचार त नीतिगत हुँदै संस्थागत भएर जनताको कुनै पनि काम घूस नख्वाई पूरा हुँदैन। प्रत्येक वस्तु र सेवामा कमिसन, दलालीकरण वा बिचौलिया मौलाइरहेको छ। नेपालमा उद्योग खोल्नु त कता हो कता, भएका उद्योगहरू नै खुला बजार प्रतिस्पर्धाका नाममा निजीकरण गरेर देशको विकास हुन्छ भन्ने व्यक्तिगत सम्पत्ति आर्जनको कलुषित मनोवृत्तिका कारण विदेशी र तिनका दलाललाई कौडीको भाउमा बेचेर नेपाली युवाहरूलाई बिदेसिन बाध्य पारिएको छ। शिक्षा, स्वास्थ्य, सरकारी जमिन सबै आज माफिया र दलालको हातमा सुम्पिएको छ्। शिक्षा महँगो भएको छ। जनताका छोराछोरीको पहुँचभन्दा धेरै पर पुऱ्याइएकाले पढ्न पाउने स्थिति छैन। स्वास्थ्यको स्थिति हेर्दा अझै दर्दनाक अवस्था छ। जनता सिटामोल किनेर उपचार गर्नसक्ने स्थितिमा छैनन् भने नेताहरू तिनै जनताले तिरेको करबाट एयर एम्बुलेन्समा विदेश गएर उपचार गराउँछन्। जनता भोकै मर्ने स्थिति छ भने नेताहरू सरकारी कार्यालयभित्रै रक्सी र मासु हसुरिरहेका छन्।

०६२-०६३ सालअगाडि सामन्त भनेर जनयुद्धमा लखेटिएका दलालहरू सहर पसे। नयाँ रूप धारण गरी आज फेरि गाउँबस्तीहरूमा तिनै दलालहरू विभिन्न बैङ्क र वित्तीय संस्थामार्फत जनताको तीव्र शोषण गरेर ढाड सेकाउँदैछन्। आज कुनै पनि क्षेत्र यस्तो छैन जसमा जनतालाई राहत मिलोस्! जुनसुकै वस्तुमा भारी दोहोरो कर थुपारिएको छ। उपभोग्य साधनहरूको मूल्य आकासिएको छ। हत्या, हिंसा, बलात्कार, चोरी, लुटपाट अत्यधिक बढेको छ। भ्रष्टाचार, कमिसन तथा बिचौलियाले जनता आक्रान्त छन्। आज नेपाली जन्मिनेबित्तिकै टाउकोमा ४० हजार ऋण थोपरिएको छ। उत्पादन वृद्धि गर्न उद्योग, कलकारखाना खोल्नुको साटो विदेशीलाई बेचिएको छ। उर्वर जनशक्ति युवाहरूलाई बेचेर आएको रेमिट्यान्स तथा प्राकृतिक स्रोतसाधनसमेत सुम्पिएर प्राप्त रकमले दलाल संसदीय व्यवस्थाको गुनगान गाइरहेका छन्। नेपालको जल, जमिन तथा प्राकृतिक स्रोतसाधन मात्रै होइन, नेपाल नै आज विदेशीको पोल्टामा सुम्पिने तयारी पछिल्लो समय अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) नेपालमा भित्र्याउन कोसिस हुँदैछ। नेपाली प्राकृतिक स्रोतसाध्न कि त नेपाली दलालहरूले कब्जामा लिएका छन्, कि त उनका विदेशी प्रभुलाई कौडीको भाउमा कमिसन लिएर बुझाएका छन्।

जलस्रोतको हिसाबले नेपाल विश्वको दोस्रो सम्पन्न मुलुक हो। अरुण ३, अपरकर्णाली, बूढीगण्डकी, तामाकोसी विश्वकै सस्तो लगानीमा निर्माण हुने परियोजनाहरू हुन्। दलालहरूले ती सबै आयोजनाहरू विदेशीलाई सुम्पिएर ठूलो राष्ट्रघात गरेका छन्।

साम्राज्यवादले आज दलाल संसद्वादीहरूलाई झुम्राको पुतली बनाएर नचाइरहेका छन्। हिजो साम्राज्यवाद फुटाऊ र शासन गरको नीति लिएर नेपाललगायत विश्वका विकासोन्मुख देशहरूलाई खेलाएर आफ्नो पक्षमा लिने गर्थ्यो भने आज विषयान्तर गरेर शासन गर भन्ने नीति लिएर आएको छ। विश्व साम्राज्यवादको नाइके मानिने अमेरिका भारत हुँदै नेपाल कब्जा गरेर चीनलाई आफ्नो मातहतमा लिन चाहन्छ। पहिले पार्टीहरू फुटाएर शासन गरे। अब त्यो सम्भव नभएपछि एउटा विषयवस्तु दियो। अन्तर्विरोध हाल्यो। फेरि अर्को विषय तेर्स्यायो। फेरि अर्को हाल्यो गरेर वाक्कदिक्क बनाएर मुलुक नै लिन चाहन्छ। सन १८१६ को सुगौली सन्धिमा धेरै जमिन गुमाएको नेपालको ६०,००० हेक्टर जमिन त्यसदेखियता मात्रै भारतले कब्जा गरेको छ। त्यसको विरोध गर्दागर्दै कालापानी, लिम्पियाधुरा र लिपुलेकसहित २५४ वर्गकिमि जमिन फेरि भारतीय साम्राज्यवादले कब्जा गरेर उसको नक्सामा समेत राखिसकेको छ। यसको चौतर्फी विरोध हुँदाहुँदै अमेरिकी साम्राज्यवादले फेरि चीन र उत्तरकोरियालाई समेत आफ्नो कब्जामा पार्ने रणनीतिअनुसार इन्डो प्यासिफिक रणनीतिअन्तर्गत मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत नेपालमा अमेरिकी सेना ल्याएर पहिले नेपाल कब्जा गर्ने अनि चीन छिर्ने नीति लिएर आएको छ। नेपालमा यसको प्रतिनिधित्व नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, सरकारी नेकपाका अध्यक्ष केपी वली, राप्रपा अध्यक्ष कमल थापा, बेलायती-अमेरिकीहरूका अभिकर्ता रवीन्द्र मिश्र र केही दलाल कर्मचारी पनि छन्। यसको विरोधमा हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीसहित २५ वटा पार्टीहरू, सत्ताधारी पार्टीमै पनि झलनाथ खनाल, माधव नेपाल, भीम रावल, देव गुरुङलगायत बहुमत केन्द्रीय सदस्यहरू, नेपाली काङ्ग्रेसका गगन थापा, पूर्वसेनापतिहरू, पूर्वप्रहरी प्रमुखहरू, पूर्वराजा ज्ञानेन्द्र शाहलगायत देखिएका छन्। यही सन्दर्भमा पूर्वसभामुख कृष्णबहादुर महराको त सभामुख पद नै सिध्याइदिएका छन्।

कार्ल मार्क्सले करिब २५० वर्षअगाडि भनेको भनाइ आज पनि उत्तिकै सान्दर्भिक देखिन्छ। यही स्थिति कायम रहिरहने हो भने अबको केही वर्षभित्रमै नेपाली दलालहरूमार्फत साम्राज्यवादीहरूले नेपाल कब्जा गर्नेछन् जसरी लेन्डुप दोर्जेले सिक्किम भारतलाई बुझाएका थिए।

सरकारी जमिन आज तिनै दलालहरूले कि आफैँले कब्जा गरेर लिएका छन् कि त दलालमार्फत आफ्ना नातागोता र आफन्तका नाममा राखेका छन्। खोला, नदीनाला विदेशी प्रभुलाई सुम्पिएका छन्। शिक्षा र स्वास्थ्यलाई जनताको पहुँचदेखि टाढा पुऱ्याएका छन्। बनजङ्गल फडानी गरेर ध्वस्त पारेका छन्। जमिनमाथिको सबै वस्तुहरू बुझाएर अब बाँकी जमिन पनि धमाधम बुझाउँदैछन्। यतिबेला दलालहरू फेरि नेपालमा भएका विभिन्न काण्डहरू ढाकछोप गर्दै अमेरिकी योजनाअन्तर्गत नेपाल आफ्नो हातमा लिएर छिमेकी देश चीनलाई आफ्नो प्रभुत्वमा राख्न नेपालको विकास गर्ने बहानामा नेपालमा अमेरिकी सेना ल्याएर राख्न चाहन्छन्। सोहीअनुरूप नेपालमा ५५ अर्ब रकम अनुदान दिने र १३ अर्ब नेपाल सरकारले थप्ने जुन किर्ते र षड्यन्त्र रचियो यो परियोजना १३ अर्बले नै चलाएर उसको योजना र लक्ष्य पूरा गर्न चाहन्छ। यो कति राष्ट्रघाती छ भन्ने यी केही बुँदाले पनि प्रस्ट पार्छन् ः

### कानुनी हिसाबले हेर्दा

- धारा ३ को दफा ३ (२(च) (सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको पूर्ण अधिकार हुनेछ।
- धारा ३ को दफा ३ (८) (क)( परियोजनाको लेखा परीक्षण अमेरिकाको कम्पनीले मात्र गर्न सक्नेछ।
- धारा ५ को (क) र (ख) अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला पनि यो सम्झौता रद्द गर्न सक्नेछ।
- धारा ७ को दफा ७ (क) प्रस्तुत सम्झौता लागू भएपछि प्रस्तुत सम्झौतामा उल्लिखित र नेपालको कानुन बाझिएमा प्रस्तुत सम्झौता लागू हुनेछ।
- अनुसूची १ (ग) को २ यस परियोजनामा नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई खटाउनु पर्दा एमसीसीको स्वीकृति लिनु पर्नेछ।
- अनुसूची ४ (क) नेपाल सरकारले एमसीसीलाई चित्तबुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना इन्डिया सरकारले समर्थन गरेको हुनु पर्नेछ।

नोट- एमसीसी सन् २०१७ र सन् २०१९ को प्रतिवेदनअनुसार उल्लिखित प्रस्तावना र सम्झौता।

### प्रस्तुत नियमले उब्जाएको सबाल

- एमसीसीले तयार पारेको प्रस्तावमा उल्लिखित अवधारणा र व्याख्यामा नेपाल सरकारले छलफल गर्न, व्याख्या गर्न वा बुझ्न र स्पष्टीकरण सोध्न नपाउने।
- एमसीसीले मागेको भूभाग र स्रोतहरूमा नेपालले दायाँबायाँ कुरा गर्न नपाउने गरी कानुनी रूपमा हस्तान्तरण गर्नुपर्ने।
- एमसीसी प्रस्ताव संसद्देखि पारित भएपछि नेपाल सरकारले यसबारे कुनै जानकारी लिन चाहेमा एमसीसीबाट अनुमति लिनुपर्ने।
- यो प्रस्ताव संसद्बाट पारित हुनासाथ यसको परिचालन एमसीसीले बनाएको बोर्डले मात्र गर्ने तर यसमा नेपाल सरकारको कुनै भूमिका नहुने।
- विद्युत् ट्रान्समिसन लाइन र सडक सञ्जाल सञ्चालन गर्न एमसीसीका नियमहरूअन्तर्गत समानान्तर स्वतन्त्र निकायहरू बन्ने।
- एमसीसीका नाममा नेपालको कानुनले नसमात्ने गरी छुट्टै खाता खोल्ने र त्यसले गर्ने अन्य शङ्कास्पद बैङ्किङ कारोबार तथा त्यसबाट आउने ब्याज अमेरिकाको हातमा हुने।
- एमसीसी संसद्बाट पारित भएपछि अमेरिकी कानुन सक्रिय हुने र त्यससँग बाझिने नेपालका कानुनहरू निष्क्रिय हुने।
- नेपाल सरकारले हाल्ने भनिएको १३० मिलियन डलरको विनियोजन पनि एमसीसीले आफ्नै योजनामा गर्ने, नेपालले सोध्न पनि नपाउने।
- चीन र उत्तरकोरियाविरुद्ध तयार पारिएको अमेरिकाको यो युद्धरणनीति नेपाललाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा स्वीकृत गर्ने।
- सडक र विद्युत्सम्बन्धी वित्तीय नियम तथा परिचालन नियमहरू एमसीसीले बनाउने, नेपालका निकायहरूले काम नगर्ने।
- नेपालको सुशासन, आर्थिक विकासलगायत ढाँचाहरूलाई एमसीसीको अवधारणाअन्तर्गत मात्रै विकास गरेर लैजाने।
- परियोजनाअन्तर्गत आउने सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको एकलौटी अधिकार हुने र नेपालले त्यस्ता सम्पत्तिमाथिको हक पूरै छोड्नुपर्ने।
- परियोजनाका लागि आवश्यक सबै कथित सामग्रीहरू एमसीसीको स्वविवेकमा खरिद गर्ने (हतियार ल्याए पनि नेपालले सोध्न नपाउने)।
- परियोजना र त्यसको कामसँग सम्बन्धित कुनै प्रकारको संस्थागत वा व्यक्तिगत कर तिर्नु नपर्ने अर्थात् पूर्ण रूपमा कर छूट हुने।
- परियोजनाको लेखापरीक्षण एमसीसीले वा उसको स्वीकृतिमा मात्र नियुक्त भएका अधिकारीले गर्न पाउने, नेपालले खर्च विवरणका बारेमा हेर्न त के चासोसम्म पनि राख्न नपाउने।

"
;fd|Hojfbn]cfh bnfn ;+bjfblx¿nf0{emd|sf]k'tnL agfP/ grf0/x]sf 5g . lxhf] ;fd|Hojfb kmf6fpm / zf;g u/sf]gLlt lnP/ g]kfnnufot ljZjsf ljsf;f]Gdv b]zx¿nf0{ v]nfP/ cf^gf]kIfdf lng] uYof]{eg]cfh ljifofGt/ u/]/ zf;g u/ eGg]gLlt lnP/ cfPsf]5 .
"

- एमसीसीले ओगट्ने क्षेत्रभित्र अमेरिकाको रोजगारीमा वा उत्पादनमा असर पुग्नेखालको कुनै रोजगारी वा उत्पादनको काम नेपालले गर्न नपाउने।
- परियोजनाका क्रममा हुने यावत् प्रकारका सम्पूर्ण कामहरू अङ्ग्रेजी भाषामा हुने, नेपालीमा गर्न नपाउने।
- यो सम्झौता इन्डियाले स्वीकृत गरेको हुनुपर्ने र विद्युत् ग्रिड लाइनमा सहमति मात्र होइन, सम्पूर्ण परियोजनामा स्वीकृति हो।
- एमसीसी परियोजनामा कर्मचारी वा कामदार हरूको नियुक्ति एमसीसीले गर्ने, नेपालले एउटा पनि नियुक्ति परै जाओस्, सिफारिस पनि गर्न नपाउने र कर्मचारीका नाममा सेना ल्याएर राख्ने।
- परियोजनाका बारेमा कुनै जानकारी लिन चाहेमा नेपाल सरकारले एमसीसीसँग लिखित रूपमा अनुमति लिनुपर्ने, अनुमति नपाए जानकारी लिन नपाउने।
- नेपालको कम्युनिस्टलाई जसरी पनि समाप्त पार्ने र चीन, उत्तरकोरियालाई आफ्नो कब्जामा पार्ने जसका लागि नेपालमा नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा मुख्य र केपी, पीके, कमल थापा, रवीन्द्र मिश्रमार्फत आफ्नो प्रभाव बनाउने।
- नेपालमा उत्पादित विद्युत् सोझै भारतका विभिन्न ६ स्थान (इनरुवादेखि पूर्णिया, ढल्केबरदेखि मुजफ्फरपुर, लम्कीदेखि बरेली, अत्तेरियादेखि बरेली, बुटवलदेखि गोरखपुर, कोहलपुरदेखि लखनौ) मा लगेर राख्ने, फेरि इन्डियाबाट नेपाल ल्याउने।

अरू केही बुझ्न सजिलोका लागि निम्नकुरा पनि हेरौँ। वली गुट र गिरोहले सबै वातावरण बनाएर एमसीसी पारित गर्न खोज्दैछ।

- निजी कम्पनीलाई आणविक भट्टी खोल्न दिने वली सरकारको निर्णय एमसीसीको योजनासँग जोडिएको छ।
- सुरक्षासम्बन्धी छपाइ फ्रान्समा गर्ने भनी थालिएको प्रक्रिया फ्रान्सस्थित अमेरिकी कम्पनीका लागि हो।
- राष्ट्रिय परिचयपत्रको छपाइ गर्ने निर्णय फ्रान्सस्थित अमेरिकी कम्पनीलाई दिनका लागि भएको हो।
- स्याटलाइट नेटवर्क स्थापनाको जिम्मा विदेशी कम्पनीलाई दिने निर्णय पनि अमेरिकी कम्पनीका लागि हो।
- पर्यटकका भेषमा आउने अमेरिकी सेनाहरूको नेपाल बसाइलाई सजिलो बनाउन वली गिरोहले अमेरिकीहरूका लागि मात्र ६ महिनाको अन एराइभल भिसा दिने निर्णय गरेको छ।
- राजेन्द्रबहादुर क्षेत्री प्रधानसेनापति भएको बेला वली गिरोहले ह्यात होटेलमा 'इन्डो-प्यासिफिक' क्षेत्रभरि तैनाथ रहेका अमेरिकी सैन्य क्याम्पका प्रमुखहरूको सम्मेलन गराएको थियो।
- एमसीसीले बनाउने भनिएको ट्रान्समिसन लाइन नेपालमा नजोडेर गोरखपुरमा लैजानुको कारण नेपालको विद्युत्समेत लगेर आफैँ सञ्जालन गर्ने योजना हो।
- एमसीसीले ट्रान्समिसन लाइनसँगै अप्टिकल फाइबर जोडेर नेपालको सबै सूचना आफ्नो नियन्त्रणमा लग्दैछ।

चीन र चिनियाँ जनताको स्वतन्त्रता सफल बनाउन सक्षम दीर्घकालीन जनयुद्धका प्रणेता कमरेड माओ त्सेतुङले भनेका छन्, 'सेना नभएको जनतासँग आफ्नो भन्ने केही हुँदैन।' ठीक यतिबेला नेपालको राष्ट्र बचाउने हो भने वा स्वाधीन नेपाल बनाइराख्ने हो भने आमनेपाली जनता अब सेना बन्न तयार हुनुपर्छ र नेपाली सेना, प्रहरीलगायत सबै क्षेत्रबाट राष्ट्रिय युद्ध लडेर विदेशीका दारा-नङ्ग्रा भाँच्नुपर्छ। साम्राज्यवादीहरूका दलाल लेन्डुपेहरूलाई नेपालबाट लखेट्न जरुरी भैसकेको छ।

साम्राज्यवादीहरूले विभिन्न माध्यमद्वारा चीन, रुस, उत्तरकोरिया, नेपाललगायत कम्युनिस्ट देशहरूलाई आफ्नो कब्जामा ल्याउन चाहन्छ। आणविक हतियार वा आतङ्कवाद वा विकास वा अरू कुनै बहाना बनाएर सीधै हस्तक्षेपकारी नीतिअन्तर्गत साम्राज्यवादीहरू अहिले आइरहेका छन्। विकासको बहानामा ग्ल्इ, ध्ज्इ, क्ष्ँ लगाएत विभिन्न अन्तर्राष्ट्रिय गैससमार्फत अविकसित देशहरूमा छिरेर आफ्नो प्रभाव जमाई अन्त्यमा कब्जा गर्ने यिनीहरूको मुख्य रणनीति देखिन्छ।

यतिबेला इन्डो पेसिफिक रणनीति आईपीएसअन्तर्गत एमसीसी परियोजनामार्फत अमेरिकी साम्राज्यवाद संयुक्त राष्ट्रसङ्घको माध्यमबाट विश्वका ४५ भन्दा धेरै देशहरूमा सन् २००२ देखि प्रवेश गरेको छ। सन् २००४ मा एमसीसी परियोजना सुरुआत गरेको साम्राज्यवाद अल्पविकसित देशहरूको विकास गर्ने नाटक मञ्चन गर्दै नेपालको आर्थिक विकासमा बाधा केके छन् भनेर प्रस्तावना तयार पारी शान्तराम सुवेदीले हस्ताक्षर गरेर सन् २०१४ मा बुझाएका थिए। सन् २०१५ मा यााष्अभ या ञ्र्षबिष्लष्थक अजर्बाभिलनभ ल्भउर्बा को स्थापना गरियो। यो संस्थाको प्रमुख पहिले कृष्ण ज्ञवाली र पछि तुलसी सिटौला थिए।

सन् २०१७ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्र कार्कीले अङ्ग्रेजीमा लेखिएको सम्झौतापत्रमा आँखा चिम्लिएर हस्ताक्षर गरे। अहिले यो परियोजनाको प्रमुख खड्ग बिस्ट हुन्। नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालगायत धेरै काङ्ग्रेसीहरू ज्यान फालेर समर्थनमा लागेका छन् भने सरकारी नेकपाका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री केपी वली गुट खुट्टो उचालेर पास गराउन लागिपरेको छ। केही पैसा लिएर पार्टी चलाउन पल्केका राप्रपा अध्यक्ष कमल थापा अनि साम्राज्यवादका अभिकर्ता साझा पार्टीका नेता रवीन्द्र मिश्र पनि समर्थनमा देखिन्छन्। तर हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीलगायत केही पार्टीहरू र राष्ट्रिय स्वाधीनता चाहने आमजनसमुदायले एमसीसी खारेज हुनुपर्छ भनेर तीव्र विरोधसँगै आन्दोलन गरिरहेका छन्। एकपछि अर्को वैदेशिक हस्तक्षेप र व्यापक भ्रष्टाचार, चरम महँगी, बलात्कार, घूस, कमिसन आदि कारणले गर्दा हाम्रो पार्टीको मागलाई दृष्टिगत गरी अधिकांश पार्टी र नागरिक समाजका अगुवा अनि आमजनसमुदाय यो दलाल संसदीय व्यवस्थाले देश र जनताको हित बिलकुलै हुँदैन। तसर्थ अब यो व्यवस्थाको अन्त्य गरेर वैज्ञानिक समाजवादी जनगणतन्त्र स्थापना गर्ने आवाज उठाउन थालेका छन्। निश्चितै पनि अब यो व्यवस्थाको अन्त्य गर्न ढिलाइ गर्ने हो भने नेपाल र नेपालीको अस्तित्व नै समाप्त भएर जाने देखिन्छ। अब जनताको न्याय अनिवार्य स्थापित हुनुपर्छ। त्यसका लागि सबैले पहल गरौँ।

## अदालत र सुरक्षा निकाय ...

वर्तमान राज्यसत्ता र सरकारसँग विमति राखेकै कारण यसरी व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन हुने कार्य प्रहरीले गरेपछि सर्वोच्च अदालतले कुनै पनि नागरिकलाई बिनाकारण बन्दी बनाएर राख्न नमिल्ने नयाँ नजिर स्थापित गरेको छ। सर्वोच्चले कसैलाई पनि निरन्तर थुनामा राख्नु 'अनुचित, अतार्किक र जबाफदेहिताहीन कार्य' भएको फैसला गरेको छ। सर्वोच्चका न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले हालै एक बन्दीप्रत्यक्षीकरण रिटको फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै यस्तो नजिर कायम गरेको हो।

सर्वोच्चले फरक राजनीतिक आस्था भएकालाई आशङ्काकै भरमा उचित कारण र विश्वसनीय आधारबिना गैरकानुनी गतिविधि गरेको भन्दै आशङ्काको भरमा पक्राउ गर्न नमिल्ने वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न नपाइने जनाएको छ। सर्वोच्चले भनेको छ, 'कानुनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन।' फैसलामा भनिएको छ, 'संविधानले कानुनी औचित्य पुष्टि हुन नसक्ने प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानुनी रूपमा शक्तिको प्रयोग गर्नबाट निषेध गरेको छ। वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानुनले तोकेको उचित प्रक्रियाको अनिवार्य अनुसरण गर्नुपर्ने हुन्छ। कानुनको उचित प्रक्रिया अनुसरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले न्यायिक वैधता प्राप्त गर्न सक्दैन।'

सर्वोच्चले भनेको छ, 'कुनै व्यक्तिलाई गैरकानुनी रूपमा वा कानुनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको समेत कर्तव्य बन्दछ।' त्यस्तै, 'लोकतान्त्रिक मूल्य-मान्यता, न्यायिक अवधारणा, कानुनको शासन तथा संविधान एवम् कानुनद्वारा प्रत्याभूत हकअधिकारको संरक्षण गर्नेसमेत कुनै दृष्टिले हेर्दा पनि प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न नसकिने बेहोरा सर्वोच्चको आदेशमा उल्लेख छ। कानुनी प्रक्रियामा व्यक्तिमाथि गरिने व्यवहार न्यायिक, स्वच्छ र तर्कसङ्गत हुनुपर्ने भनिएको छ। कानुनको उचित प्रक्रिया अनुसरण नगरी व्यक्तिलाई बन्दी बनाउने कार्य अनुचित हुन्छ। यसप्रकारको प्रवृत्तिबाट संविधानद्वारा प्रत्याभूत हकअधिकारको कार्यान्वयनमा गम्भीर अवरोध पैदा गर्ने सम्भावनासमेत रहन्छ। यस पक्षमा स्वयम् अदालतलगायत नेपाल सरकारका सम्बद्ध निकायहरू गम्भीर हुन वाञ्छनीय देखिन्छ', फैसलामा भनिएको छ, 'यसप्रकारको प्रवृत्तिले स्वेच्छाचारितालाई बढावा दिने र संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको प्रचलनमा गम्भीर आघात पुऱ्याउने अवस्था रहन्छ। त्यसैले नेपाल सरकारका सम्बद्ध पदाधिकारीहरूले यसप्रकारको प्रवृत्तिबाट सिर्जना हुने कानुनी दायित्वसमेत बहन गर्नुपर्ने अवस्था रहन्छ। यस पक्षमा सरकारका सम्बद्ध पदाधिकारीहरू सचेष्ट रहन वाञ्छनीय देखिन्छ।'

सोही विषयलाई लिएर प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले अदालतको आदेश अवज्ञा गरेको मुद्दामा लिखित जबाफ दिँदै अदालतको आदेशको अवज्ञा गर्ने कुरा कल्पना पनि गर्न नसकिने जबाफ दिएका छन्। अदालतको आदेशबाट रिहा भएलगत्तै पुनः गिरफ्तार गरेर प्रहरीले अदालतको अवहेलना गरेको भन्दै भीमप्रसाद शर्माले अदालतको आदेशबाट छुटेलगत्तै गिरफ्तार गरेर अदालतको अवहेलना गरेको भन्दै प्रहरी महानिरीक्षकसहित ४ जनालाई विपक्षी बनाएर रिट दायर गरेका थिए। सोही रिटमा सुनुवाइ गर्दै अदालतको अवहेलना मुद्दामा किन कारबाही नगर्नुपर्ने हो ? भन्दै गत फागुन १६ गते महानिरीक्षकसहितलाई सात दिनभित्र लिखित जबाफ पेस गर्न आदेश दिएको थियो। फागुन २२ गते म्याद बुझेका महानिरीक्षक ज्ञवालीले छाडिएका विप्लव नेतृत्वको नेकपाका नेताकार्यकर्तालाई अदालतको गेटभित्रबाट नपक्रिएको जबाफ दिँदै भने, 'म र मेरो कार्यालयका तर्फबाट कुनै पनि आदेश दिएको छैन। पक्राउ परेकालाई छाडेपछि फेरि पक्राउ गर्नु भनी यस कार्यालयबाट कुनै पनि प्रहरीलाई खटाइएको छैन।' उनको जबाफ छ, 'कानुन कार्यान्वयनका लागि भएका कामकारबाहीमा अदालतको आदेशबमोजिम छुटेका व्यक्तिलाई पुनः कानुनविपरीतको कार्य गरेकोमा कानुनबमोजिम पक्राउ गरेको कार्यलाई सम्मानित अदालतको आदेशको पालना नभएको भनी व्याख्या गर्नु उपयुक्त हुँदैन।'

तर वर्तमान प्रहरी महानिरीक्षक ज्ञवालीले पदभार समाल्नुपूर्व सर्वेन्द्र खनाल प्रहरी प्रमुख हुँदा नेकपाका सयौँ नेता-कार्यकर्ताहरूलाई रिहा भएलगत्तै गिरफ्तार गरेर मुद्दा चलाउने कार्य पटकपटक दोहोरिएको थियो। असार ५ गते सर्लाहीको लालबन्दीमा भएको कुमार पौडेल हत्याको घटनामा त प्रहरी प्रमुखकै संलग्नता रहेको भनी पौडेल परिवारले तत्कालीन आईजीपी सर्वेन्द्र खनाललगायतमाथि कारबाहीको माग गरिरहेको छ।

# कोमामा पुगेको सार्क कोरोनाले ब्युँझायो

**काठमाडौँ** : भारत-पाकिस्तान तनावका कारण दक्षिणएसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) करिब कोमामा पुगेको थियो । यसअघि २०७३ मा नै भैसक्नुपर्ने सार्क सम्मेलन भारत र पाकिस्तानबीचको तनावकै कारण सम्भव भएको थिएन । हाले विश्वभर महामारीका रूपमा फैलिएको कोरोना प्रकोपपछि भारतीय प्रधानमन्त्रीको आग्रहमा सार्क राष्ट्रका प्रमुखहरूबीच भिडियो कन्फरेन्स भएको छ । कोरोनाविरुद्धको लडाइँ साझा तरिकाले लड्न सार्क राष्ट्रहरू एकै ठाउँमा उभिनुपर्ने मोदीको प्रस्ताव पाकिस्तानले स्वीकार गरेसँगै आइतबार बेलुका भएको भिडियो कन्फरेन्समार्फत सार्क राष्ट्रका प्रमुखहरू एकैसाथ संवाद गर्न सम्भव भएको हो । यद्यपि पाकिस्तानका राष्ट्रपति इमरान खान भिडियो कन्फरेन्समा आफैँ उपस्थित नभई त्यहाँका स्वास्थ्यमन्त्रीलाई सहभागी गराए । बाँकी सबै राष्ट्रका भने राष्ट्रप्रमुख नै भिडियो कन्फरेन्समा सहभागी भए । यसअघि एकआपसमा छलफल र संवादका लागि नजिक पर्न नचाहने भारत र पाकिस्तानकै कारण नेपालले विभिन्न समयमा गरेको प्रयास पनि सफल हुन सकेको थिएन जसको कारण सार्क शिथिल बनेको थियो र शिखर सम्मेलन अलपत्र परेको थियो । तर कोभिड १९ ले भारतमा प्रवेश गरेर २ जनाको ज्यानसमेत लिएको अवस्थामा मोदीले कोरोनाविरुद्ध लड्न साझा कदम चाल्नुपर्ने आवश्यकता महसुस गरेका हुन सक्छन् । कोरोना प्रकोप महामारीको कुनै सीमा नहुने हुँदा यो मानवीय संवेदना र निकै संवेदनशील विषय भएर पनि हुनसक्छ भारतको आग्रह पाकिस्तानले सजिलै स्वीकार गऱ्यो र सार्क राष्ट्रहरूको संवाद सम्भव भयो ।

सार्क राष्ट्रका प्रमुखहरूबीच भएको भिडियो संवादमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आपत्कालीन कोष प्रस्ताव गर्दै आफ्नो देशले १ करोड अमेरिकी डलर योगदान गर्ने घोषणा गरेका छन् । यस्तै नेपाललगायत अन्य सार्क देशहरू अफगानिस्तान, बङ्गलादेश, माल्दिभ्स, भुटान, श्रीलङ्काले पनि आवश्यक योगदान गर्ने बताएका छन् । भिडियो कन्फरेन्समा बोल्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यो महामारीले भविष्यमा कस्तो रूप लिन्छ भन्ने थाहा भएकाले सबै मिलेर यसको सामना गर्नुपर्ने बताए । दक्षिणएसियामा महामारी नियन्त्रणका लागि साझा अनुसन्धान केन्द्र बनाउने प्रस्ताव गर्दै मोदीले कोरोना महामारी पहिलो र अन्तिम नभएको, महामारीविरुद्धको लडाइँ सबै मिलेर लड्नुपर्ने र विश्वलाई उदाहरण देखाउनुपर्ने बताए ।

यस्तै नेपालका प्रधानमन्त्री केपी वलीले सार्क देशहरू परम्परागत र प्राकृतिक औषधीहरूको धनी भएको भन्दै हात मिलाउनुको सट्टा अभिवादन गर्नुपर्ने बताए । वलीले नेपालमा अहिलेसम्म एकजनामा मात्र कोरोना पोजेटिभ देखिएको भन्दै कोरोनाविरुद्ध लड्न चालिएका कदमहरूका बारेमा जानकारी गराए । यस्तै माल्दिभ्सका राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहले २००३ को सार्स भाइरसको त्रासको बेलाजस्तै सार्कका मन्त्रीहरूको बैठक बसेर रणनीति तर्जुमा गर्नुपर्ने बताए ।

यस्तै अफगानिस्तानका राष्ट्रपति असरफ अलि घानीले आफ्नो देशको इरानसँगको खुला सीमाका कारण बढी जोखिम रहेको भन्दै कोरोनाविरुद्ध लड्न टेली मेडिसिनको भूमिका मुख्य हुने बताए । यस्तै बङ्गलादेशकी प्रधानमन्त्री सेख हसिना वाजेदले कोरोना सङ्कटसँग जुध्न विशेष किसिमको संयन्त्र निर्माण गर्नुपर्ने बताइन् । यस्तै श्रीलङ्काका राष्ट्रपति गोटभाया राजापक्षेले विशेष संयन्त्रको आवश्यकतामा जोड दिए । पाकिस्तानी स्वास्थ्यमन्त्रीले पनि क्षेत्रीय सहकार्यमा सार्कको भूमिका महत्वपूर्ण हुने भन्दै भारतले कास्मिरमा लगाएको प्रतिबन्ध हटाउनुपर्ने बताए ।

# अपहरणको आरोप साम्राज्यवादी डिजाइन हो : अरुण

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी जनकपुर ब्युरोले नेकपाका नेता-कार्यकर्तालाई अपहरणको आरोप लगाउँदै गिरफ्तार गर्ने कार्य पार्टीलाई जनताबाट अलग्याउने साम्राज्यवादी डिजाइन रहेको जनाएको छ । ब्युरो इन्चार्ज अरुणले प्रेस वक्तव्य जारी गर्दै पार्टीकामको सिलसिलामा उदयपुर पुगेको समयमा प्रहरीले आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी बनावटी र झुट्टो आरोप लगाएको बताएका छन् । साथै अरुणले गिरफ्तार गरिएका सुनसरीका विवेक खड्का, भोजपुरका मणिराज राईलगायत १४ जनालाई तत्काल बिनासर्त रिहा गर्न पनि आग्रह गरेका छन् ।

फागुन ३० गते जारी ब्युरो इन्चार्ज अरुणको वक्तव्यमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टीको जनसम्पर्क तथा सङ्गठन विस्तारका क्रममा उदयपुर जिल्लाको कटारी नगरपालिका १ को खसीबासमा पुगेका कार्यकर्ताहरूलाई २०७६ फागुन २ ९ गते दिउँसो ठूलो सङ्ख्यामा सुरक्षा निकाय परिचालन गरी सुनसरीका कमरेड विवेक खड्का, भोजपुरका कमरेड मणिराज राईलगायत १४ जनालाई गिरफ्तार गरिएको घटनाको हाम्रो पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'सामान्य ढङ्गले गाउँघरमा सङ्गठन निर्माण गर्दै हिँडेका कार्यकर्ताहरूलाई कथित अपहरणजस्तो कृत्रिम आरोप लगाइएकोमा पार्टी खण्डन गर्दछ साथै बालबालिकालाई पूर्णकालीन कार्यकर्ता बनाउने पार्टीको कुनै नीति नरहेको पनि प्रस्ट पार्न चाहन्छौँ ।'

वक्तव्यको अन्त्यमा भनिएको छ, 'जनताका पक्षमा निरन्तर सङ्घर्ष गर्दै अगाडि बढेको राजनीतिक पार्टीलाई जनताबाट अलग्याउने साम्राज्यवादी डिजाइनअन्तर्गत झुट्टा र कपोलकल्पित विषयलाई प्रचार गर्दै हिँड्नुले वर्तमान राज्यसत्ताको षड्यन्त्रको स्तरलाई प्रस्ट पार्दछ । शान्तिपूर्ण ढङ्गले जनताका बीचमा रहेका कार्यकर्तालाई फसाउन हातहतियार, बम, विस्फोटक पदार्थजस्ता विषयसँग जोडेर झुट्टा मुद्दामा फसाउने सरकारी हर्कतको भण्डाफोर गर्दछौँ । गिरफ्तार सबै कार्यकर्ताहरूको रिहाइको माग गर्दछौँ । अन्यथा कडा सङ्घर्ष गरिने चेतावनी पनि यसै वक्तव्यमार्फत दिन चाहन्छौँ ।'

# पाठ्यक्रमबाहिरबाट प्रश्न सोधिएको भन्दै सुदूरपश्चिम विश्वविद्यालयका विद्यार्थीद्वारा परीक्षा बहिष्कार

## पुनः परीक्षा नलिइए सङ्घर्ष चर्काउने अखिल क्रान्तिकारी र नेविसङ्घको चेतावनी

अखिल क्रान्तिकारी र नेविसङ्घले सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान सङ्कायको Bsc Ag प्रथम सेमेस्टरको Fundamental Of Agronomy विषयको प्रश्नपत्र पाठ्यक्रमभन्दा बाहिरबाट आएको भन्दै चैत २ गतेको सम्पूर्ण विद्यार्थी परीक्षा बहिष्कार गरेको र उक्त विषयको पुनः परीक्षा नगरिए सङ्घर्ष चर्काउने चेतावनी दिएका छन् । अखिल क्रान्तिकारीका सेती-महाकाली संयोजक वीरेन्द्र शाह र नेपाल विद्यार्थी सङ्घका निमित्त केन्द्रीय सहमहामन्त्री अच्युतराज कलौनीले संयुक्त विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएका हुन् ।

शाह र कलौनीले मङ्गलबार जारी गरेको संयुक्त विज्ञप्तिमा भनिएको छ, 'सुदूरपश्चिम क्षेत्रको शैक्षिक धरोहरका रूपमा रहेको यस सुदूरपश्चिम विश्वविद्यालयको हकहित र शैक्षिक सुधारका लागि हामी सदैव अग्रसर र सङ्घर्षरत रहेको कुरा सबैमा सर्वविदितै छ । कैलालीको टीकापुरमा रहेको सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान सङ्कायको Bsc Ag प्रथम सेमेस्टरको Fundamental Of Agronomy विषयको प्रश्नपत्र पाठ्यक्रमभन्दा बाहिरबाट आएको हुँदा मिति ०७६-१२-०२ गते हुने भनिएको परीक्षा सम्पूर्ण विद्यार्थीहरूद्वारा बहिष्कार गरिएको छ । परीक्षा नियन्त्रण कार्यालयद्वारा गरिएको लापरबाही र कमजोरीप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । उक्त कमजोरी र लापरबाहीको कडा निन्दा र भर्त्सना गर्दछौँ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'परीक्षा नियन्त्रण कार्यालयबाट पटकपटक विद्यार्थीहरूको भविष्यसँग खेलबाड हुने विभिन्न कमजोरी हुँदै आएका छन् । यस्ता कमजोरी सच्याउन सचेत गराउँछौँ । उक्त परीक्षा स्थगित गरी अर्को मितिमा विद्यार्थीहरूलाई परीक्षा दिने वातावरण मिलाउन आग्रह गर्दछौँ । आउँदा दिनहरूमा यस्ता कमीकमजोरीहरू दोहोरिए सशक्त सङ्घर्ष गर्ने कुरा यसै प्रेस विज्ञप्तिमार्फत सम्प्रेषण गर्दछौँ ।'

# सम्पर्क मञ्चको रामेछाप, सिन्धुली र काभ्रेको भेला तथा पुनर्गठन

जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समाजअन्तर्गत रामेछाप-काठमाडौँको तेस्रो भेला मङ्गलबार सम्पन्न भएको छ । भेलाले रुन्जन श्रेष्ठको अध्यक्षतामा १२ सदस्यीय रामेछाप-काठमाडौँ सम्पर्क समिति गठन गरेको छ । मञ्चको उपाध्यक्षमा विगुल तामाङ, विपना ओली, र श्याम ओली, सचिवमा ममता खड्का श्रेष्ठ र कोषाध्यक्षमा भोजराज राखेल छन् । त्यस्तै सदस्यहरूमा पूर्ण माझी, गणेश सुनुवार, पर्वत श्रेष्ठ, राजकुमार माझी, होम खवाल लगायत रहेका छन् । मञ्चका सल्लाहकारमा आवाज श्रेष्ठ, यामबहादुर आले र मानबहादुर सारु रहेका छन् । कार्यक्रमको अध्यक्षता रुन्जन श्रेष्ठले गरेका थिए भने प्रमुख अतिथि सुशील बलम्पाकी थिए ।

यस्तै सम्पर्क मञ्चअन्तर्गत सिन्धुली-काठमाडौँको भेला पनि मङ्गलबार नै सम्पन्न भएको छ । भेलाले सुनिल मधेसको संयोजकत्वमा ११ सदस्यीय कार्यसमिति गठन गरेको छ । सदस्यहरूमा सीताराम, मुलक, विकास, अमृत, नारायण, राजन, माइकल, दुर्गासहित ११ सदस्य रहेको बताइएको छ । सुनिल मधेसको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि खेम प्रधान थिए ।

यसअघि जनगणतान्त्रिक सम्पर्क मञ्चकै काभ्रे-काठमाडौँ भेला सम्पन्न भएको थियो । भेलाले सोलेमान लामाको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति चयन गरेको थियो । मञ्चमा उपाध्यक्ष दीपक लामा, सचिव सूर्य माझी, सहसचिवमा विश्व माझी, कोषाध्यक्षमा भुनी माझी, सहकोषाध्यक्षमा निमा लामा र च्याङ्बा लामा रहेका छन् । त्यस्तै सदस्यहरूमा माझी लामा, भूगोल माझी, राम तामाङ, कुलदीप माझी, माधव माझी, कान्छामान माझी, कमल माझी र कलम माझी गरी २५ जना छन् । कार्यक्रमका अतिथि खेम प्रधान र मुक्तक लामाले अध्यक्षता गरेका थिए ।

# प्रतिबन्धपछि पार्टीप्रति जनताको आकर्षण बढ्यो : नेकपा

**धनगढी** : नेपाल कम्युनिस्ट पार्टीले सरकारले लगाएको प्रतिबन्धले पार्टीप्रति आम नागरिकको आकर्षण अझै बढेको जनाएको छ । केही नेता-कार्यकर्ता क्रान्तिबाट भागे पनि पार्टीप्रति नागरिकको विश्वास र साथ अझ बढेको नमिल्ने नेकपाको निष्कर्ष छ ।

पार्टीको सेती-महाकाली ब्युरोले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा सहभागी नेकपा कैलाली इन्चार्ज प्रशान्तले सरकारले आफूहरूमाथि लगाएको प्रतिबन्ध एक वर्ष पुगेको र प्रतिबन्धले खुला रूपमा सङ्गठन निर्माणलगायत काम गर्न केही असहज भए पनि आन्तरिक तथा जनताबीच पुगेर नेता-कार्यकर्ताले प्रत्यक्ष भेटघाट तथा छलफल गरेपछि फाइदा पुगेको बताएका छन् ।

आमनागरिकसँग आमनेसामने बसेर पार्टीको नीति, योजना तथा उद्देश्यका बारेमा विस्तृत रूपमा बुझाउन तथा सरकारका गलत क्रियाकलापको भण्डाफोर गर्ने कार्य जारी रहेको र यसले पार्टीलाई ठूलो उपलब्धि भएको उनले बताए ।

कैलाली जिल्लाको बर्दगोरिया गाउँपालिका ६ विशालनगरमा नेकपाले सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा सामना परिवारले विशेष जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । सांस्कृतिक प्रस्तुतिबाट जनतालाई क्रान्तिमा गोलबद्ध गर्न र वैज्ञानिक समाजवाद स्थापना गर्न सुरु गरिएको एकीकृत जनक्रान्तिको यात्रामा अघि बढ्न उत्प्रेरित गर्ने आयोजकहरूले बताएका छन् । सामनाले घोडाघोडी नगरपालिका ४ जनकपुरमा समेत कार्यक्रम गरेको छ ।

# अनेमसङ्घ (क्रान्तिकारी) को दार्चुला जिल्ला सम्मेलन

**काठमाडौँ** : अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) दार्चुलाको पाँचौँ जिल्ला सम्मेलन सम्पन्न भएको छ । बुधबार सम्पन्न सम्मेलनले कौशला बोहराको नेतृत्वमा १३ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) ले जनाएको छ ।

सुशीला धामीको सञ्चालन र कौशला बोहराको अध्यक्षतामा सम्पन्न सम्मेलनको प्रमुख अतिथि सङ्घकी केन्द्रीय सचिवालय सदस्य तथा सेती-महाकाली संयोजक पूर्णिमा धामी र विशेष अतिथि नेपाल कम्युनिस्ट पार्टीका दार्चुला सचिव लक्ष्मण रहेका थिए ।

सम्मेलनको उद्घाटन सत्रमा प्रमुख अतिथि पूर्णिमाले केपी वली नेतृत्वको दलाल सामाजिक फासिवादी सरकारले नेकपासँगै आफ्नो सङ्गठनलाई पनि लगाएको कथित प्रतिबन्ध एक वर्ष पूरा भएको र यसले सङ्गठनलाई झनै जुझारु र सुदृढ बनाएको बताइन् । उनले भनिन, 'कथित कम्युनिस्टको सरकार छ तर महिला हिंसा झनै बढेर गएको छ । यो कम्युनिस्ट सरकार नभई दलाल पुँजीवादीहरूको सरकार हो । यो दलाल पुँजीवाद रहँदासम्म महिला मुक्ति सम्भव नभएकाले महिलाहरू वैज्ञानिक समाजवाद ल्याउने क्रान्तिमा सामेल हुनुपर्छ ।'

नेकपाका दार्चुला जिल्ला सचिव लक्ष्मणले सम्मेलनमा शुभकामना दिँदै आफ्नो पार्टी पूर्ण महिला मुक्तिका पक्षमा सङ्घर्षरत रहेको बताए । उनले पार्टीको लक्ष्य वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा पुग्ने भएकाले यसमा उत्पीडित र श्रमिक महिलाहरू सामेल हुनुपर्नेमा जोड दिए ।

नेकपा विगतमा नेताहरूले दिएको धोका र गद्दारीबाट नयाँ पाठ सिक्दै एकीकृत जनक्रान्तिमा अघि बढेको र महिला उत्पीडनका विरुद्ध जनकारबाहीमा समेत उत्रिएको बताउदै अब छिट्टै देशमा क्रान्ति सफल हुने विश्वास व्यक्त गरे ।

# युवा सङ्गठन नेपाल कैलालीको अध्यक्षमा दीपक

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपाल कैलालीको जिल्ला सम्मेलन सम्पन्न भएको छ ।फागुन २५ गते सम्पन्न जिल्ला सम्मेलनले दीपकको अध्यक्षतामा १७सदस्यीय जिल्ला समिति गठन गरेको छ । जसको उपाध्यक्षमा ओम भट्ट रहेका छन् ।सम्मेलनका प्रमुख अतिथि युवा सङ्गठन नेपालका सेती-महाकाली ब्युरो संयोजक कमल भट्ट, विशिष्ट अतिथि पार्टीका जिल्ला इन्चार्ज प्रशान्त र अतिथि पार्टीका सेक्रेटरी करण थिए । सम्मेलनमा तीन सय युवाको उपस्थिति रहेको पनि जनाइएको छ ।

# सार्वजनिक जग्गा हडपे जनकारबाही गर्ने जनपरिषद्को चेतावनी

दाङ : घोराही कर्मचारी मिलन केन्द्रदेखि दक्षिण भागमा रहेको खाद्य संस्थानस्थित सार्वजनिक जग्गा मास्न नपाइने भन्दै विभिन्न सङ्घसंस्थाहरूले गरिरहेको विरोधप्रति नेकपाको जिल्ला जनपरिषद् दाङले पूर्ण रूपमा समर्थन गरेको छ । साथै जिल्ला जनपरिषद्ले उक्त जग्गा लिनेदिने कार्यमा पछि नहटे जनकारबाही गर्ने चेतावनीसमेत दिएको छ ।

जिल्ला जनपरिषद् दाङका प्रमुख आकाशले प्रेस विज्ञप्ति जारी गरी आपतविपदमा आवश्यक पर्ने, केही सार्वजनिक कार्यक्रमहरूसमेत हुँदै आएको उक्त खाली जमिन संरक्षण गर्नुपर्ने आवश्यकता रहेको, उक्त खाली ठाउँ व्यापारिक प्रयोजनका लागि उपयुक्त नभएको, खुला ठाउँ संरक्षण गरी राख्दा नै समग्र जनता र नगरबासीलाई उपयुक्त हुने भएकाले उक्त जग्गा लिजमा लिनेदिने काम बन्द गर्न आग्रह गरेका छन् । आइतबार जारी गरिएको जनपरिषद्को विज्ञप्तिमा डबल नेकपाका केही नेताहरूले आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिका लागि सत्ता र शक्तिको दुरुपयोग गर्दै उक्त जग्गा हडप्न खोजेको भन्दै आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

# दिलीपलाई बिनासर्त रिहा गर : बादल

**काठमाडौँ** : युवा सङ्गठन नेपाल कपिलवस्तुले आफ्नो सङ्गठनका जिल्ला सचिव दिलीप चन्दलाई बिनापुर्जी र बिनाकारण गिरफ्तार गरिएकोमा घोर भर्त्सना गर्दै तत्काल रिहा गर्न माग गरेको छ । सङ्गठनका जिल्ला अध्यक्ष बादलले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै चन्दलाई राजपुर नगरपालिका बानियाभारबाट २०७६ फागुन २९ गते अपहरणशैलीमा गिरफ्तार गरिएकाले तत्काल ससम्मान रिहा गर्न जोडदार माग गरेका हुन् । युवा सङ्गठन नेपाल कपिलवस्तुका अध्यक्ष बादलद्वारा हस्ताक्षरित विज्ञप्तिमा देशभक्त, क्रान्तिकारी युवाहरूमाथिको फाँसिवादी दमनका घृणित हर्कत नरोके त्यसको जबाफ महँगो हुने चेतावनीसमेत दिइएको छ ।

# मदिरा उत्पादन र बिक्रीवितरण गर्न प्रतिबन्ध

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी भेरी-कर्णाली स्वायत्त प्रदेश जनपरिषद् कालीकोटले स्टिकर लगाइएका र घरेलु दुवैखाले मदिरा उत्पादन, बिक्रीवितरण र प्रयोगमा प्रतिबन्ध लगाइएको घोषणा गरेको छ । जिल्ला जनपरिषद् कालीकोटका प्रमुख अर्जुन विश्वकर्माद्वारा जारी प्रेस विज्ञप्तिमा सरकारले दिन-प्रतिदिन सामाजिक विकृति र विसङ्गतिका रूपमा रहेको जाँडरक्सी र जुवातासलाई नियन्त्रण गर्नुको साटो स्थानीय उत्पादनका रूपमा रहेका घरेलु उद्योगलाई विस्थापित र अरू विदेशी स्टिकरवाला रक्सी खरिदबिक्रीलाई वैधानिकता दिन लाइसेन्स वितरण गरेर विकृतिलाई प्रोत्साहन दिइरहेकाले समाजमा युवायुवतीहरूलाई सामाजिक विकृतिमा फस्न बाध्य पारेको भन्दै प्रतिबन्ध लगाउनुपरेको उल्लेख छ ।

जिल्ला जनपरिषद् कालीकोटले आफ्ना सम्पूर्ण संयन्त्र परिचालन गरी बाहिरबाट आयात हुने स्टिकरवाला मदिरा र घरेलु मदिरालाई अबको दिनबाट सेवन र बेचबिखन नगर्न र नगराउन आग्रह गरेको छ ।

# आत्मसर्मपण गर्नेलाई पार्टीबाट निष्कासन

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी ताम्सालिङ ब्युरोले पार्टीको ताम्सालिङ ब्युरो सदस्य तथा सिन्धुपाल्चोक जिल्ला सेक्रेटरी भुवन तामाङलाई कारबाही गरेको छ । ताम्सालिङ ब्युरो इन्चार्ज आधारले विज्ञप्ति प्रकाशित गरी तामाङलाई कारबाही गरिएको जनाएका हुन् ।

सेक्रेटरी भुवन तामाङले प्रहरी हिरासतमा परेको समयमा पार्टी क्रान्तिको सिद्धान्त विपरीत आत्मसमर्पण गरेको कारण पार्टी सदस्यसमेत नरहने गरी निष्कासन गरिएको आधारको विज्ञप्तिमा उल्लेख छ ।

# 'आस्थाका आधारमा गिरफ्तार गरिएका नेता-कार्यकर्ता रिहा गर'

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी सगरमाथा ब्युरोले प्रहरीद्वारा गिरफ्तार गरिएका सगरमाथा ब्युरो सदस्य एवम् उदयपुर जिल्ला सेक्रेटरी जितबहादुर मगर 'विक्रान्त' लाई बिनासर्त रिहा गर्न माग गरेको छ । सगरमाथा ब्युरो इन्चार्ज अनुभव क्रान्तिले फागुन २९ गते प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो पार्टीका ब्युरो सदस्य विक्रान्तलाई पार्टीकाममै रहेको बेला उदयपुरको गढी गाउँपालिका ७ अँधेरीबाट अपहरण शैलीमा गिरफ्तार गरी झुट्टा मुद्दामा फसाउने षड्यन्त्र गरेको उल्लेख गरेका छन् ।

फरक राजनीतिक आस्था राखेकै कारण सरकार दमन, धरपकडमा उत्रिएको र दमनले क्रान्ति नरोकिने सत्यप्रति सचेत रहन सत्ताधारीहरूलाई आग्रह गर्दैइन्चार्ज अनुभव क्रान्तिले गिरफ्तार सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहा गर्न अनुरोध गरेका छन् ।साथै राष्ट्र र राष्ट्रियतामाथि देखापरेको सङ्कटका विरुद्ध लड्न र लडिरहेको क्रान्तिकारी शक्तिलाई सहयोग गर्न सम्पूर्ण सुरक्षा निकायलाई अनुरोध समेत गरेका छन् ।

# नेकपाका केन्द्रीय सदस्य नवीन र नेत्री धीरेन्द्रा अदालतबाटै गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य नवीन विश्वकर्मा र नेत्री धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी' लाई प्रहरीले अदालत परिसरबाटै पुनः गिरफ्तार गरेको छ ।

सोमबार सर्वोच्च अदालतले रिहा गर्न आदेश दिएको थियो तर प्रहरीले परिसरबाटै पुनः गिरफ्तार गरेको हो । प्रहरीले एनसेलमा बम विस्फोटसँगै राजद्रोहको मुद्दा लगाएको थियो । जिल्ला अदालत ललितपुरको आदेशलाई पाटन उच्च अदालतले खारेज गरेको थियो । त्यसपछि दुवै नेतालाई प्रहरीले पुनः गिरफ्तार गरेर धरान, कालीकोट हुँदै दैलेख पुऱ्याएको थियो ।

गैरन्यायिक रूपमा गिरफ्तार गरेको भन्दै सर्वोच्च अदालतमा रिट परेको थियो । सोमबार सर्वोच्च अदालतले दुवै नेतालाई थुनामुक्त गर्न आदेश दिएको थियो । तर प्रहरीले अदालत परिसरबाटै गिरफ्तार गरेको छ ।

हिरासत संस्मरण

# प्रहरीखोरभित्र बन्द कलम



बीपी विद्रोही

**भूमिका**

नेपालमा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलन धाराशायी बन्दै गइरहेको सन्दर्भमा पछोल्लो समय लेखक, पत्रकार र साहित्यकारहरूले सशक्त तरिकाले आवाज बुलन्द गर्दै आएका छन् । प्रेसमाथि अङ्कुश लगाउने सत्ताको रबैया हिजो पनि थियो र आज पनि छ। कलमसँग सत्ता किन डराउँछ ? यो प्रश्न पनि गम्भीर छ । विभिन्न समयहरूमा सरकारले लेखक, पत्रकार, साहित्यकारहरूलाई हिरासतमा लैजाने र झूट्टा मुद्दा लगाउने गरिरहेको छ । लोकतन्त्रमा मर्यादित ढङ्गले आफ्ना विचारहरू स्वतन्त्र हिसाबले राख्न पाउने अधिकार सुनिश्चित गरिएको छ भन्ने गरिन्छ तर हाल सत्तामा भएका कतिपय मन्त्री र सभासद्हरू, विभिन्न ओहोदामा रहेका सरकारी कर्मचारीहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेका घटनाहरू सामान्यजस्तो भैसकेको छ । सरकार भ्रष्टाचार, बेथिति र सामाजिक विभेद उन्मूलन गर्नभन्दा सरकारको आलोचना र विरोध गर्नेहरूलाई तह लगाउने रणनीतिमा देखिन्छ । राणा, पञ्चायत, राजतन्त्रजस्ता सामन्ती र क्रूर शासनहरू हटेर गणतन्त्र आयो तर सत्ताको जनतामाथि दमन गर्ने प्रवृत्ति हटेन ।

**पृष्ठभूमि**

सानैदेखि कविता लेखनमा रुचि राख्ने म कविताहरू, गजलहरू लेखिरहन्छु । समाज परिवर्तनका खातिर कलम चलाउनु मेरो नशाजस्तै हो । मैले साहित्य लेखनको थालनी गर्दा इतिहासको यस्तो मोड जुऱ्यो जहाँ कविता होइन, आगो लेख्नुपर्ने, गजल लेख्दा गजलको सीमा मिच्नुपर्ने, मुक्तक लेख्दा मुक्तकका सीमा मिच्नुपर्ने ।

पछिल्लो समय माओवादी आन्दोलनमा देखापरेको धोका, घात र गद्दारीलाई सर्जकले सिर्जनामा उतार्नुपर्दा केही उग्रजस्तो बन्नु परेको हो कि भन्ने महसुस हुन्छ तर त्यस्तो नभएर यो वास्तविकता हो र जति हुनुपर्ने हो त्यति अझै भएको छैन । जब गाउँबस्ती र सहरहरूमा मान्छेहरूका सपनाहरूको क्रूर र निर्मम तरिकाले बीभत्स हत्या हुन थाल्यो, जब देशका सीमाहरू मिचिन थाले, सुशासनको नाउँमा भ्रष्टाचार र बेथिति मौलाउन थाल्यो तब मैले निरन्तर कविता लेख्न थालेँ ।

कविता लेखेर ठूलो कवि बन्ने वा ख्याती कमाउने मेरो कुनै सोख छैन ! विभेदरहित समाज बनाउन मेरो कलमले केही भूमिका निर्वाह गरोस् भन्ने मात्र हो । जेजतिले मलाई चिन्छन्, एउटा कलमकारका रूपमा नै चिन्ने गर्छन् । जेजति मेरो परिचय छ, एउटा कलमजीवीकै रूपमा रहेको पाउँछु र वास्तविकता पनि यही नै हो । म आफ्नो दैनिक जीवन गुजारा गर्न दैनिक १८ घन्टा प्रत्यक्ष शारीरिक श्रम गर्ने गर्दछु । त्यही काम गर्दागर्दै साँझबिहान बाँकी रहेको समय गजल र कविताहरू लेख्ने गर्छु ।

**विषय प्रवेश**

२०७६ साल फागुन ८ गते म काठमाडौं कालीमाटी चोकस्थित प्रोटोकल नेपाल प्रा.लि. मा काम गरिरहेको थिएँ । म विगत ८ महिनादेखि उक्त कम्पनीमा काम गर्दै आइरहेको छु। टान्सपोर्टसम्बन्धी काम गर्ने उक्त कम्पनीमा म अपरेसन डिपार्टमा काम गर्छु । प्रायः म कम्पनीको कामको सिलसिलामा बाहिर नै हुन्छु । त्यस दिन अपराह्न चार बजेको समय हुँदो हो, म भर्खर बाहिरबाट आएर आफ्नो कार्यकक्षमा काम गरिरहेको थिएँ । अकस्मात् पाँच-छजनाको सङ्ख्यामा प्रहरीहरू मेरो कार्यालयभित्र प्रवेश गरे । मेरो कार्यालय दुई तला माथि छ । हामी सबैजना निर्देशकदेखि अन्य सबै कर्मचारी कार्यालयमै थियौं । प्रहरी आएपछि कार्यालयका प्रत्येक कोठा खानतलासी लिने काम भयो । मलाई देखेपछि ढोकाबाट नियाल्दै एकजना प्रहरीले आफ्नो मोबाइलमा मेरो फेटो देखाउँदै मलाई प्रश्न गरे, यो मान्छे तपाईं हो ? मैले 'हो, यो फोटो मेरै हो' भनेँ । त्यसपछि तपाईंसँग सोधपुछ छ । जाऔँ हामीसँग भनियो । मैले तत्कालै भनेँ- किन जाने ? कहाँ जाने ? सोधपुछको विषय के हो ? त्यसपछि त्यहाँ रहेकामध्येका एक प्रहरीले भने, हामी महानगरीय प्रहरीवृत्त कालीमाटीबाट आएका हौँ । तपाईंलाई सोधपुछका लागि बोलाइएको छ ।

डीएसपीको नेतृत्वमा प्रहरीहरू मलाई पक्राउ गर्न आएका रहेछन् । मैले भनेँ- तपाईंहरूसँग मलाई पक्राउ गर्ने आदेश र पक्राउ पुर्जी छ ?

जबाफ आयो- पक्राउ पुर्जी चाहिँदैन, सामान्य सोधपुछ हो । सोधपुछपछि तपाईंलाई छाडिदिन्छौँ ।


त्यति कुरा भइसकेपछि मेरो कार्यालयका निर्देशकले पनि सोध्नुभयो- कम्पनीको कामका लागि सोधपुछ हो भने मसँग सूचना लिनू । ऊ मेरो स्टाफ हो । उसलाई केही थाहा हुँदैन ।

अर्को रोचक कुराचाहिँ के भने मेरो कार्यालयमा म कविता लेख्छु भनेर एकदुईजनाबाहेक कसैलाई थाहा थिएन र मलाई एउटा विचार र आस्थाको हिसाबमा पक्राउ गर्रिँदैछ भन्ने कसैलाई भेउ थिएन ।

स्थिति अन्योलपूर्ण बन्यो, के भन्ने, के गर्नेजस्तो । सबै सुनसान बन्यो वातावरण । त्यहाँबाट मलाई लगेर गाडीमा राखियो र डीएसपीले मलाई सोधे- कहाँ बसिन्छ ? कोठा कहाँ हो ? मैले भनेँ- कुलेश्वर । त्यसपछि लागियो मेरो कोठातिर । कोठामा पुगेपछि मेरो कोठा खानतलासी गर्ने काम भयो । उक्त कोठामा हामी एउटै कार्यालयमा काम गर्ने तीनजना साथी बस्ने गर्छौं । मलाई प्रहरीको भ्यानमा हालेर ल्याएको देखेपछि छिमेकीहरू पनि आए र के भयो ? कसो भयो ? भनी सोध्न थाले । प्रहरीहरूले मेरो पूरै कोठा खानतलासी गरेपछि कोठामा भएका, मैले पढ्दै गरेका करिब चार दर्जन किताब, कविताका केही डायरीलागायत सम्पूर्ण सामान जफत गरियो र मलाई कालीमाटी वृत्त पुऱ्याइयो ।

**कलमजीवीमाथि राज्यको व्यवहार**

वातावरण हेर्दा लाग्थ्यो म कुनै ठूलै अपराधी हुँ, बर्सौंदेखि मलाई खोजी गरिएको थियो र आज बल्ल मुस्किलले फेला परेको छु। कोठा खानतलासी गर्दाको दृश्य यस्तो थियो, मानौँ मैले ठूलै कुनै अवैध सामान लुकाएको छु। तर मसँग के नै त्यस्तो चीज हुन्थ्यो र त्यही पुस्तक र कापीकलमबाहेक ? कालीमाटी चौकी पुऱ्याइएपछि मैले भनेँ- सर, मलाई किन पक्राउ गर्नुभएको ? म त कविता लेख्ने मान्छे हुँ । म मिडियाहरूमा पनि आबद्ध छु ।



त्यसपछि भनियो- तपाईं विप्लव पार्टीको कुन जिम्मेवारीमा हुनुहुन्छ ?

मैले भनेँ- म एउटा लेखक हुँ । कविता-गजल कोर्छु । म लेखक-साहित्यकारहरूको सङ्गठनमा आबद्ध छु ।

मैले पुनः भनेँ- विचारको आस्था त सबैसँग हुन्छ नि ! त्यो तपाईंसग पनि छ र मसँग पनि । के एउटा कविले कविता लेख्न पनि नपाउने हो र ? त्यति भनेपछि प्रहरीले भने- सर त्यस्तो केही छैन, तपाईंलाई गिरफ्तार गर्नु भन्ने माथिको आदेश छ ।

डीएसपीले सोधे- तपाईंले कति पढ्नुभएको हो ?

मैले भनेँ- १२ सम्म पढेको छु ।

उनले भने- जम्मा १२ ?

मैले भनेँ- हो, त्यति नै हो ।

उनी त्यतिबेला सायद मैले फेसबुकमा पोस्ट गरेका कविता पढ्दै थिए । कविता पढ्दै उनले भने- तपाईंको चेतनाचाहिँ उच्च छ ।

उनले त्यो के हिसाबले भने, मैले बुझिनँ । मैले भनेँ- सर, म दैनिक मजदुरी गरेर परिवार पाल्ने मान्छे हुँ । बाँकी समय गजल-कविता लेख्छु । के कविता लेख्दा अपराधी भइन्छ र ? मेरो कसुर के हो ? मैले के गल्ती गरेँ र मलाई पक्राउ गरियो ?

डीएसपीले भने- त्यस्तो केही छैन सर । तपाईंलाई दुःख दिने हाम्रो नियत होइन, माथिको आदेश छ । म माथि राम्रै रिपोर्ट गरिदिन्छु । तपाईंसँग त्यस्तो केही छैन ।

मैले भनेँ- मलाई एक कल फोन गर्न दिनुस् । म पक्राउ परेको कुरा मेरो परिवारलाई खबर गर्छु ।

उनले भने- तपाईंको आफ्नै मोबाइलबाट गर्नुहोस् ?

मैले भनेँ- मसँग मोबाइल छैन किनकि मोबाइल मेरो कार्यालयमा नै थियो चार्जमा । पछि कार्यालय पुगेर कसैले मेरो मोबाइल र झोला ल्याइदियो ।

कार्यालयबाट मेरा साथीहरू पनि आइपुगे मलाई भेट्न र पक्राउ पर्नुको कारण बुझ्न । मोबाइल आएपछि मैले अधिवक्ता सन्तोष कोइरालालाई फोन गरेँ तर फोन उठेन । सायद अदालततिर हुनुहुन्थ्यो होला ! त्यसपछि क्रान्तिकारी साहित्यकार एवम् कवि मित्र रसुवाली कविलाई फोन गरेँ र पक्राउ परेको जानकारी गराएँ । त्यसपछि मार्क्सवादी लेखक, पत्रकार एवम् साहित्यकार अशोक सुवेदी सरलाई फोन गरेर घटनाको विवरण सुनाएँ । त्यसपछि घरमा जीवनसाथी अस्मितालाई फोन गरेर पक्राउ परेको खबर सुनाएँ र नआत्तिन सुझाएँ । उतिबेलै नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य जन्मदेव जैसीले फोन गरेर घटनाको विवरण बुझ्नुभयो । लगत्तै फोन आयो- क्रान्तिकारी पत्रकार कमल बुढाको । म पक्राउ परेको बाहिर हल्ला भैसकेको रहेछ । बुढाले भन्नुभयो- म मिडियाकर्मी हुँ भन्नुहोला ।

त्यसपछि मलाई फोन चलाउन दिइएन । डीएसपीले मेरो फोटो खिचेर नाम, ठेगानालगायत केही टिपोट गरे आफ्नो डायरीमा अनि भने- तपाईं हैन, विप्लव पक्राउ परेको हल्ला छ बाहिर । म अचम्ममा परेँ त्यस्तो के भएछ ! आफूसँग फोन छैन, सोधूँ भने कसलाई सोधूँ ? उनको यो भनाइबाट एउटा कुराचाहिँ भेउ पाएँ- मिडियातिर निकै फैलिएछ यो घटना । यति भनेपछि डीएसपी कतातिर लागे, थाहा भएन । मलाई केही समय बाहिर नै राखियो र करिब सात बजेतिर हिरासत कक्षभित्र हुलियो ।

**अनुभूति**

साँझको समय थियो । फलामे झ्यालले घेरिएका साँघुरा तीन कोठा । करिब पैंतीस-चालीसजनाजति बन्दीहरूले उकुसमुकुस थियो हिरासत कक्ष । कुनापट्टिको मध्यम खालको कोठामा पन्ध्र ना जति बन्दी थिए । बीचको सानो कोठामा पाँचजनाजति र लगत्तै अर्को कोठामा करिब बीसजनाजति बन्दीलाई राखिएको थियो । मलाई भित्र लग्नुभन्दा पहिला मेरो शरीर खानतलासी गरियो । पेटीदेखि जाकेटका तुना, पर्सलगायत सबै बाहिर नै राखियो । यो नियम सबैका लागि लागू रहेछ ।

भित्र छिर्नासाथ एकजना डिउटीका प्रहरीले सोधे- के केसमा आउनुभएको हो ? मैले भनेँ- केही थाहा छैन के केसमा पक्राउ गरियो ? सोधपुछका लागि भनेर ल्याइएको थियो, सायद वैचारिक आस्थाका कारण हुनुपर्छ । उनले भने- के तपाईं विप्लव पार्टीको हो ? मैले भनेँ- वैचारिक आस्था राख्छु तर म एउटा कवि हुँ ।

मलाई सामुन्नेको पहिलो कोठामा जान भनियो । जहाँ म्याद थप भएका कैदीहरू राखिँदो रहेछ । बीचको सानो कोठामा चारपाँचजना भलाद्मी लाग्ने बन्दीहरू राखिएको थियो भने तेस्रो कोठामा चौबीसघन्टे थुनुवाहरू राखिएको रहेछ । मलाई म्याद नथपेको भए पनि म्याद थपेकाहरूसँग राखियो । कारण के थियो, बुझिनँ ।

उक्त कोठामा टीभी पनि रहेछ । कोही टीभी हेर्दै थिए, कोही गफगाफ गरिरहेका थिए । उक्त टीभी तीनवटै कोठाबाट देख्न सकिन्थ्यो । एकपटक बन्दीहरूको अनुहार नियालेँ । लाग्थ्यो, सबै निर्दोषहरूलाई थुनिएको छ । निराशा, थकान, प्रतिशोध, आक्रोशलगायत विभिन्न भावहरू बन्दीहरूको अनुहारमा प्रस्ट झल्किन्थ्यो । विभिन्न आन्दोलनहरूमा लागेको अनुभव छ । यो मेरो हिरासतको अनुभव भने तेस्रो थियो । यसअगाडिका दुई हिरासत बसाइहरू छोटो समयका थिए । उक्त हिरासत कक्षमा मेरो उपस्थितिसँगै सबैको ध्यान मतिर केन्द्रित भयो । सबैले के कारणले आउनुभयो भनी जिज्ञासा राखे । मैले आफू एउटा लेखक भएको कुरा बताएँ र नेपाल कम्युनिस्ट पार्टीको कार्यकर्ताको आरोपमा पक्राउ गरिएको प्रस्ट पारेँ ।

**वैचारिक आस्थाका बन्दीहरूसँगको भेट**

त्यहाँ कुराकानीका क्रममा थाहा भयो, वैचारिक आस्थाकै आधारमा पक्राउ गरिएका तीनजना बन्दी हुनुहुँदोरहेछ । विप्लव नेतृत्वको नेकपाका ललितपुर डीसीएस रमेश डङ्गोल, टीयू अखिल क्रान्तिकारीका अध्यक्ष मदन चापागाईं र सम्पर्क मञ्चका अर्जुन । सबैसँग परिचय भयो । उहाँहरू मभन्दा धेरै अगाडि पक्राउ पर्नुभएको रहेछ । उहाहरू तीनैजनाको सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरिसकिएको रहेछ । त्यहाँ आफ्नो कथा पनि सुनाइयो र अरूका कथा पनि सुनियो । सबैका आआफ्नै कथा, पिर र व्यथाहरू थिए । बाध्यताहरू थिए । अधिकांश सवारीचालकहरू थिए । केही लागूपदार्थ, केही चोरी त केही झैझगडाका थिए । कथा सुन्दा अधिकांश बन्दीहरू निर्दोष थिए । विभिन्न कारणले फसे/फसाइएको उनीहरूको गुनासो थियो । म वैचारिक आस्थाको बन्दी भएका कारण म आफ्नै विचार समूहसँग रमाउन थालेँ । रमेशजी, मदनजी र कटुवालजी हामी चारमा विभिन्न कोणहरूबाट छलफल र अन्तर्क्रियाहरू भए । रमेशजीलाई पहिल्यै धेरै ठाउँ डुलाएर त्यहाँ ल्याइएको रहेछ ।

रात छिप्पिँदै गयो । खाना खाने समय भयो । खाना खाने वातावरण हेर्दा बान्ता आउलाजस्तो भयो मलाई । अरू सबैलाई बानी परिसकेको रहेछ । म भने नयाँ थिएँ । शौचालयमै भाँडा धुने व्यवस्था रहेछ । मलाई खाना खाऊँ कि नखाऊँजस्तो भयो तर सबैजना खाइरहेका थिए । अन्त्यमा मैले पनि खाएँ । खाना खाएपछि रमेश डङ्गोलजीले सुत्न आफू भएतिर बोलाउनुभयो । मसँग ओढ्ने पनि थिएन । रमेशजीले नै ओड्नेको व्यवस्था मिलाइदिनुभयो । हामी कुराकानी गर्दै सुत्यौँ ।

रातको करिब एघार तीस बजे बाहिरबाट मेरो नाम बोलाइयो ! म गएँ । मसँग केही कुरा सोधपुछ गरियो । उनी सिभिलका प्रहरी थिए । सायद इन्स्पेक्टर हुँदा हुन् । पार्टीको जिम्मेवारी के छ ? कहिलेदेखि पार्टीमा लाग्नुभयो ? कोकोसँग सम्पर्क छ ? भनेर सोधियो । मैले भनेँ- म जन्मजात माओवादी हुँ । म कम्युनिस्ट विचारमा आस्था राख्छु । मेरो नसानसामा मार्क्सवाद छ तर म पार्टीको खास जिम्मेवारीमा संलग्न छैन । म एउटा लेखक हुँ । कविता र गजल लेख्छु । कवि-साहित्यकारहरूको सङ्गठनमा आबद्ध छु ।

**कलममाथि हतकडी**

त्यसपछि मेरो फोटो खिचियो र केही पारिवारिक कुराहरू सोधियो । बाबाको नाम, ठेगानालगायत ! त्यसपछि उनी गए । म पनि भित्र गएँ । केही समयपछि मलाई पुनः बोलाइयो र पक्राउ पुर्जी र थुनुवापुर्जी थमाइयो ! पक्राउपुर्जीमा लेखिएको थियो- अभद्र व्यवहारको कसुरमा तपाईंलाई अनुसन्धानका लागि पक्राउ गरिएको हो । मन एक्कासि आक्रोशित बन्यो ? के हो अभद्र व्यवहार भनेको ? मैले के अभद्र व्यवहार गरेँ ? म खुरुखुरु आफ्नो काम गरेर कार्यालयमा बसिरहेको मान्छेलाई पक्राउ गरेर ल्याउने अनि अभद्र व्यवहार गऱ्यो भन्ने ? के यहाँ जे पनि गर्न पाइन्छ ? सत्ता र शक्तिको दुरुपयोग गरेर निर्दोषहरूमाथि झूट्टा मुद्दा लगाउन पाइन्छ ?

केही समयपछि हतकडी लगाएर मेडिकलका लागि लगियो वीर अस्पताल । मलगायत अन्य सातआठजना । अहिले हिरासतमा राख्दा मेडिकल अनिवार्य गराइँदो रहेछ । मेडिकल गरेपछि रातको करिब बाह्र बजे चौकी पुऱ्याइयो । रातभर निद्रा लागेन । उडुस र जुम्रा व्यापक रहेछन् । साथै मनमा अनेक प्रश्न खेलिरहे । राती राम्रोसँग सुत्न नपाइने रहेछ । मापसेलगायत अन्य मुद्दाहरूमा थुनुवाहरू आइरहने, गइरहने भएकाले हल्ला भैरहँदो रहेछ । दोस्रो दिन शिवरात्री पर्व भएकाले छुट्टी थियो । पर्सिपल्ट शनिबार थियो । आइतबार म्याद थप गर्न जिल्ला सरकारी वकिल कार्यालय र प्रमुख जिल्ला अधिकारीको कार्यालय पुऱ्याइयो ।

सरकारी वकिलले मलाई सोधे- तपाईं किन पक्राउ पर्नुभयो ? मैले भनेँ- मलाई केही थाहा छैन ! उनले भने- तपाईं प्रतिबन्धित पार्टीको कार्यकर्ता हो भन्ने आरोप छ, सत्य हो ? मैले भनेँ- लोकतन्त्रमा वैचारिक स्वतन्त्रता छ कि छैन ? म एउटा लेखक हुँ । मिडियाकर्मी हुँ । कार्यालयमा आफ्नै काम गरिरहेको व्यक्तिले कसरी, कसमाथि अभद्र व्यवहार गरेँ ? के यहाँ जे गर्न पनि छूट छ ? उनले भने- सर तपाईंले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट हाल्न सक्नुहुन्छ । मैले भनेँ- म मजदुरी गरेर खाने मान्छे । कसले लडिदिन्छ मेरो मुद्दा ? मैले के कसुर गरेको छु र ? के निर्दोष मान्छेलाई झूट्टा मुद्दा लगाउन पाइन्छ ? के सामान्य नेपाली नागरिकको सर्वोच्च अदालतमा गएर सरकारसँग मुद्दा लड्ने हैसियत हुन्छ ? उनी नाजबाफ भए ।

**केही गम्भीर प्रश्नहरू**

दिनहरू कष्टकर तरिकाले बित्दै थिए । मनमा अनेक प्रश्नहरू उब्जिन्थे । म घोत्लिरहन्थेँ- के बेकसुर मान्छेलाई थुन्न पाइन्छ ? के कविता लेख्नु अपराध हो ? के कानुन निर्धाहरूका लागि मात्र बनेको हो ? के लेखक, पत्रकारहरूलाई थुनेर क्रान्ति रोकिन्छ ? यी प्रश्नहरू बारम्बार उब्जिरहन्थे । घरि चिन्तित बनाउँथ्यो त घरि आक्रोशित बनाउँथ्यो । कहिले चिच्याऊँझैँ लाग्ने । कहिले सत्ताको चरित्रप्रति दिगमिग लागेर बान्ता गरिदिऊँझैँ हुने । निरङ्कुश व्यवस्थाका विरुद्ध कवि गोपालप्रसाद रिमाल नाङ्गो खुकुरी बोकेर नयाँ सडकमा हिँडेका थिए रे भन्ने सुनेको थिएँ । त्यस्तो पनि भयो होला र ? भन्ने लाग्थ्यो । यतिबेला सोचेँ- हो रहेछ, त्यस्तो हुँदो रहेछ ।

एकएक मिनेटमा मन परिवर्तन भैरहन्थ्यो तर निराश भने म कहिल्यै भइनँ किनकि म बेकसुर थिए । कति दिन थुन्लान् र ? ज्यादा गरे के गर्लान् ? पिट्लान् ? कुट्लान् वा हत्या गर्लान् ! हिजो पनि त लेखक-पत्रकारहरू नथुनिएका होइनन् ! क्रूर यातना नदिइएको होइन । हिजो पनि राजनीतिक आस्थाका आधारमा हजारौँ मान्छेहरू मारिएका थिए । म जस्तोसुकै परिस्थितिको पनि सामना गर्न तयार भएर बसेको थिएँ तर कुनै हालतमा आत्मसमर्पण गर्दिनँ भनेर दरिलो प्रतिबद्धता जागृत भइरहेको थियो ।

हजारौँपटक महान् सहिद कृष्ण सेन 'इच्छुक' लाई सम्झिएँ । उनले भोगेको यातना सम्झिएँ । झन्झन् प्रतिबद्धता आउँथ्यो । झन् ऊर्जावान् हुन्थ्यो मन । हजारौँपटक कमरेड सुदर्शन, माइला लामा र वीरजङ्गहरूलाई सम्झिएँ जो राजनीतिक आस्थाकै आधारमा बर्सौं र महिनौँदेखि जेलमा हुनुहुन्छ । सोच्थेँ- मेरो त कति नै दिन भयो र ? मनमा फेरि उब्जन्थ्यो- के हो लोकतन्त्र ? कहाँ छ लोकतन्त्र ? के एउटा कविले कलम चलाउनु अपराध हो ?

**घृणा र आक्रोशबीचको दृढता**

यसरी नै दिनहरू बित्दै गए... हिजो प्रचण्ड, बाबुराम र बादलहरूसँग घन्टौँ लिएका प्रशिक्षणहरू सम्झिएँ । सब बेकार लाग्थ्यो । आफ्नो वर्गमाथि यत्रो घात किन ! धोका किन ? गद्दारी किन ? घृणाले मन आक्रोशित बन्थ्यो । तर पनि म थाकिनँ । पेरूमा तीस वर्षदेखि झूट्टा मुद्दा लगाएर कठोर जेल जीवन बिताइरहेका गोन्जालोको प्रतिबद्धतालाई हजारपटक सम्झिएँ । आफ्नो वर्ग, आफ्नो सपना र कर्तव्यप्रति कहिल्यै घात गर्नेछैन । लेखिरहनेछु जिन्दगीभर... यस्तैयस्तै सोचाइहरू आइरहन्थ्यो । लाग्थ्यो, यो मेरो परीक्षा हो । म परीक्षा दिँदैछु । यो परीक्षामा म पास मात्र होइन, होल्ड फर्स्ट हुनुपर्छ । यो पनि एउटा मोर्चा हो, दृढतापूर्वक लड्नुपर्छ र जित्नुपर्छ । शासकहरूको यातना दिएर, जेल कोचेर थकाउने रणनीति भए पनि म झन् स्पातिलो हुँदै थिएँ, तिखारिँदै थिएँ ।

यिनै प्रश्नहरूका बीचमा दिनहरू बित्दै गए । मलाई दैनिकजसो नै सरकारी वकिल र सिडियोसम्म पुऱ्याइयो । मैले तिनै प्रश्नहरू गरिरहेँ । म्याद थप गर्न लैजाँदा विभिन्न लागूपदार्थ र अन्य मुद्दाहरूमा आएकाहरूसँगै हतकडी लगाएर लगिन्थ्यो । त्यो पनि एक प्रकारको मानसिक यातना नै थियो ।

हिरासत कक्षभित्र नियम निकै कडा हुन्थ्यो । त्यहाँ विभिन्न काममा नाइकेहरू बनाइएको हुँदो रहेछ । हल्ला नियन्त्रण गर्ने नाइके, भात नाइके, पानी नाइके, क्यान्टिन नाइके यस्तैयस्तै । उनीहरूको आदेश पालना गर्नुपर्ने । हामी विचारका बन्दीहरूसँग भने सबैको व्यवहार नम्र नै हुने गर्थ्यो । हामी सबैसँग छलफल गर्थ्यौं । नेपालमा क्रान्ति आवश्यक छ भन्नेमा सबै सहमत थिए । केहीबाहेक अधिकांश बन्दीहरू सामान्य मुद्दामा आएका भेटिए । कोही ट्राफिकलाई दुई सय रुपैयाँ घूस दिन खोजेको आरोपमा त कोही होटेलबाट समातिएका प्रेमजोडीहरू थिए । कोही झगडा छुट्याउन जाँदा समातिएका थिए । यस्तैमा सामान्य झगडा छुट्याउन जाँदा फसेका रहेछन् कलङ्कीका पञ्चकृष्ण श्रेष्ठ । रमेशजी, मलगायत पाँचजना सँगै सुत्थ्यौँ । श्रेष्ठ पनि निकै भलाद्मी मान्छे रहेछन् ।

त्यहाँभित्र पत्रिका पढ्ने व्यवस्था रहेछ । हामी दैनिक कान्तिपुर, अन्नपूर्ण, गोरखापत्र, नयाँ पत्रिकासम्म पढ्ने गर्थ्यौं । बास्कोटाको सत्तरी लाखको कमिसनकाण्डबारे पनि व्यापक बहस भयो हिरासतभित्र ।

हिरासतको खाना एकदमै कमसल थियो । एकपटक सबै बन्दीलाई झाडापखाला (डायरिया) भयो । त्यसपछि हामीले आवाज उठायौँ । त्यसपछि केही सुधार गरियो । म हिरासतबाट छुटेको दिन उक्त हिरासत कक्ष नयाँ बिल्डिङमा सरेको थियो । नयाँ बिल्डिङमा भने बन्दीहरूका लागि केही सुविधा रहेको बुझियो । लागूपदार्थ, चोरी, मापसेलगायत विभिन्न मुद्दामा हिरासतमा पर्ने अधिकांश युवाहरू कहीँ न कहीँ माओवादी आन्दोलनसँग जोडिएका थिए प्रायः । त्यो देख्दा निकै दुःख लाग्थ्यो । हिजो मुक्तिको सपना देखेर लडेका युवाहरू नेतृत्वको धोका, घात र गद्दारीका कारण डिप्रेसन र कुलतको सिकार बनेका रहेछन् । यो निकै दुःखद् हो । अहिले सिंहदरबारतिर समाजवाद, समृद्धि र गणतन्त्रको नारा घन्किरहँदा हिजो गणतन्त्रका लागि लड्ने युवाहरू कुनै न कुनै कारणले बन्दी बनिरहेका छन् त ठूलो सङ्ख्यामा युवाहरू खाडीमा

... बाँकी पृष्ठ ७ मा

## कोरोना महामारीको ...

मौलाएका छन् ।

चीनमा कोरोना भाइरस महामारी उच्च बिन्दुमा पुगेको बेला नै नेपालका बजारहरूमा सर्जिकल मास्कको अभाव थियो । यसअघि नै बजारमा कृत्रिम अभाव उत्पन्न गरी लुकाइएका १० लाख मास्क प्रहरीले बरामद गरेको छ र मास्क लुकाउने व्यापारीलाई पक्राउ गरेको छ । बरामद गरिएका मास्क सरकार आफैँले बेच्ने भएको छ । सरकारले सबै प्रकारका उपभोग्य वस्तुहरूको आयात सहज रूपमा भैरहेको र कुनै अभाव नभएको बताइरहँदा पनि बजारमा बिचौलियाहरूले कृत्रिम अभाव उत्पन्न गरेर उपभोक्तलाई ठगिरहेका छन् तर देशव्यापी मच्चिएको लूट नियन्त्रण गर्न सकेको छैन । पेट्रोल पम्पदेखि ग्याँस डिलरसम्म बन्द गरिएको छ । बजारमा कृत्रिम अभाव उत्पन्न गरेर उपभोक्तालाई महँगोमा सामान बेच्नका लागि कालोबजारियाहरू सक्रिय रहेको खुद्रा पसलेहरूले नै बताएका छन् ।

## पूर्वमन्त्री बास्कोटाको ...

१ वर्ष पूरा भएकै दिन बिहान ७.४५ मा मनोहरा फाँट भक्तपुरमा उक्त आक्रमण भएको हो । घरानाका सञ्चारमा नेकपा रक्षात्मक भएको समाचार प्रवाह भइरहेकै बेला काठमाडौँ, जडीबुटी मनोहरा नदीको किनारमा व्यस्त सडकछेउ उक्त आक्रमण भएको हो । यो घटनाले सरकारी दाबी र सरकार निकट सञ्चारगृहको दाबीलाई झूठो साबित गरिदिएको छ । घटनालगत्तै सत्तारूढ दलका कनिष्ट अध्यक्ष पुष्पकमल दाहालको क्रुद्ध विज्ञप्ति जारी भएको छ । त्यसले पनि सत्तारूढ दलभित्र त्रास र विचलन पैदा भएको देखिन्छ । सामाजिक सञ्जालका प्रयोगकर्ता भने हर्षित भएका छन् ।

नेपाल कम्युनिस्ट पार्टीले सुरक्षण मुद्रण मेसिन खरिदकाण्डमा ७० करोड घूसमा मोलमोलाइ गर्दागर्दै विवाद परेपछि बाध्य भएर राजीनामा दिएका पूर्वमन्त्री तथा केपी वली सरकारका प्रवक्ता बास्कोटालाई भ्रष्टाचारी, फासिवादी र तल्लो स्तरको गैरराजनीतिक भन्दै कारबाही गरेको हो । घटनास्थलमा कम्प्युटरबाट छापेर छरिएको 'भ्रष्टाचारी गोकुल बास्कोटामाथि कारबाही किन ?' नामक पर्चामा नेकपाले बास्कोटामाथि १० वटा गम्भीर आरोप लगाएको छ । सुरक्षण मुद्रण खरिद प्रक्रियामा ७० करोड घूस मागेको, २४ अर्बको सेटेलाइट खरिदमा करोडौँ कुम्ल्याएको, १९ अर्बको चौथो पुस्ता (फोर जी) सेवा विस्तारमा करोडौँ घूस लिएको, १० अर्बको अप्टिकल फाइबर विस्तारमा भ्रष्टाचार गरेको, नेकपामाथि प्रतिबन्ध लगाउन र दमन गर्न मुख्य भूमिका निर्वाह गरेको, प्रतिपक्षीमाथि गुण्डागर्दी शैलीमा उभिने गरेको, देशलाई अशान्ति र हिंसातिर धकेलेकोलगायत गम्भीर आरोप नेकपाले लगाएको छ । यसअघि नेकपाले ललिता निवास प्रकरणका दोषीमाथि पनि कारबाही गरेको थियो । सुरक्षण मुद्रणकाण्डको अडियो वार्ता प्रम वलीले महिनौँ अघि प्राप्त गरिसक्दा पनि छानबिन गर्नुभन्दा भ्रष्ट मन्त्रीको प्रशंसा गर्दै रहेको कारण बास्कोटाकाण्डको नाभी बालुवाटारको केन्द्रमै जोडिएको आमविश्वास छ । भ्रष्टाचारी बास्कोटामाथि कारबाही गर्न दबावस्वरूप भएको भनिएको आक्रमणलाई लिएर दाहालद्वारा जारी विज्ञप्तिलाई 'चोरको खुट्टा काट्' भन्ने उखान चरितार्थ भएको अर्थमा धेरैले बुझेका छन् किनकि दाहालमाथि जनमुक्ति सेनाको शिविरको अर्बौं भ्रष्टाचारको आरोप लागेको छ र छानबिनको कुरा मात्र भइरहेको छ । भ्रष्टाचारीलाई बचाउने कार्य सरकारले गरिरहेका यस्ता घटना झन्झन् बढ्दै जाने कुरा जनयुद्धलाई फर्केर हेर्दा पनि बुझ्न सकिन्छ ।

## चीनको बुहानबाट ...

परिणाम अहिले भोग्नुपरेको बताए । उनले भने, 'हामी पनि अहिलेबाटै तयारीमा लागेनौँ भने कुनै बेला पनि दुर्घटना हुनसक्छ ।' उनले कोरोना भाइरसबाट आतङ्कित हुनुभन्दा सतर्कता अपनाउनुपर्ने धारणा राखे ।

डा. आचार्यले केही दिनपहिले मात्र उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेललाई भेटेर १२ बुँदे सुझावसहित ज्ञापनपत्र बुझाएका छन् । उनले 'कोभिड १९ कोरोना भाइरसविरुद्ध जनताको सङ्घर्ष' नारा दिएर आन्तरिक तयारीमा लाग्नुपर्ने, सातवटै प्रदेशका राजधानीमा आइसोलेसन वार्ड र कोरोना भाइरस पीसीआर टेस्टको परीक्षण केन्द्र स्थापना गर्नुपर्ने, भारतसँग जोडिएका सबै नाका बन्द गर्नुपर्ने, कम्तीमा ३० दिनको लागि अन्तर्राष्ट्रिय विमानस्थल, मन्दिर, गुम्बा, चर्च, विद्यालय बन्द गर्नुपर्ने सुझाव सरकारलाई दिएका छन् ।

घरबाट निस्केपछि नफर्किदासम्म मास्क लगाउनुपर्ने सुझाव दिँदै उनले विदेशबाट आएका विदेशी र नेपाली नागरिकलाई आइसोलेसनमा बस्नुपर्ने अनिवार्य व्यवस्था गरिनुपर्ने माग गर्दै उनीहरूको शरीरको तापक्रम नापेर हरेक दिन अभिलेख राख्न लगाउने, नमानेको खण्डमा सार्वजनिक स्वास्थ्यको प्रतिकूल असर पारेबापतको कसुरमा कारबाही गर्न डा. आचार्यले सरकारसँग माग गरेका छन् । साथै टेकु प्रयोगशालामा एक दिनमा कम्तीमा पनि दुई हजार पाँचजनाको स्वास्थ्य जाँच गर्ने व्यवस्था गर्नुपर्ने पनि बताएका छन् ।

कोरोना प्रभावित बुहानको थोड्सी अस्पतालामा रिसर्चको काम गरेका डा. आचार्यले 'एक व्यक्ति एक साबुन' अभियान सुरु गर्नुपर्ने सुझाव दिँदै सबैलाई दिनमा दसपटकसम्म हात धुन सुझाव दिए । एकैपटक १०२ डिग्रीभन्दा माथि ज्वरो आएमा, तीनभन्दा बढी श्वासप्रश्वसमा समस्या देखिएमा कोरोनाको सङ्क्रमण हुनसक्ने भन्दै डा. आचार्यले समयमै जचाउन सुझाव दिए । त्यसैगरी एक परिवारमा एक थर्मोमिटर राखी नियमित ज्वरो जाँच गर्नुपर्ने सुझाव पनि आचार्यले दिए ।

## जनसरकारको आदेश ...

जिल्लामा जथाभाबी बन फडानी भइरहेको भन्ने व्यापक जनगुनासो आइरहेको छ । केही दलाल राजनीतिककर्मी, कमिसनखोर कर्मचारी, नाफाखोर सामुदायिक बन समिति र बन माफिया काठ व्यवसायीले जनताको सम्पत्तिको दुरूपयोग गरी कमाइखाने माध्यम बनाइरहेका छन् । भविष्यमा वातावरणीय प्रभावमा पर्ने असरलाई रोक्नु हाम्रो दायित्व र कर्तव्य हो ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'त्यसैले वैज्ञानिक बनका नाममा बन फडानी हामी कदापि गर्न दिनेछैनौँ । बन तस्कर र दलालहरूलाई जनकारबाही गर्ने पार्टीको केन्द्रीय नीति नै रहेको छ । त्यसकारण हाम्रो पार्टी र पार्टीको सत्ता जनपरिषद्को सहमति र स्वीकृतिबिना कथित वैज्ञानिक बनका नाममा भइरहेको बन फडानीलाई कडाइसाथ रोक्न सरोकारवाला निकाय, आमउपभोक्ता र स्थानीय पार्टीलाई हार्दिक अपिल गर्दछौँ ।'

## कोरोना चीनमा ...

त्यससम्बन्धी भूमिकाको विश्व स्वास्थ्य सङ्गठनले मुक्तकण्ठले प्रशंसा गरेको छ ।

कोरोना जीवाणु रोग एउटा जटिल रोग हो । मान्छेको रगतमा हुने श्वेत सेलले मित्र जीवाणु र शत्रु जीवाणु पहिचान गर्दछ । शत्रु जीवाणु शरीरमा प्रवेश गर्नासाथ मित्र जीवाणुहरू प्रतिरोध गर्न थाल्छन् । जब मित्र जीवाणु कमजोर भएर प्रतिरोध गर्न सक्दैनन् तब शत्रु जीवाणुले आक्रमण बढाउँदै लग्छ र मान्छेको मृत्युसम्म हुन्छ । चिकित्सकीय भाषामा त्यस्तो अवस्थालाई शरीरमा प्रतिरोधी क्षमताको अभाव भनिन्छ । बच्चा र महिलामा प्रतिरोधी क्षमता बढी हुन्छ भने ज्येष्ठ नागरिक र रोगी व्यक्तिमा कमजोर रहन सक्छ । तसर्थ बढी सावधानी आवश्यक हुन्छ ।

कोरोना जीवाणु रोगबाट बच्न पूर्वसावधानी मुख्य पक्ष हो । नाक, मुख र आँखामा सर्वप्रथम यो जीवाणु प्रवेश गर्ने भएकाले ती अङ्ग छुनासाथ हात धुनुपर्छ । मुख कुल्ला गर्ने र मुखौटो लगाउन आवश्यक छ । चिसो पेय पदार्थ, माछा, मासु अण्डाबाट यो रोग छिटो फैलन सक्ने भएकाले ती चीज पकाउँदा, खाँदा वा छुँदा सावधानी अपनाउनुपर्छ । २५ डिग्री फरेनहाइटभन्दा बढी तापक्रममा बस्ने, तातोपानी खाने, शरीर चिसो हुन नदिने, लुगा-कपडा, कोठा, चर्पी, स्नानघर सफा गरिरहने, ढुसी निर्मूल गर्ने गर्नुपर्छ । राजनीतिक पार्टीहरू, जनपक्षीय गैसस तथा स्वयम्सेवी संस्थाहरूले जनचेतना र सफाइ अभियान चलाएर कोरोना जीवाणुको फैलावट रोक्न धेरै हदसम्म सहयोग हुन्छ । यसका तीन मुख्य लक्षण (१) १०४ डिग्री फरेनहाइटभन्दा धेरै ज्वरो आउने (२) घाँटी र टाउको दुख्ने (३) श्वासप्रश्वास अवरुद्ध हुने वा गाह्रो हुने हुन् । यो रोगले ३-५ जनालाई एकजनाबाट रोग सार्न सक्छ । ३० डिग्री फरेनहाइट तापक्रममा यो पूर्णतः नष्ट हुन्छ । रोग लागेको १४ दिनभित्र जीवाणु समाप्त हुन्छ । कोरोना जीवाणु कपडामा ६-१२ र धातुमा १२ घण्टा जीवित रहनसक्ने चिकित्सकहरूको धारणा छ । यसको मृत्युदर २.६ मात्र देखिएको छ । राज्यको तयारीलाई नागरिक सचेतनाले मुख्य टेवा दिनसक्छ ।

## हल्लामै सीमित ...

सीमित देखिएको छ जसका निम्ति सरकारले सार्थक प्रयास गरेकै छैन ।

शान्ति र अग्रगमनको आधार निर्माण गर्न अग्रगामी राजनीतिक निकास अनिवार्य सर्त हो । वली सरकार त्यसका लागि बाधक बनेको नेकपाको निष्कर्ष छ । त्यसैले नेकपाले वली सरकारको बहिर्गमन हुनुपर्ने र त्यसका लागि सदन र सडकमा रहेका सबै पार्टी र शक्तिसँग सहकार्य हुनुपर्ने बताएको छ । यस्तो पेचिलो परिस्थितिमा वार्ताको हल्ला आफैँमा निरर्थक देखिन्छ ।

## प्रहरी खोरभित्र ...

रगतपसिना बगाइरहेका छन् ।

**अप्ठ्यारो परिस्थितिमा पाएको साथ**

म पक्राउ परेपछि मेरो रिहाइका लागि सरकारलाई सामाजिक सञ्जाल फेसबुक र अनलाइन मिडियामा व्यापक जनदबाब सिर्जना भएको रहेछ । त्यसका लागि प्रिय मित्र क्रान्तिकारी युवा साहित्यकार टीपी तिमिल्सिना (रसुवाली कवि), मार्क्सवादी लेखक, साहित्यकार एवम् जनपक्षीय पत्रकार अशोक सुवेदी, अखिल नेपाल लेखक सङ्घका महासचिव खोमा तरामु मगर, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलिया, कवि दीपेन्द्र बुढालगायत थुप्रै स्रष्टाहरूले अभियान नै चलाउनुभएको रहेछ ।

मेरो रिहाइको माग गर्दै पाँच हजारभन्दा फेसबुक स्टाटसहरू लेखिएका रहेछन् । सयौँ अनलाइन मिडियाहरूले रिहाइका लागि समाचार सम्प्रेषण गरेका रहेछन् । हजारौँहजार शुभचिन्तक र मित्रहरूको यो साथलाई कहिल्यै भुल्न हुन्न भन्ने अनुभूति भएको छ । यहाँ सबैको नाम उल्लेख गर्न असमर्थ रहेँ । यो माया र सद्भावले मेरो कलम अझ तिखारिएको छ ।

म दैनिक गुजारा गरेर घरपरिवार चलाउने मान्छे । म हिरासतमा परेपछि मेरा बुबा, आमा, श्रीमती, छोराछोरी सबै निकै चिन्तित बन्नुभएको रहेछ । मेरा बुबा पोखरादेखि मलाई भेट्न आइपुग्नुभयो । साथमा हुनुहुन्थ्यो देवीलाल अङ्कल र भाइ सञ्जीव ।

तर पनि अप्ठ्यारो समय मान्छेहरू चिन्ने अवसर पनि त बन्दो रहेछ । केही अपेक्षा गरिएका मान्छेहरू, शुभचिन्तकहरूसँगको अपेक्षा निरर्थक बने भने केही अनपेक्षित मान्छेहरूको सद्भाव पाइयो । साथै अनलाइन खबर, लोकपाटीलगायत केही अनलाइन मिडियाहरू योजनाबद्ध तरिकाले भ्रामक समाचार सम्प्रेषण गर्न लागिपरेको पाइयो । त्यस्ता परिचालित मिडियाका वाहियात भ्रमले न म निराश छु, न त चिन्तित नै ।

हिरासतमा बसेको चार दिनपछि मेरा ससुरा बुबा अर्जुनकुमार बोहोराले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गर्नुभयो । त्यसमा अहोरात्र खटेर सहयोग गर्ने मेरा भाइ रवि पौडेल र अनिशा पौडेल धन्यवादका पात्र छन् । साथै मेरो कार्यालयका सहकर्मी जसलाई म मामा भनेर सम्बोधन गर्छु कैलालीका रघुनाथ उपाध्यायले पनि निकै सहयोग पुर्‍याउनुभयो । साथै म कार्यरत कम्पनी प्रोटोकल मरिन सर्भिसका निर्देशक, मेरा आदरणीय मामा देवीलाल चापागाईं र प्रोटोकल नेपाल प्रालिका निर्देशक सन्दिप श्रेष्ठ, एकाउन्टेन्ट नितिन सर, भाइ महेश अधिकारीलगायत सबैको सहयोग महत्वपूर्ण नै रह्यो । म हिरासतमा परेपछि मेरो तलब घरपरिवारसम्म पुर्‍याउन सहयोग गर्नुहुने आदरणीय मामा देवीलाल चापागाईलगायत सम्पूर्ण कार्यालय टिम धन्यवादका पात्र बन्नुभयो ।

अन्त्यमा मेरो रिहाइका पक्षमा बहस गर्नुहुने अधिवक्ताहरू वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखरेल, अधिवक्ता सन्तोष कोइराला, अधिवक्ता कान्तिराम ढुङ्गाना, अधिवक्ता चिरञ्जीवी ढकाल, अधिवक्ता नारायणप्रसाद तिवारी, अधिवक्ता शम्भुराज आचार्य र म निर्दोष रहेको फैसला गर्ने सर्वोच्च अदालतका माननीय न्यायाधीशद्वय मीरा खड्का र कुमार रेग्मी विशेष धन्यवादका पात्र हुनुन्छ ।

एघार दिन लामो हिरासत बसाइपछि अन्ततः सर्वोच्च अदालतले निर्दोष साबित गर्‍यो र म छुटेँ । छुटेपछि मैले मलाई पक्राउ गर्दा प्रहरीद्वारा जफत गरिएका मेरा करिब चार दर्जन किताब र केही कविताका डायरीहरू फिर्ता दिन प्रहरीसमक्ष अनुरोध गरेँ तर दुईचार दिनपछि आउनू भनेर भनियो । एउटा कलमजीवीसँग राज्य किन त्रसित छ ? दमनले अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनलाई निस्तेज पार्न सकिन्छ भन्ने सत्ताको बुझाइ हो भने त्यो भ्रमबाट सत्ता चलाउनेहरू मुक्त हुनुपर्छ किनकि संसारको कुनै पनि देशमा दमनले विद्रोहलाई रोक्न सकेको छैन । नेपालको हकमा पनि त्यही हो र त्यही हुनेछ । दमन, धरपकड, झूट्टा मुद्दा र यातनालाई चिर्दै अभिव्यक्ति स्वतन्त्रताको सङ्घर्ष अझ सशक्त हुनेछ, बन्नेछ ।

# 'वैज्ञानिक बनका नाममा भैरहेको बनआतङ्क रोक'

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरोले आफ्नो पार्टी र जनपरिषद्को सहमति र स्वीकृतिबिना कथित वैज्ञानिक बनका नाममा भइरहेको बन फडानी रोक्न सरोकारवाला निकाय, आमउपभोक्ता र स्थानीय पार्टीलाई अपिल गरेको छ । पार्टीका ब्युरो इन्चार्ज निर्माणले प्रेस विज्ञप्ति जारी गर्दै जनपरिषद्को स्वीकृतिबिना बन फडानी गर्ने दलाल राजनीतिककर्मी, कमिसनखोर कर्मचारी, नाफाखोर सामुदायिक बन समिति र बनमाफिया काठ व्यवसायीमाथि सत्ताले जनकारबाही गर्ने चेतावनी पनि दिएका छन् ।

ब्युरो इन्चार्ज निर्माणले कथित वैज्ञानिक बन व्यवस्थापनका नाममा गरिरहेको बन फडानीप्रति आफ्नो पार्टीको गम्भीर ध्यानाकर्षण भएको भन्दै नीतिगत र व्यावहारिक दुवै दृष्टिकोणले यो वैज्ञानिक बनका नाममा गरिएको दोहन अवैज्ञानिक भएको बताएका छन् । उनले आफ्नो पार्टीसँग सहमति भएको गलत प्रचार गरी कैलालीलगायत केही जिल्लामा जथाभाबी बन फडानी भइरहेको भन्दै केही दलाल राजनीतिककर्मी, कमिसनखोर कर्मचारी, नाफाखोर सामुदायिक बन समिति र बनमाफिया काठ व्यवसायीले जनताको सम्पत्तिको दुरुपयोग गरी कमाइखाने माध्यम बनाइरहेको विज्ञप्तिमा उल्लेख गरेका छन् । भविष्यमा वातावरणीय प्रभावमा पर्ने असरलाई रोक्नु सबैको दायित्व र कर्तव्य भएको भन्दै वैज्ञानिक बनका नाममा बन विनाश गर्ने कार्य जनविरोधी रहेको पनि ब्युरो इन्चार्ज निर्माणको विज्ञप्तिमा उल्लेख छ ।

# फागुन २८ गते कालो दिन

युवा सङ्गठन नेपालले नेकपामाथि सरकारले प्रतिबन्ध लगाएको दिन फागुन २८ गतेलाई कालो दिन घोषणा गर्दै सरकारी प्रतिबन्ध खारेजको घोषणा पनि गरेको छ । युवा सङ्गठनका राप्ती ब्युरो इन्चार्ज अनिलले युवाहरूलाई आवश्यकताअनुसार राष्ट्रिय युद्धका लागि तयार हुन पनि आह्वान गरेका छन् । साथै अनिलले गाउँ, सहरमा जनताका बीचमा विप्लव नेतृत्वको नेकपाले सञ्चालन गरेको ऐतिहासिक अभियानमा लाखौँ जनताको सहभागिता र जनताको आकर्षण देखेपछि सरकारले प्रतिबन्ध लगाएको बताएका छन् । जनताको विचारलाई दलाल, माफिया, भ्रष्ट, तस्कर, संसद्वादी र राष्ट्रघातीहरूको तुच्छ झुण्डले जनताको गतिविधि र विचार राख्ने मौलिक अधिकारलाई नै प्रतिबन्ध लगाएको उक्त कदमप्रति भर्त्सना गर्दै यसलाई खारेज गरेको पनि अनिलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा वर्तमान संसदीय व्यवस्थाबाट किसान, मजदुर, युवा, विद्यार्थी, उद्योगी, व्यापारी, कर्मचारी, बुद्धिजीवी, मानवअधिकारकर्मी सबैको भविष्य खतरामा परेको र ७० लाख युवाहरू विदेशी भूमिमा आफ्नो रगतपसिना बगाइरहेका बेलामा नेपालका शासकहरू युवाहरूको रगतपसिनामाथि लुटखसोट गर्ने ध्याउन्नमा लागेको कुरा उल्लेख छ । विज्ञप्तिमा भनिएको छ, 'नेपालमा रहने लाखौँ युवाहरू बेरोजगारका कारण लागूपदार्थ सेवनदेखि विकृति-विसङ्गतिपूर्ण जीवन जिउन बाध्य छन् । अर्कोतर्फ दिनानुदिन राष्ट्रघाती सम्झौता गर्न र साम्राज्यवादी मुलुकको गुलाम बनी आफ्नो शोभा बचाउन प्रयत्नशील छन् । अमेरिकी साम्राज्यवादी हिन्द-प्रशान्त रणनीतिअन्तर्गत मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) लाई जसरी पनि पास गर्ने र नेपाललाई दीर्घकालीन रूपमा सैन्य रणभूमि बनाउने कुचेष्टा गरिरहेका छन् । यी यस्ता सबै विषयहरूका विरुद्ध पार्टीको योजना र नेतृत्वमा जनताको बीचबाट प्रतिबन्धको बेवास्ता गरी जनतालाई सचेत गराउँदै जनताका तर्फबाट सङ्घर्ष गर्दागर्दै दाङ जिल्लालगायत दर्जनको हाराहारीमा बलिदानी भयो भने आदरणीय क. सुदर्शनलगायत सयौँ नेता-कार्यकर्ता अहिले पनि जेल र हिरासतमा यातनायुक्त दिनहरू बिताइरहेका छन् । दलाल पुँजीवादी संसदीय व्यवस्था र यसका सञ्चालक शासकहरू एकपछि अर्को गर्दै दर्जनौँ काण्डैकाण्डमा फस्दै जानु, नेपाली जनतालाई उत्पीडनको सिकार बनाउनु, राष्ट्रिय स्वाधीनता र राष्ट्रियतामाथि सङ्कट पैदा हुनु, जनता र सत्ताबीचको अन्तरविरोध अझै बढ्दै जानु, राष्ट्र र जनताको मुक्तिका आवाजहरू बोल्ने देशभक्त र क्रान्तिकारीहरूमाथि सामाजिक दलाल फासिवादीहरूले दमनको एकपछि अर्को षड्यन्त्रको तानाबाना बुन्दै जानु र यसको प्रतिरोध गर्दै क्रान्तिकारीहरू जनताका लागि आफ्नो जीवन नै बलिदान दिनु, जेल-हिरासतमा कमरेडहरू मोर्चाबद्ध, दृढ र आत्मविश्वासका साथ अविचलित भएर सङ्घर्ष गर्नु, आन्तरिक पार्टी जीवनमा सुदृढ र स्पातिला कम्युनिस्ट आचार, व्यवहार कायम रहनु, नेता कार्यकर्तामा आत्मबल, आत्मविश्वासका साथ उच्च मनोबल कायम रहनु, जनता र पार्टी, नेता-कार्यकर्ताबीच प्रगाढ सम्बन्ध तथा सङ्गठन निर्माण हुनु, नेपाली जनताको एक मात्र आशाको केन्द्र पार्टी र पार्टी नेतृत्व हुनुलगायत थुप्रै विषयले क्रान्तिकारी जनताका तर्फबाट फासिवादीहरूको कथित प्रतिबन्ध खारेज तथा अस्वीकृत भएको छ ।'

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम
नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

## नियमित

# सांस्कृतिक प्रतिरोध दिवस र प्रतिरोध संस्कृति



अशोक सुवेदी

सांस्कृतिक प्रतिरोध दिवस महान् जनयुद्धले जन्माएको नयाँ जनपर्व वा जनदिवस हो । सर्वहारा, श्रमिक-उत्पीडित वर्ग र देशको मुक्तिका लागि सचेत तप्काले फासिवादी सत्तासँग निर्भयपूर्वक लडेर बलिदान गरेको दिन हो सांस्कृतिक प्रतिरोध दिवस ।

जनयुद्धले जन्माएका वा स्थापना गरेका नयाँ पर्वहरूमा फागुन १ नयाँ वर्ष, फागुन १४-२१ सहिद सप्ताह, चैत ५ सांस्कृतिक प्रतिरोध दिवस, जेठ १३ बलिदान दिवस, साउन ३१ दोरम्बा हत्याकाण्ड स्मृति दिवस, पुस १९ बेथान वीरता दिवस मुख्य छन् । यी सबै बलिदान र प्रतिरोधले निर्माण गरेका दिवसहरू हुन् । यी सबै निरन्तर क्रान्तिसँग सम्बन्धित दिवस हुन् । यी दिवस आत्मसमर्पणवादी, दलाल, गद्दार र कायरहरूले होइन, क्रान्तिकारीहरूले मनाउने जनपर्वहरू हुन् । एकीकृत जनक्रान्तिले इतिहासका सबै विद्रोह, आन्दोलन, सङ्घर्ष, युद्ध र क्रान्तिहरूलाई क्रान्तिको बाँकी कार्यभार र ऊर्जाका रूपमा ग्रहण र आत्मसात गरेकाले यी पर्वहरू एकीकृत जनक्रान्तिका पर्व र दिवसहरू हुन् ।

जनयुद्धले तीव्र गति लिँदै गरेको समयमा काभ्रेको अनेकोटमा २०५५ साल चैत ५ गते तत्कालीन आततायी सत्ताले च्याङ्बा लामा, गुम्बसिंह तामाङ, मञ्जु कुँवर, निर्मला देवकोटा, चिनीमाया तामाङ, सुभद्रा सापकोटा, डम्बर श्रेष्ठसहित सातजना जनसंस्कृतिकर्मीलाई अमानवीय, क्रूर र बीभत्स तरिकाले हत्या गऱ्यो । हातमा सारङ्गी, मादल, गितार र हर्मोनियम लिएर जनताका बस्तीबस्तीलाई जगाउँदै हिँडेका संस्कृतिकर्मीहरूलाई तत्कालीन सत्ताका पहरेदार प्रहरीहरूले स्थानीय एमाले कार्यकर्ताको पोल र सुराकीको भरमा घर घेरेर आत्मसमर्पण गर्न उर्दी दिए । जनकलाकारहरूले आफ्नो विचार, इमान र धैर्य गुमाएनन्, प्रतिरोध गरिरहे । फासिवादी सत्ताका अनुचरहरूले कलाकार बसेको घरमा आगो लगाए । आगोको रापले कलाकारहरू तातिए, डामिए, पोलिए, गुम्सिए । बाहिरबाट एमालेको आवरणमा प्रहरीहरूले कलाकारहरूलाई आत्मसमर्पण गर्न उर्दी जारी गरिरहे । कलाकारहरूले मानेनन्, प्रतिरोध गरिरहे । आगोले जल्दै गरेको अवस्थामा कलाकारहरू वाद्यवादनका साधन, गीत र कविताका डायरीहरू बोकेर घेरा तोड्न लागे, कायर सत्ताका अनुयायीहरूले भँगेरा मारेझैँ गोली हानेर कलाकारहरूको हत्या गरे । सत्ताले आगो लगाउँदै गोली हानेर ज्यान लिँदा पनि कलाकारहरूले आत्मसमर्पण गरेनन्, सत्ताको फासिवादी चरित्रका विरुद्ध गीत गाइरहे, बाजा बजाइरहे, कविता वाचन गरिरहे, नारा लगाइरहे, प्रतिरोध गरिरहे । जनकलाकार र संस्कृतिकर्मीहरूले देखाएको प्रतिरोधको यो रूप अद्वितीय थियो । त्यसैले कुनै पनि आततायी शासनसत्ताका विरुद्धको सङ्घर्षका लागि यो नमुना प्रतिरोध सङ्घर्ष बन्यो । दुस्मनको कब्जामा पर्नासाथ नसोधेको प्रश्नको पनि उत्तर दिँदै दुस्मनको पाउमा आत्मसमर्पण गर्नेहरूका गद्दारहरूका लागि यो प्रतिरोधको उदाहरण कथा वा किंवदन्ती मात्र बन्न सक्छ तर यो सत्य हो, इतिहासले निर्माण गरेको कटुसत्य । क्रान्तिकारी आन्दोलनको इतिहासमा यो सत्य मुटुका धड्कनहरूमा अमिट भएर बसेको छ ।

निःशस्त्र कलाकारहरूलाई प्रतिक्रियावादी शक्तिसँग लड्ने यो ऊर्जा महान् जनयुद्धले प्रदान गरेको थियो । जनयुद्धले उत्पीडित, श्रमिक, सर्वहारा वर्गलाई मुक्त गर्छ भन्ने अटल विश्वास थियो क्रान्तिकारी संस्कृतिकर्मीहरूमा । मालेमावाद नै मुक्तिको एक मात्र दर्शन, विचार, राजनीति र कला हो भन्नेमा विश्वस्त थिए योद्धाहरू । यही विश्वासले अनेकोटमा कलाकारहरूलाई सत्ताको बर्बर दमन, आगो र गोलीसँग लड्नसक्ने शक्ति प्रदान गरेको थियो । यही शक्तिले नै मस्त बिस्टदेखि इच्छुक, अन्जान विरही, पुष्पराज चौधरी, शारदा श्रेष्ठ, चुनु गुरुङ, शिव श्रेष्ठ, हर्षबहादुर मल्ल 'प्रभात', रोहित कोइराला, देवकुमार आचार्य 'डी कौडिन्य', कौशिला तमु, दिलमाया बम्जन, रक्तिमलगायत एक सय ६० भन्दा बढी जनताका कलाकार, स्रष्टा, संस्कृतिकर्मीहरूलाई सत्ताको हत्यासंस्कृतिका विरुद्ध लड्न, प्रतिरोध गर्न र बलिदान गर्ने जोस, जाँगर, विश्वास, शक्ति र ऊर्जा प्राप्त भएको थियो । यो ऊर्जाले देशभर क्रान्तिकारीहरूमा प्रतिरोधी रक्तसञ्चार उत्पन्न भएको थियो । त्यसैले त्यो प्रतिरोध दिवसका रूपमा स्थापित बन्न सफल भएको थियो । जनताका छोराछोरीहरूको त्याग र बलिदान नयाँ पर्वका रूपमा विकसित भएको थियो ।

संसारमै मार्क्सवादी संस्कृतिकर्मी/स्रष्टाहरूले आततायी सत्ताका विरुद्ध प्रतिरोध सङ्घर्ष गरेको गौरवशाली इतिहास छ । स्पेनका क्रिस्टोफर कड्वेल, पन्जाबका कवि पाश, चेकोस्लाभियाका लेखक जुलियस फ्युचिक, सुब्बा कृष्णलाल अधिकारीदेखि इच्छुकसम्मका स्रष्टाहरूले तत्कालीन फासिवादी सत्ताका क्रूर यातना, दमनको प्रतिरोध गर्दै बलिदान दिएको गौरवशाली इतिहास हाम्रासामु साक्षी छ । यी उदाहरणहरू जनक्रान्तिका दस्तावेज मात्र होइनन्, प्रेरक हुन्, पूरा गर्न बाँकी सपना र कार्यदिशा हुन् ।

महान् जनयुद्धका क्रममा संस्कृतिकर्मी/स्रष्टाहरूले सामूहिक प्रतिरोध गर्दागर्दै बलिदानको कीर्तिमान कायम गरेको इतिहास हाम्रासामु छ । तिनै प्रतिरोधमध्ये अग्रस्थानमा पर्छ २०५५ साल चैत ५ गते काभ्रे अनेकोटमा भएको सातजना जनकलाकारको प्रतिरोध र बलिदान । २०५९ सालमा डोल्पाको माझफालमा, २०५६ सालमा अछामको डुंगलामा, २०६० सालमा विनायकमा, २०५६ सालमा रोल्पाको भाबाङमा र २०५८ सालमा गुम्चालमा, २०५६ सालमा कालीकोटको घोडेकोटमा संस्कृतिकर्मीहरूले तत्कालीन फासिवादी सत्तासँग नझुकी प्रतिरोध गर्दागर्दै सामूहिक रूपमा बलिदानलाई स्वीकार गरेका थिए । रामेछापको बेथानमा २०५३ सालमा दिलमाया बम्जनले र २०६० सालमा दोरम्बामा रक्तिमले पनि यसैगरी दुस्मनसँगको प्रतिरोधका क्रममा बलिदान दिएका थिए ।

भाबाङमा २०५६ साल असार ८ गते जलजला सांस्कृतिक परिवारका जनकलाकारहरू मङ्गलबहादुर बुढामगर, सुन्दर घर्तीमगर, दुर्गाबहादुर घर्तीमगर, दीपेन्द्र घर्तीमगर, शुक्रप्रसाद घर्तीमगर, लालबहादुर सार्की, कुमारी घर्तीमगर, गोविन्द घर्तीमगर र दिलकुमार बुढामगरले प्रतिरोध गर्दागर्दै बलिदान गरेका छन् । त्यसैगरी २०५६ सालमा डुङ्ला सामूहिक हत्याकाण्डमा गुम्बासिंह चलाउने, अम्मरबहादुर चलाउने, मदनबहादुर चलाउने, रामबहादुर चलाउने, टेके कामी, पदमबहादुर ढोली, ढाक्रे दमाई, भक्त बुढा र मानबहादुरले प्रतिरोधकै क्रममा बलिदान गरेका छन् । २०५६ सालमा कालीकोटको घोडेकोट हत्याकाण्डमा चुली सांस्कृतिक परिवारका मीनबहादुर बिस्टलगायत चारजना जनकलाकारले बलिदानको बाटो रोजेका छन् भने २०५७ साल साउनमा कालीकोटकै ओदानकुमा काञ्जिरोवा जनसांस्कृतिक परिवार जुम्लाका रमेश भट्टराई र तिलाकन्या खत्रीले प्रतिरोध गर्दागर्दै बलिदानलाई आत्मसात गरेका हुन् ।

२०५८ साल चैत ४ गते रोल्पाको गुमचाल हत्याकाण्डमा लिस्ने सांस्कृतिक परिवारका पार्वती परियार, बालसरी रोका, कृष्णे घर्तीमगर र दुर्गी बाँठामगरले बलिदानको बाटो रोजे । २०५९ साल भदौ ९ गते माझफाल हत्याकाण्डमा जुनी जनसांस्कृतिक परिवार जाजरकोटका जयन्ता घर्ती 'रमा', यामकुमारी खड्का 'शिशिर', नारायण शर्मा 'संदिप्त', सुनिल, नमुना, ललिता, प्रमोद र भिजनले सहादत प्राप्त गरे । २०६० साल मङ्सिर १८ गते अछामको विनायकमा नौरता चलाउने, नरबहादुर नेपाली, नेत्रबहादुर कठायत र प्रभुनाथ धिमालले प्रतिरोध गर्दागर्दै बलिदान गरे । बलिदानको शृङ्खला लामो छ, दस हजारभन्दा बढी । त्यस्तै बेपत्ताको शृङ्खला र घाइते-अपाङ्गताको शृङ्खला पनि लामो छ ।

यिनै प्रतिरोध र बलिदानको जगमा उभिएको छ नेकपाले सञ्चालन गरेको एकीकृत जनक्रान्ति । एकीकृत जनक्रान्तिकै क्रममा पनि ११ जना योद्धाहरूले बलिदानको बाटो रोजिसकेका छन् । मार्क्सवादी स्रष्टा एवम् चिन्तक सुदर्शन, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका अध्यक्ष माइला लामा, नेत्रीहरू बन्धु चन्द, भृकुटीलगायत स्रष्टाहरू यतिबेला केपी वली-प्रचण्ड सरकारको जेल र हिरासतमा बन्दी जीवन बिताइरहेका छन् । सहिदका शव र रगतमा टेकेर आएका प्रचण्ड, बाबुराम र रामहादुर थापाहरू आलोपालो सत्ता सञ्चालन गरिरहेका छन् तर उनीहरूले यो गौरवशाली इतिहास भुलेर इतिहासप्रति मात्र होइन, वर्तमान र भविष्यप्रति पनि गद्दारी गरेका छन् । प्रतिरोध दिवस र प्रतिरोध संस्कृतिले नै सहिद-बेपत्ता योद्धाहरूको प्रतिरोध चेतना र सपनालाई साकार पार्नेछ । त्यसका लागि एक मात्र विकल्प हो एकीकृत जनक्रान्ति । आउनुहोस् प्रतिरोधी चेतनाका वाहकहरू, फेरि प्रतिरोध गर्नु नपर्ने गरी अन्तिमपटक लडौँ यो फासिवादी सत्तासँग ।

# एनसेलको सिम तथा रिचार्ज कार्ड किनबेच नगर्न र वित्तीय संस्थाको ऋण नतिर्न नेकपाको आह्वान

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले राजस्वमारामा एनसेलको सिमकार्ड र रिचार्ज कार्ड किनबेच नगर्न-नगराउन, वित्तीय संस्थाको कुनै पनि ऋण नतिर्न र अबदेखि भ्रष्ट, नाफाखोर संस्थासँग कारोबार नगर्न आह्वान गरेको छ । नेपाल कम्युनिस्ट पार्टी कञ्चनपुरले प्रेस विज्ञप्ति जारी गरी यस्तो आह्वान गरेको हो ।

पार्टीका जिल्ला सेक्रेटरी रवि र इन्चार्ज सहदेवद्वारा मङ्गलबार जारी विज्ञप्तिमा भनिएको छ, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी स्थापनाकालदेखि राष्ट्र, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालमा अनवरत रूपमा निरन्तर सङ्घर्षरत रहेको सबैमा सर्वविदितै छ । जनताका जायज मागलाई लिएर निरन्तर सङ्घर्षरत हाम्रो पार्टीको लोकप्रियता देखेर त्रसित केपी-बादलको फासिवादी सरकारले गैरसंवैधानिक कथित प्रतिबन्ध लगाएको छ । यसका बाबजुद जनताको जनजीवन अस्तव्यस्त भइरहँदा हाम्रो पार्टीले करछली गर्ने भ्रष्ट संस्था एनसेल र जनताको समस्याको फाइदा उठाउँदै विभिन्न सेवासुविधाका नाममा चर्को ब्याज असुली गरिरहेका वित्तीय संस्थाका विरुद्ध निरन्तर सङ्घर्ष गरिरहेको कुरा आम जनसमुदायमा अवगत नै छ ।'

विज्ञप्तिमा भनिएको छ, 'आज यो विज्ञप्तिमार्फत यी करछली र ठगी गर्ने भ्रष्ट संस्था एनसेल र नाफाखोर वित्तीय संस्थाका कार्यालयहरू निजी घर, भवनहरूमा नराख्न र राखिएका कार्यालय तत्काल हटाउन आम जनसमुदायमा हार्दिक अनुरोध गर्दागर्दै हाम्रो अपिललाई बेवास्ता गरिएमा जनकारबाहीबाट हुन जाने क्षति सम्बन्धित घर, भवनहरूको जिम्मा सम्बन्धित व्यक्ति, समूह, संस्था स्वयम्ले लिने जानकारी गराउँदै यी भ्रष्ट संस्थासँग कारोबार गर्ने सम्बन्धित व्यापारी-व्यवसायीलाई एनसेलको सिमकार्ड र रिचार्ज कार्ड पनि किनबेच नगर्न-नगराउन र वित्तीय संस्थाको कुनै पनि ऋण नतिर्ने र अबदेखि यस्ता भ्रष्ट, नाफाखोर संस्थासँग कारोबार नगर्न पनि यसै प्रेस विज्ञप्तिमार्फत जानकारी गराउँछौँ ।'


## वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिले जान्नैपर्ने कुराहरु

१. आफूले सम्पर्क गरेको संस्था वैधानिक/इजाजतपत्र प्राप्त हो होइन, वैदेशिक रोजगार विभागको वेवसाइट बाट www.dofe.gov.np जानकारी लिएर मात्र यकीन गर्नुहोला ।
२. विभागको वेबसाइट www.dofe.gov.np भित्र 'वैदेशिक रोजगारीको खोजी' नामको लिङ्कभित्र गई आफूले जान चाहेको मुलुक, काम, तलब सुविधा तथा पठाउने कम्पनीको खोजी गर्न सकिन्छ । त्यसैगरी आफ्नो मोबाइलमा 'वैदेशिक रोजगारी' नामको एप्स डाउनलोड गरी सो मार्फत उपलब्ध रोजगारीका अवसरको जानकारी पाउन सकिन्छ ।
३. वैदेशिक रोजगारीमा जान श्रम स्वीकृतिकालागि अनिवार्य अनलाइन आवेदन दिनुपर्छ ।
४. व्यक्तिगत श्रम स्वीकृतिका लागि विद्युतीय पालो प्रणाली (e-Token System) प्रयोग गरी आफू अनुकुलको कार्यालय तथा मितिमा e-Token लिएर मात्र जान सकिन्छ । कहिले पालो आउला भनेर अनिश्चित हुनुपर्दैन ।
५. श्रम स्वीकृति प्रयोजनको लागि अनलाइन फाराम भर्दा अनिवार्य रुपमा कामदार वा निजको नजिकका नातेदारको बैंक खाता (Bank A/C) भर्नुपर्छ ।
६. वैदेशिक रोजगारीका लागि अन्तरवार्ताबाट छनौट भइसकेपछि मात्र भिषा लगाउने प्रयोजनका लागि इजाजतपत्रवाला संस्थालाई आफ्नो पासपोर्ट बुझाई सोको भरपाई लिनुपर्छ । त्यतिबेलै लाग्ने खर्चका बारेमा पनि राम्ररी जानकारी लिनुपर्छ ।
७. अन्तिम श्रम स्वीकृतिको जानकारी तुरुन्तै आफ्नो मोबाइलमा SMS Alert मार्फत पाइन्छ । त्यसैले फाराम भर्दा अनिवार्य रुपले आफ्नो मोबाइल नम्बर राख्नुहोला ।
८. मोबाइलबाट PP (Passport no) टाइप गरी 34001 मा SMS गरेर पनि अन्तिम श्रम स्वीकृतिको जानकारी पाउन सकिन्छ ।
९. अन्तिम श्रम स्वीकृतिको निस्सा (e-sticker) आफ्नो इमेल ठेगानामा प्राप्त हुने तथा आवश्यकता अनुसार प्रिन्ट गरी लिन सकिन्छ । त्यसैले इमेल ठेगाना र पासवर्ड सुरक्षित राख्नुहोला ।
१. शून्य लागत वा सरकारले तोकेको अवस्थामा तोकिए भन्दा बढी सेवा शुल्क तिर्नु पर्दैन । एजेण्टको कुराका भ्रममा नपर्नुहोला ।
११. न्यूनतम् सेवा तिर्नु परेको अवस्थामा अन्तिम श्रम स्वीकृति पाएको जानकारी प्राप्त भएपछि मात्र दिनुपर्छ ।
१२. शुल्क तिरेको प्रमाण रहने गरी बैंक मार्फत वा संस्थाको आधिकारिक व्यक्तिलाई पैसाको रसिद लिएर मात्र दिने र प्रमाण सुरक्षित राख्ने गर्नुपर्छ ।
१३. कुनै पनि एजेण्ट मार्फत वैदेशिक रोजगारी सम्बन्धमा कुनै कारोबार गर्नुहुँदैन । "एजेण्ट" भनिएका व्यक्तिहरु कानुनी रुपमा अवैध हुने हुनाले त्यस्ता व्यक्तिहरुको जानकारी विभाग वा नजिकको प्रहरी कार्यालयलाई दिनुपर्छ ।
१४. वैदेशिक रोजगारी सम्बद्ध ठगी वा कुनै गैरकानुनी कार्य उपर नजिकको प्रहरी कार्यालय मार्फत समेत उजुरी दिन सकिनेछ । ठगिएको अवस्थामा नजिकको प्रहरी चौकी वा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिनुहोला ।
१५. कुनै उजुरी/गुनासो भएमा मन्त्रालयको कल सेन्टरको नं. १६६००१५०००५ तथा विभागको टोल फ्री. नं. १६६००१०९९९९ मा फोन गरी टिपाउन सकिन्छ ।
१६. वैदेशिक रोजगारीमा जानु अघि कुनै द्विविधा भए वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्न सक्नुहुनेछ ।
१७. उडान हुनुभन्दा कम्तीमा दुई दिन अगावै श्रम स्वीकृति लिइसक्नुहोला । श्रम स्वीकृति पछि करारपत्र लगायतको पुनः अध्ययन गरी कागजातहरु एकप्रति आफ्ना नातेदारलाई छाड्नुहोला ।
१८. सीप सिकेर जानेहरुलाई कम्पनीमा राम्रो तलब, आवास र अन्य सुविधा हुन्छ । त्यसैले सीप सिक्नमा लगानी गर्नु भनेको आफैमा लगानी गर्नु हो । जनचेतनाका लागि विभागले तयार पारेको "**धनिरामको उडान**" लघुचलचित्र यूट्यूबमा हेर्न सक्नुहुन्छ ।

नेपाल सरकार
**वैदेशिक रोजगार विभाग**
काठमाडौं








निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ